# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

# प्रदेश नं. १




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# प्रदेश नं. १

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

*Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।
(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।
(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

## प्रदेश नं. १


सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ
ओखलढुङ्गा
खोटाङ
भोजपुर
तेह्रथुम
पाँचथर
धनकुटा
इलाम
उदयपुर
सुनसरी
मोरङ
झापा

# नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या : २०७६।७७
च.नं.: ६१

मिति : २०७७।०३।३१

**विषयः वार्षिक प्रतिवेदन**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
प्रदेश नं. १, बिराटनगर, मोरङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश नं. १ को आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक


फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **प्रदेश सञ्चित कोष** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **परिच्छेद १:** | **लेखापरीक्षण गरिएका निकायको विवरण** | १ |
| **परिच्छेद २:** | **लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति** | ४ |
| **परिच्छेद ३:** | **मन्त्रालय र निकायगत व्यहोरा** | ९ |
| | १. प्रदेश सभा सचिवालय ........................................ | ९ |
| | २. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........................................ | ११ |
| | ३. आर्थिक मामिला तथा योजना मन्त्रालय ........................................ | १३ |
| | ४. आन्तरिक मामिला तथा कानुन मन्त्रालय........................................ | १८ |
| | ५. उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय ........................................ | २१ |
| | ६. भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ........................................ | २७ |
| | ७. भौतिक पूर्वाधार विकास मन्त्रालय ........................................ | २८ |
| | ८. सामाजिक विकास मन्त्रालय ........................................ | ३९ |
| | ९. प्रदेश योजना आयोग ........................................ | ४३ |
| | १०. मुख्य न्यायाधिवक्ताको कार्यालय ........................................ | ४४ |
| **परिच्छेद ४:** | **प्रतिवेदन कार्यान्वयनको स्थिति**........................................ | ४५ |
| **परिच्छेद ५:** | **सुधारका क्षेत्रहरु** ........................................ | ४६ |
| | **अनुसूचीहरु** ........................................ | ४९ |
| | **तस्बिरहरु**........................................ | ७० |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै संघीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । महालेखापरीक्षकले लेखापरीक्षण ऐन, २०७५ तथा अन्य प्रचलित कानूनको आधारमा लेखापरीक्षण गरी त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरण उपर राय सहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ ।

नेपालको संविधानको धारा २९४(३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) बमोजिम उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने व्यवस्था छ । उल्लेखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छु । प्रदेश सभामा पेश भएको लेखापरीक्षण प्रतिवेदन प्रदेश सभा नियमावली वमोजिम प्रदेश सार्वजनिक लेखा समितिमा छलफलको व्यवस्था गरी कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु ।

यो प्रतिवेदन तयार गर्दा नेपालको संविधान, लेखापरीक्षण ऐन, अन्य संघीय तथा प्रदेश कानूनहरु र महालेखा परीक्षकले जारी गरेका निर्देशनहरु र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन(इन्टोसाई) द्वारा प्रतिपादित मानदण्डहरु र अन्य अन्तर्राष्ट्रिय असल अभ्यासहरु समेत अनुसरण गर्दै वस्तुनिष्ठ हुने गरी तयार गरिएको छ । लेखापरीक्षणको क्रममा म स्वयंले माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु तथा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षहरुसँग आवश्यक छलफल गरेको छु । छलफलबाट प्राप्त राय सुझाव एवं सूचना बमोजिम लेखापरीक्षणको गुणस्तरीयताको अभिवृद्धि गरी परिणाममुखी एवं उद्देश्यमूलक बनाउने प्रयास गरेको छु ।

यस वर्ष प्रदेश अन्तरगतका निकायबाट कानूनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोवारको स्थिति, सार्वजनिक सम्पत्ति र श्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित ७ मन्त्रालय, प्रदेशसभा सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत २०० निकायको रु ३४ अर्व ६६ करोड ४९ लाखको लेखापरीक्षण सम्पन्न भएकोमा रु. १ अर्व ६७ करोड ३९ लाख बेरुजू कायम भएको छ । यो बेरुजू कुल लेखापरीक्षण अङ्कको ४.८२ प्रतिशत हुन आउँछ ।

प्रदेश अन्तर्गतका कार्यालयहरुको लेखापरीक्षणबाट मुख्य रुपमा वजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्ने, पदाधिकारी तथा कर्मचारी सुविधा र सहायता वितरण जस्ता अनुत्पादक खर्च नियन्त्रण गर्नुपर्ने, सार्वजनिक सम्पत्तिको लगत अद्यावधिक गर्नुपर्ने, आर्थिक कारोवारको लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली समयबद्ध गर्नुपर्ने, आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण प्रणाली प्रभावकारी बनाई वित्तीय जवाफदेहिता स्तरमा सुधार गर्नुपर्ने देखिएको छ । त्यसै गरी कतिपय आवश्यक कानून निर्माण गर्न र संगठन व्यवस्था गर्न बाँकी रहेको, प्रदेशस्तरमा सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्न बाँकी रहेको, नीति, मापदण्ड एवं कार्यविधि पर्याप्तरुपमा तयार नभएको र संगठन व्यवस्था र दरवन्दी बमोजिम जनशक्ति पदपूर्ति नभएकोले प्रदेश सरकारबाट प्रवाहित सेवा प्रभावकारी बनाउन उल्लिखित विषयमा थप सुधार गर्नुपर्ने जस्ता व्यहोरा देखिएका छन् ।

त्यसैगरी विकास निर्माण तर्फ योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तह बीच समन्वय गरी एउटै भौगोलिक स्थानका एकै प्रकृतिका कार्यक्रमहरु तीनै तहबाट सम्पादन भई दोहोरो पर्ने, खप्टिने तथा टुक्रिने कार्य नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनाको छनौट नगर्ने, बजेट र खर्च प्रकृया सुनिश्चित नगरी काम गर्नाले भुक्तानीमा समस्या आएको,उपलब्धि सुनिश्चित गरेर मात्र संस्थागत अनुदान र सहायता जस्ता कार्यक्रमहरुमा बजेट परिचालित गर्नुपर्ने, अनुदानको अनुगमन संयन्त्र बनाउने, सार्वजनिक खरिद ऐनको पूर्णपालना गरी खरिद कार्य

प्रतिस्पर्धी र मितव्ययी बनाउने, उपभोक्ता समितिहरुबाट जटिल प्रकृतिका निर्माण कार्यहरु गर्न रोक्नुपर्ने, तोकिए बमोजिम जनसहभागिता जुटाउनु पर्ने र दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यकम तर्जुमा गर्नुपर्ने देखिएको छ ।

प्रदेश सरकारको बजेट तर्जुमा गर्दा मध्यकालीन खर्च संरचना, आवधिक योजना र कार्यक्रमसँग तालमेल हुनेगरी कार्यसम्पादनमा आधारित बजेट प्रणाली अवलम्बन गर्नुपर्दछ । वितरणमुखी र अनुत्पादक खर्चमा नियन्त्रण गर्दै एकीकृत कार्यालयको अवधारणा अनुसार सीमित संख्याका कार्यालयबाट कार्यसम्पादन गर्ने व्यवस्था गर्नुपर्दछ । प्रभावकारी अनुगमन, सार्वजनिक खरिद ऐन लगायतका कानुनको परिपालना, आन्तरिक नियन्त्रण प्रणालीको स्थापना र प्रभावकारी आन्तरिक लेखापरीक्षण मार्फत वित्तीय अनुशासनको प्रवर्द्धन गर्नुपर्दछ । प्रदेशस्तरबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामञ्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । स्वीकृत ढाँचामा प्रदेश तहको सञ्चितकोष हिसाब तयार गर्ने एवं प्रदेशले स्थानीय तहको समेत चौमासिक आयव्यय विवरण सङ्कलन गरेर एकीकृत विवरण तयार गरी संघीय अर्थ मन्त्रालयमा पठाउने व्यवस्था हुनुपर्ने देखिएको छ । सेवा प्रवाहको मापदण्डहरु तर्जुमा गरी नियमित अनुगमन गर्नुपर्दछ ।

संघीय प्रणालीमा प्रदेशस्तरमा सार्वजनिक श्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई नमूनाको रुपमा सञ्चालन गर्ने अवसर प्राप्त भएको छ । यद्यपि वित्तीय श्रोत तथा जनशक्तिको अभावका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिदैन । प्रदेशमा समृद्धि र सुशासनको उद्देश्य हासिल गर्न उर्जा, कृषि, पर्यटन, उद्योग, वन, शिक्षा, खानेपानी र भौतिक पूर्वाधार लगायतका क्षेत्रहरुमा समावेश भएका प्रतिवेदनका व्यहोरा र सुझावबाट प्रदेशस्तरको शासकीय व्यवस्था र विकास निर्माण कार्य सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

प्रदेश तहको संरचनाले संघ र स्थानीय तहबीच समन्वय कायम गरी प्रदेश सरकारका आर्थिक क्रियाकलापमा वित्तीय अनुशासन कायम गर्न र उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह र रोजगारी सिर्जना जस्ता कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने छ । साथै संघीय सरकारको अनुदान प्रतिको निर्भरतालाई क्रमशः घटाउदै नेपालको संविधान बमोजिम आफ्नो कार्य क्षेत्रभित्र परेका श्रोत साधन मार्फत आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, माननीय प्रदेश सभाका सभामुख तथा उपसभामुखज्यू र प्रदेश सभा सदस्यज्यूहरु लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा नागरिक समाज र सञ्चारकर्मीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, कोरोना भाइरसको महामारीको वावजूद अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७
च.नं. : ६८

मिति : २०७७।०३।३०

श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
प्रदेश नं. १, विराटनगर, मोरङ ।

**विषय : प्रदेश सञ्चितकोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले प्रदेश नं. १ प्रदेश सञ्चित कोषको आर्थिक वर्ष २०७५।७६ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससङ्ग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु (**अनुसूची-१४**) को लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससङ्ग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधि र बित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन :

१. प्रदेश सञ्चित कोषको स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छैन ।

२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु. १ अर्ब ६७ करोड ३९ लाख ३६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४ करोड ५१ लाख ७१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५३ करोड १३ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु. १९ करोड २९ लाख ६२ हजार र पेश्की बाँकी रु. ९० करोड ४४ लाख ७ हजार रहेको छ ।

३. प्रदेश सरकारले स्थिर सम्पतीको अवस्था आर्थिक बिबरणमा खुलासा गरेको छैन । सम्पतीको बिस्तृत बिबरण खुलासा नगरेको कारण मुल्याङ्कन गर्न सक्ने अवस्था रहेन । सम्पतीको मुल्यांकनका आधार समेत स्पष्ट छैन ।

४. प्रदेश सरकारको लागि रु. ६ अर्ब ६१ करोड ३ लाख समानीकरण अनुदान प्राप्त भएको मध्ये रु.३ अर्ब ६६ करोड ६२ लाख ४४ हजार खर्च भै रु. २ अर्ब ९४ करोड ४० लाख ५६ हजार प्रदेश सञ्चित कोषमा बाँकी रहेको छ ।

५. संघिय सरकारबाट प्रदेश सरकारको लागि रु. १० अर्ब ५४ करोड ७३ लाख ५६ हजार सर्शत अनुदान, रु. ६८ करोड समपुरक अनुदान र विशेष अनुदान रु ६५ करोड ७१ लाख ६ हजार समेत रु. ११ अर्ब ८८ करोड ४४ लाख ६२ हजार अनुदान प्राप्त भएकोमा बर्षान्तसम्म खर्च हुन नसकी रु ४ अर्ब ६२ करोड ८ लाख ४४ हजार बचत रहेको छ । उक्त रकम संघीय संचितकोषमा फिर्ता हुनुपर्ने देखिन्छ ।

६. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ अनुसार बाँडफाँट गर्नुपर्ने सवारी साधन कर संकलन तथा वन रोयल्टी वापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्ने र सो मध्ये ६० प्रतिशत प्रदेश संचित कोषमा र

४० प्रतिशत संघीय संचितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । विभाज्यकोषमा रहेको सवारी साधन तर्फ रु ३ करोड ६९ लाख ७३ हजार मौज्दात रकमको बाँडफाँट गरेको छैन ।

७. प्रदेश र स्थानीयतह बीच बाँडफाँड हुने राजस्व जम्मा हुने गरी खडा गरिएको प्रदेश बिभाज्य कोषको बेग्लै देखिने गरी हिसाब तयार गरेको देखिएन । अन्तर सरकारी बित्त व्यवस्थापन ऐन बमोजिम स्थानीय विभाज्य कोषबाट प्रदेश संचित कोषमा पठाएको हिसाबको अध्यावधिक विवरण समेत तयार भएको पाइएन ।

८. प्रदेश सरकारको श्रोतबाट समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान तथा अन्तर सरकारी वित्तीय अनुदान रु. ३ अर्व ६५ करोड ३० लाख ८६ हजार १३७ स्थानीय तहलाई हस्तान्तरण गरेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७६ आषाढ मसान्त सम्मको सम्बन्धित स्थानीय तह अनुसार वास्तविक खर्च तथा फिर्ता गर्नुपर्ने रकम भिडान नगरी हस्तान्तरण गरेको सबै रकमलाई खर्चमा खुलासा गरेको छ। यथार्थ खर्चको विवरणको आधारमा फिर्ता गर्नुपर्ने रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेमा गरेको देखिएन ।

९. प्रदेश संचित कोषले देखाएको प्राप्ती तथा भुक्तानी विवरणमा प्रदेशको आन्तरिक श्रोत हिसाब मध्ये रु. २ करोड ७६ लाख ९७ हजार साट्न बाँकी चेक रहेकोमा पुनः आय लेखाङ्कन गरी हिसाब मिलान भएको देखिएन ।

१०. प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको एकीकृत प्रदेश धरौटी हिसाबमा श्रेस्ता तथा कोष बीच रु. १ करोड २१ लाख ५१ हजार फरक परेकोमा हिसाब मिलान नभएको अवस्था छ। त्यस्तै विविध तर्फको एकीकृत हिसाबमा लेखा हिसाव र बैंक बीच रु. १ लाख ३३ हजार फरक परेको हिसाब समेत मिलान भएको छैन ।

११. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग,बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । संञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ । प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरु प्रदेश संञ्चितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईश्वर नेपाल)
उप-महालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्न लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषय सुनिश्चत गर्न लेखापरीक्षणको अन्य उद्देश्य रहेका छन्।

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापनमा प्रर्याप्त व्यवस्था गरेको,
- सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग र प्रदेश कार्यालयसमेत २०० निकायको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत प्रयोग गरिएको छ।

४. **पद्धति -** लेखापरीक्षण ऐन २०७५, अनुसरण गरी लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गर्दा जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण संकलन गर्न आवश्यकता अनुसार नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरिएको छ। लेखापरीक्षण योजना तथा कार्यक्रमको पूर्व जानकारी लेखाउत्तरदायी अधिकृतलाई गराइएको थियो। यस अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायवाट प्राप्त जवाफ प्रतिकृयासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ।

लेखापरीक्षणको क्रममा लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख, लेखा प्रमुख, नागरिक समाज सम्बद्ध संस्था, सञ्चारकर्मीबीच अन्तर्क्रिया र छलफल गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको यसैगरी प्राविधिक लगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञ तथा विशेषज्ञ नियुक्ति गरी लेखापरीक्षणमा संलग्न गराइएको छ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने नेपालको संविधानको धारा २९४ (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा ५ परिच्छेद तथा १४ अनुसूची रहेका छन्। परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति, परिच्छेद ३ मा मन्त्रालय र निकायगत व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ।

# परिच्छेद – १
# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

(रु. हजारमा)

| क्र.सं. | लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम |
|---|---|---|---|
| १ | सरकारी कार्यालय | १८४ | ३३८०५४९८ |
| २ | अन्य संस्था र समिति | १६ | ८५९३९९ |
| | **जम्मा** | **२००** | **३४६६४८९७** |

यो वर्ष प्रदेश मातहत १८४ सरकारी निकायको रु.३३ अर्व ८० करोड ५४ लाख ९८ हजार र समिति तथा अन्य संस्था १६ को रु. ८५ करोड ९३ लाख ९९ हजार समेत रु. ३४ अर्व ६६ करोड ४८ लाख ९७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका निकायहरुको विवरण **अनुसूची-१ (क), २ र ३** मा उल्लेख छ।

१. **सरकारी निकाय –** यो वर्ष प्रदेश मातहतका १८४ निकायको विनियोजन/राजस्व/धरौटी र अन्य अन्य कारोवार तर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु. हजारमा)

| क्र.सं. | कारोबार | रकम |
|---|---|---|
| १. | विनियोजन | २१२०२९२९ |
| २. | राजस्व | १०८८२२१३ |
| ३. | धरौटी | ९८६८३६ |
| ४ | अन्य कारोवार | ७३३५२० |
| | **जम्मा** | **३३८०५४९८** |

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची २** मा उल्लेख छ।

२. **समिति र अन्य संस्था -** यो वर्ष १६ समिति र अन्य संस्थाको रु.८५ करोड ९३ लाख ९९ हजारको लेखापरीक्षण गरिएको छ। बिस्तृत विवरण **अनुसूची-३** मा उल्लेख छ। लेखापरीक्षणबाट देखिएका प्रमुख ब्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेस छ।

३. **लेखापरीक्षण कार्यविधि –** यो वर्ष प्रदेश मातहतका निकायहरुको लेखापरीक्षणमा जोखिम विश्लेषणसहितको विस्तृत लेखापरीक्षण कार्यविधि तथा संक्षिप्त लेखापरीक्षण कार्यविधि अवलम्बन गरी सम्पन्न गरिएको छ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयन स्थिति**

४. **प्रदेश बजेट तथा खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु. हजारमा)

| शीर्षक/क्षेत्र | २०७५।७६ को | | |
|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु | १६६७२६५६ | ९७६४२५३ | ५८.५६ |
| पुँजीगत | २१८१९८८३ | ११४३८६७६ | ५२.४२ |
| **जम्मा** | **३८४९२५३९** | **२१२०२९२९** | **५५.०८** |

५. **खर्चको स्थिति –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल लेखापरीक्षण रकमको विवरण **अनुसूची २** मा समावेश छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार निकायगत खर्चको विवरण निम्नानुसार छः :

(रु. हजारमा)

| सि.नं. | निकाय | वजेट | | यथार्थ खर्च | |
|---|---|---|---|---|---|
| | | चालु | पूँजिगत | चालु | पूँजिगत |
| १. | प्रदेश सभामुख र उपसभामुख | ३०५५ | ० | २३८० | ० |
| २. | प्रदेश सभा सचिवालय | २४९०९१ | ७२१६५ | १५०९७० | ११११७५ |
| ३. | मुख्य न्यायधिवक्ताको कार्यालय | १२१८७ | १०१९९ | ९१७८ | ९९७३ |
| ४. | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय | १४००९१ | १६९२४० | ६८६१३ | ४६१३० |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ४०२७९२४ | ५११५६१ | १२६२२५ | ५४४८५ |
| ६. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४६९००३ | ८२१४९५ | ८८३७१ | ५९२०६६ |
| ७. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | २१५७८१६ | ९७०६०४ | १३०९३३३ | १०१६८९१ |
| ८. | भूमी व्यवस्था कृषि तथा  सहकारी मन्त्रालय | ३४७७०५९ | २६८८४१ | १२८११२० | २०३११२ |
| ९. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५४४०६९ | १५७५६०३९ | ३८१०४८ | ८५८७१५७ |
| १०. | सामाजिक विकास मन्त्रालय | ३४३८५६० | २६३१२३ | २६८३१५५ | ७९१३८५ |
| ११. | प्रदेश योजना आयोग | ३४४४० | ३१६६० | १०७७५ | २६३०१ |
| १२. | अन्तर सरकारी वित्त हस्तान्तरण (स्थानीय तह) | २५००००० | ० | ३६५३०८६ | ० |
| **जम्मा** | | **१७०५३२९५** | **१८८७४९२७** | **९७६४२५४** | **११४३८६७५** |

६. **स्रोतगत खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु. हजारमा)

| स्रोत | २०७५।७६ को | | अनुमानको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | |
| **संघीय सरकार तर्फ** | **१८४९४७६२** | **१०९४६१२७** | **५९.१९** |
| समानीकरण अनुदान | ६६१०३०० | ३६६६२४४ | ५५.४६ |
| सशर्त अनुदान | १०५४७३५६ | ६२१२११३ | ५८.८९ |
| समपूरक अनुदान | ६८०००० | ५५२३५९ | ८१.२२ |
| विशेष अनुदान | ६५७१०६ | ५१५४११ | ७८.४३ |
| **प्रदेश सरकार तर्फः** | **१९९९७७७७** | **१०२५६८०२** | **५१.२९** |
| **जम्मा** | **३८४९२५३९** | **२१२०२९२९** | **५५.०८** |

६.१. आर्थिक वर्ष २०७५।७६ मा प्रदेश सरकारको कुल खर्चको ५१.६२ प्रतिशत संघीयसरकारबाट हस्तान्तरण भई आएको अनुदान र प्रदेश सरकारको श्रोत तर्फ ४८.३८ प्रतिशत रहेको छ।

६.२. यो वर्ष चालुतर्फ रु. ९ अर्ब ७६ करोड ४२ लाख ५४ हजार खर्चमध्ये सञ्चित कोषमाथि व्ययभार भएको खर्च रु.२३ लाख ८० हजार रहेको छ।

६.३. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ अनुसार बाँडफाँट गर्नुपर्ने सवारी साधन तथा वन रोयल्टी वापतको रकमको प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्ने र सो मध्ये ६० प्रतिशत प्रदेश संचित कोषमा र ४० प्रतिशत संघीय संचितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। विभाज्यकोषमा रहेको सवारी साधन तर्फ रु ३ करोड ६९ लाख ७३ हजार मौज्दात रकमको बाँडफाँट गरेको छैन।

६.४. कार्यसंचालन कोषमा गत बर्षको मौज्दात रकम रु.८६ लाख २ हजार रहेकोमा यस बर्ष रु.७२ करोड ४९ लाख १८ समेत रु. ७३ करोड ३५ लाख २० हजार रहेकोमा रु.५२ करोड ९१ लाख ४८ हजार खर्च भई रु.२० करोड ४३ लाख ७२ हजार मौज्दात रहेको छ। स्रेस्ता र प्रदेश लेखा नियन्त्रक कार्यालयको हिसावमा रु. ११ लाख १९ हजार फरक देखिएको छ।

७. **राजस्व असुली –** प्रदेश सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन रहेको छ। प्रदेश विनियोजन ऐन, २०७५ अनुसार यो वर्षको लागि राजस्व तर्फ रु. १२ अर्ब ८४ करोड ९० लाख प्राप्त हुने अनुमान गरेकोमा रु. १० अर्ब ८८ करोड २२ लाख प्राप्त भई अनुमानको तुलनामा ८४.६९ प्रतिशत असूल

भएको छ । आर्थिक वर्ष २०७५।७६ मा प्रदेश सरकारले प्राप्त गरेको राजश्व तथा आयको विवरण निम्न अनुसार छ :

(रु. हजारमा)

| शीर्षक | राजस्व संकेत | राजश्व असुली | असुली प्रतिशत |
|---|---|---|---|
| कर राजश्व | ११००० | ८१३१७९७ | ७४.७२ |
| अन्य राजश्व | १४००० | १२१५२५१ | ११.१६ |
| बेरुजु | १५१०० | २३४७८ | ०.२१ |
| बाडँफाडँ हुने राजश्व | ३३१०० | १५११६८७ | १३.८९ |
| **जम्मा** | | **१०८८२२१३** | **१००.००** |

२०७५।७६ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको १२ अर्ब ८४ करोड ९० लाख १४ हजार कर तथा गैर कर उठाउने प्रस्ताव गरेकोमा रु. १० अर्ब ८८ करोड २२ लाख १३ हजार अर्थात अनुमानको ८४.६९ प्रतिशत राजस्व प्राप्त भएको छ ।

८. **वित्तीय हस्तान्तरण -** आर्थिक बर्ष २०७५।७६ मा प्रदेश संचित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्न छ: (रु. हजारमा)

| श्रोत | बजेट रकम | निकासा रकम | निकासा प्रतिशत |
|---|---|---|---|
| समानीकरण अनुदान | ५००००० | ४९९९९९ | १३.६८ |
| अन्तर सरकारी वित्तीय अनुदान | ० | ० | ० |
| सशर्त अनुदान | ३२३९०४७ | ३१५३०८७ | ९७.३४ |
| विशेष अनुदान | ० | ० | ० |
| **जम्मा** | **३७३९०४७** | **३६५३०८६** | **१००** |

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो बर्ष १३७ स्थानीय तहमा रु.३ अर्ब ६५ करोड ३० लाख ८६ हजार हस्तान्तरण गरेको छ । हस्तान्तरित अनुदान मध्ये सशर्त अनुदानको रकम ९७.३४ प्रतिशत रहेको छ ।

९. **संघीय कार्यालयलाई अख्तियारी -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माणका सेवा प्रवाहका कार्य अगाडि बढाउनु पर्नेमा प्रदेशले विनियोजन गरेको बजेटबाट संघीय सरकारका कार्यक्रम संचालन गर्न बजेट अख्तियारी दिएको र संघीय कार्यालयहरुले पूँजीगत खर्चमा रु. ३९ करोड २ लाख २८ हजार खर्च गरेका छन् । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु सम्बन्धित कार्यालयमा उपलब्ध गराएकोले प्रदेशको आयव्ययको कारोबारमा समावेश गरेको छ । यसको विवरण **अनुसूची-१२** मा छ ।

१०. **छलफल र अन्तरक्रिया -** महालेखापरीक्षकको २०७५।७६ को लेखापरीक्षणको सिलसिलामा २०७६।८।१२ र १३ गते प्रदेश नं १ का प्रदेश प्रमुख, सभामुखसँग भेटघाट गरी प्रदेशका सम्पूर्ण निकायको आर्थिक अनुशासन कायम गरी विकास र सुशासन प्रवर्द्धन गर्ने तर्फ भएको प्रयासका सन्दर्भमा छलफल भएको थियो । सोही अवसरमा प्रदेश मन्त्रिपरिषद्का सदस्यहरु तथा सचिवहरुसँग संघीय संरचनामा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमार्फत सार्वजनिक सेवा प्रवाहको सुधार सम्बन्धमा महालेखापरीक्षकले सुझाव प्रस्तुत गर्नु भएको थियो । मुख्यमन्त्री तथा प्रदेश मन्त्रालयका सचिव तथा मन्त्रीबाट लेखापरीक्षणको सम्बन्धमा राखेका जिज्ञासा सम्बन्धमा छलफल भएको थियो ।

त्यसैगरी जिल्ला समन्वय समितिका प्रमुख तथा प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा मोरङ जिल्ला स्थित सबै स्थानीय तह, सरकारी निकायका कार्यालय प्रमुख र लेखा प्रमुखको अन्तरक्रिया कार्यक्रम आयोजना गरी मुलुक संघीयतामा गएपछि सांगठनिक संरचनामा भएको परिवर्तनपश्चात निकायको सेवा प्रवाह, कार्यसम्पादन स्थिति, बेरुजू फछ्र्यौट र स्थानीय तहका जनप्रतिनिधिलाई आर्थिक प्रशासन, वित्तीय अनुशासन र जवाफदेहिताका सम्बन्धमा महालेखापरीक्षकबाट ध्यानाकर्षण गराइएको थियो ।

# परिच्छेद – २

# लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २ ले प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ । प्रदेश कार्यालय, समिति र अन्य संस्थाहरुले उपर्युक्त परिभाषा बमोजिम बेरुजू ठहरिने, असूल फछ्र्यौट गर्नुपर्ने तथा कारबाही गर्नुपर्ने अध्यावधिक रकम देहायअनुसार रु.१ अर्व ६९ करोड ६१ लाख रहेको छः । यस सम्बन्धि विवरण **अनुसूची - ११** मा उल्लेख छ ।

(रु. हजारमा)

| क्र.सं. | विवरण | गत वर्ष सम्मको | यो वर्षको थप | जम्मा बेरुजु रकम |
|---|---|---|---|---|
| १. | प्रदेश सरकारी निकायको बेरुजू | २२१९३ | १६६८९८९ | १६९११८२ |
| २. | समिति तथा अन्य संस्था | ० | ४९४७ | ४९४७ |
| | **जम्मा** | **२२१९३** | **१६७३९३६** | **१६९६१२९** |

२. **बेरुजू वर्गीकरण –** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत गरी ४ समूहमा वर्गीकरण गरिएको छ । यो वर्ष प्रदेश कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अङ्क निम्नानुसार छः

(रु. हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | समिति तथा अन्य संस्था | जम्मा रकम |
|---|---|---|---|
| **जम्मा बेरुजू रकम** | **१६६८९८९** | **४९४७** | **१६७३९३६** |
| **१. असुल गर्नुपर्ने** | **४४९०५** | **२६६** | **४५१७१** |
| **२. नियमित गर्नुपर्ने** | **७१९९१४** | **४४४४** | **७२४३५८** |
| ● अनियमित भएको | १८८५१८ | ४४४४ | १९२९६२ |
| ● प्रमाण कागजात पेस नभएको | ५३१३९६ | ० | ५३१३९६ |
| ● जिम्मेवारी नसारेको | ० | ० | ० |
| ● शोधभर्ना नलिएको | ० | ० | ० |
| **३. पेस्की** | **९०४१७०** | **२३७** | **९०४४०७** |
| ● कर्मचारी पेस्की | १९३०८ | ९५ | १९४०३ |
| ● मोबिलाइजेसन पेस्की | ७९०४८२ | ४२ | ७९०५२४ |
| ● प्रतीतपत्र पेस्की | ० | ० | ० |
| ● संस्थागत पेस्की | ९४३८० | १०० | ९४४८० |

बेरुजू वर्गीकरणको विवरण **अनुसूची–९ र १०** मा उल्लेख छ ।

२.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा बेरुजू फछ्र्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने, औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्र्यौट गर्ने र फछ्र्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रकृया पूरा गर्दासमेत २०७५।७६ को बेरुजू फछ्र्यौट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम **अनुसूची-१३** मा समावेश गरिएको छ ।

२.२ प्रदेश मातहत सरकारी कार्यालय, अन्य संस्था र समित समेतको यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

| क्र.स. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प. अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १२०८६१८५ | ३५०९७ | २३४९३० | ७४९१७५ | १०१९२०२ | ६०.८९ | **८.४३** |
| २. | सामाजिक विकास मन्त्रालय | ४५३४१३८ | ५३८४ | ३४३१४० | ५९७०७ | ४०८२३१ | २४.३८ | **९.००** |
| ३. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ३०६९१४४ | ३९०० | १२६३५३ | २१२४ | १३२३७७ | ७.९० | **४.३१** |
| ४. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १५०५०२५ | ७९० | १९९३५ | ५२८५४ | ७३५७९ | ४.४० | **४.८८** |
| ५. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ७०२९३३ | ० | ० | ४०५४७ | ४०५४७ | २.४३ | **५.७६** |
| ६. | अन्य मन्त्रालय/निकाय | १२७६७४७२ | ० | ० | ० | ० | ० | **०** |
| | **जम्मा** | **३४६६४८९७** | **४५१७१** | **७२४३५८** | **९०४४०७** | **१६७३९३६** | **१००** | **४.८२** |

२.३ सरकारी कार्यालयतर्फ भौतिक पूर्वाधार विकास मन्त्रालय बढी बेरुजू हुने मन्त्रालय तथा निकायको क्रममा पहिलो स्थानमा रहेको र सामाजिक विकास मन्त्रालय दोस्रो र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तेस्रो नम्बरमा रहेका छन ।

२.४ यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १८४ को लेखापरीक्षण गरेकोमा ६३ कार्यालय (३१.५ प्रतिशत) मा बेरुजू देखिएको छैन । समिति तथा अन्य संस्था १६ तर्फ ७ निकायमा लगती बेरुजू देखिएको छ ।

२.५ यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १८४ को १ हजार ६८२ दफा बेरुजू देखिएकोमा ५१ फछ्र्यौट भई १ हजार २२९ दफा सैद्धान्तिक र ४०२ दफा लगती बेरुजू कायम भएको छ ।

२.६ सरकारी कार्यालयतर्फ यो वर्ष लेखापरीक्षणबाट असूल गर्नुपर्ने देखिएको रु. ५ करोड ९० लाख ७५ हजार मध्ये लेखापरीक्षणको दौरानमा रु. १ करोड ३३ लाख २ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु. ५ लाख ९ हजार र सम्परीक्षणको क्रममा रु. ३ लाख ५९ हजार समेत रु. १ करोड ४१ लाख ७० हजार असूल भएको छ । यस सम्बन्धी विवरण **अनुसूची-६** मा उल्लेख छ ।

२.७ सरकारी कार्यालय तर्फ गत वर्ष सम्मको पेश्की रु. १ लाख १६ हजार रहेकोमा यो वर्ष सम्परीक्षणभै फछ्र्यौट भएको छ । यो वर्ष रु.९० करोड ४१ लाख ७० हजार बाँकी रहेको छ । उक्त पेश्की मध्ये कर्मचारी तर्फ रु. १ करोड ९३ लाख ८ हजार, मोविलाईजेशन तर्फ रु. ७९ करोड ४ लाख ८२ हजार र संस्थागत तर्फ रु. ९ करोड ४३ लाख ८० हजार छ । त्यस्तै समिति र अन्य संस्था तर्फ रु. २ लाख ३७ हजार पेश्की बाँकी देखिएको छ । यस सम्बन्धि विवरण **अनुसूची-५** मा उल्लेख छ ।

२.८ सरकारी कर्यालय, समिति तथा अन्य संस्था तर्फ २३ निकायको रु. २ करोड ५० लाख १० हजार अग्रिम कर कट्टी नगरेकोमा ८ निकायको रु.९१ हजार असूल भई रु. २ करोड ४९ लाख १९ हजार बाँकी छ । यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

२.९ प्रदेश कार्यालयतर्फ यो वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः ।

(रु. हजारमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | पेस्कीबाहेकको बेरुजू | पेस्की बाहेकको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| पहिलो, २०७५ | ६५६६८९५ | २२३४२ | ३.४० | २२२२६ | ३.३८ |
| दोस्रो, २०७७ | ३४६६४८९७ | १६७३९३६ | ४.८२ | ७६९५२९ | २.२१ |

# लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

३. **कानुन निर्माण -** प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन, प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पास गराउनु पर्ने कानुनमध्ये ५५ कानुन मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृत भई निर्माणधीन विधेयक ३७ मध्ये प्रदेश प्रमुखबाट प्रमाणिकरण भएका ऐन २९ रहेका छन् । ८ नियमावली ६१ कार्यविधि ८ निर्देशिका, मापदण्ड १, गठन आदेश १ पारित गरी जारी भएको तथा २ विधेयक विचाराधिन रहेको र ११ विधेयकको लागि अन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट सहमती प्रदान गरेको छ । आवश्यक कानुनको पहिचान गरी समयमै कानुन निर्माण गर्नुपर्दछ ।

४. **संगठन र कर्मचारी व्यवस्थापन -** संघीय व्यबस्था कार्यान्वयन गर्ने सर्न्दभमा स्थानीय तथा प्रदेशमा हस्तान्तरण हुने, संघ आफैले गर्ने भनी संघबाट खारेज गरिएका कार्यालय समेत प्रदेश स्तरमा स्थापना हुने गरेको देखिन्छ । प्रदेश नं १ अर्न्तगत ७ मन्त्रालय र २ संवैधानीक निकाय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय अन्तर्गत कुल ३ हजार ८८२ दरबन्दी स्वीकृत गरिएकोमा २ हजार १२० को ५४.६१ प्रतिशत मात्र पदपूर्ति भएको अवस्थामा प्रदेश सरकारको कार्यसम्पादन तथा सेवा प्रवाह प्रभावकारी हुने नदेखिदा समयमै पदपूर्ति गर्नुपर्दछ ।

५. **कार्यालय स्थापना -** संघ र प्रदेश दुवैले एउटै प्रकृतिको कार्य जस्तै सडक निर्माण तथा पूर्वाधार सम्बन्धी कार्य गर्न संघले डिभिजन सडक कार्यालय र प्रदेशले पूर्वाधार बिकास कार्यालय,प्रादेशिक बिशेष सडक आयोजना कार्यालय स्थापना गरेको, साविकमा जिल्लास्तरमा रहेका बिषयगत कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेश सरकारले कृषि, घरेलु, स्वास्थ्य, शहरी विकास तथा भवन कार्यालय लगायतका १८४ कार्यालय स्थापना गरेको, केन्द्रीय सरकारले खारेज गरेको क्षेत्रीय निर्देशनालयहरु प्रदेश सरकारले पुनः स्थापना गरेकोले खर्चमा मितव्ययी हुने देखिएन । साथै कार्यमा दोहोरोपना नहुनेगरी कार्यालयको स्थापना र संचालन गर्नुपर्दछ ।

६. **बजेट कार्यान्वयन -** प्रदेश अर्थमन्त्रीले अगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गते प्रदेश सभामा पेश गर्नुपर्ने र सोको साथमा राजस्व संकलन, मध्यकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धित नीतिगत व्यवस्थासहितको बजेट अनुमान गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय व्ययको अनुमान २०७५ आषाढ १ गते प्रदेश सभामा पेश भएको देखिन्छ । प्रदेश सरकारको २०७५।७६ को वार्षिक बजेट र सोको कार्यान्वयनस्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छः

६.१ सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७५।७६ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कर बस्तु तथा सेवामा आधारित कर, मूल्यअभिबृद्धि कर, अन्तशुल्क, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर,प्रशासनिक सेवा शुल्क,अन्य राजश्व सहित ९ अर्ब ३७ करोड ५ लाख २७ हजार आन्तरिक आम्दानी भएको छ । यस आर्थिक वर्षमा प्रदेश सरकारको आम्दानी र नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान तथा सशर्त अनुदान र आन्तरिक आम्दानी सहित रु. २७ अर्ब ८६ करोड ५२ लाख ८८ हजार रहेको छ । वर्षभरिमा रु. २१ अर्ब २० करोड २९ लाख २९ हजार (प्रस्तावित बजेटको ५९ प्रतिशत) खर्च भएको छ ।

६.२ यस आर्थिक वर्षको लागि रु.३८ अर्ब ४९ करोड २५ लाख ३९ हजार विनियोजन भएकोमध्ये चालु खर्चतर्फ रु.१६ अर्ब ६७ करोड २६ लाख ५६ हजार अर्थात् ४३.३१ प्रतिशत र पुँजीगततर्फ रु.२१ अर्ब ८१ करोड ९८ लाख ८३ हजार अर्थात् ५६.६९ प्रतिशत रहेको छ । उक्त विनियोजन मध्ये रु.२१ अर्ब २० करोड २९ लाख ३० हजार खर्च भएकोमा चालुतर्फ रु. ९ अर्ब ७६ करोड ४२ लाख ५४ हजार अर्थात् ४६.०५ प्रतिशत र पूँजीगततर्फ रु ११ अर्ब ४३ करोड ८६ लाख ७६ हजार अर्थात् ५३.९५ प्रतिशत खर्च भएको छ । सरकारी खर्चमा मितव्ययिताको नीति अवलम्बन गर्नुपर्दछ ।

६.३ बजेटमा समाबेश भएको नीति एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा प्रदेश सरकारको आर्थिक व्यवस्थापनको लागि २०७५।७६ को आय व्यय अनुमानमा उल्लेख भएबमोजिम लगानी बोड, चिकित्सा कोष लगायतका विभिन्न कार्यक्रम कार्यान्वयन भएको देखिएन । बजेटमा समावेश नीति तथा कार्यक्रम कार्यान्वय हुन नसकेको अवस्थामा बजेटको प्रभावकारिता नदेखिने भएकोले बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

६.४ प्रदेशको बजेट तर्जुमा गर्नुअघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने र खर्च संरचना तयार गर्दा आवधिक विकास योजना बनेको भए

सोलाई मार्गदर्शनको रुपमा अङ्गीकार गर्नुपर्नेमा २०७५।७६ को बजेट तर्जुमा गर्नुअघि यस्तो व्यवस्था अपनाएको देखिएन ।

७. **सवारी साधन खरिद -** यो वर्ष प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय, योजना आयोग, संसद सचिवालयले सवारी साधन खरिदमा रु.४२ करोड ६० लाख ९३ हजार खर्च गरेका छन् ।

८. **कोष दाखिलाः** संघबाट प्राप्त सर्शत, समपूरक र विशेष अनुदानको रकम आषाढ मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत संघीय संचित कोषमा दाखिला गर्ने व्यवस्था रहेकोमा मन्त्रालयले मातहत कार्यालयलाई दिएको सर्शतको बजेटबाट खर्च भई बाँकी रहेको रकम संघीय संचित कोष दाखिला भएको छैन ।

९. **समानीकरण अनुदान -** संघको श्रोतबाट प्राप्त वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते र आषाढ मसान्तमा बुझाई सक्नुपर्ने लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी रहेकोमा मन्त्रालयले स्रोत अनुसारको उक्त हिसाब २०७६ कार्तिक मसान्तसम्म पनि बुझाएको देखिएन । संघबाट प्राप्त भएको वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम प्रदेश संचित कोषमा दाखिला गर्न नपाइनेमा सोको कार्यान्वयन भएको देखिदैन ।

१०. **क्षेत्रगत उपलब्धि -** बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, काम सम्पन्न हुन नसकेकोमा आइपरेका समस्या र कारण उल्लेख गर्नुपर्ने र प्रत्येक महिनाको ७ गते भित्र प्रगति विवरण तयारगरी पठाउने कार्यमा जवाफदेहिता लिएको देखिएन ।

११. **सम्पत्ति व्यवस्थापन :** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३(७) अनुसार प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सोको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुलउपर गर्ने कार्य नभएकोले कानुनले तोके अनुसार मातहत कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

१२. **सिधै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने र सोही नियमावलीको नियम ९(क) बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने भएमा यकिन गरेर मात्र खरिद गर्नुपर्नेमा ७ मन्त्रालय र १ सचिवालयले रु.८ करोड १६ लाख ८६ हजारको निर्माण, मर्मत सम्भार, फर्निचर तथा कार्यालय सामान लगायतका सामान सिधै खरिद गरेको नियमसम्मत देखिएन । प्रचलित खरिद नियमको पालना गर्नुपर्दछ ।

१३. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २८ मा प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरुले कार्य सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनबमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने र दफा २९ मा आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन अनुगमनका लागि सम्बन्धित निकायको लेखाउत्तरदायी अधिकृतको अध्यक्षतामा आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्ने व्यवस्था छ । ऐनमा उल्लिखित प्रावधान अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

१४. **सेवा प्रवाह -** सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरिएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर देखिएको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य मन्त्रालयहरुले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन बाँकी रहेको कारण प्रदेश सरकारबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको छैन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

१५. **वित्तीय जवाफदेहिता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरीने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनबमोजिम कार्यसम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयहरुको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालनासम्बन्धी मूल्यांकन सूचीअनुसार मन्त्रालयहरुको आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तीय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था कमजोर रहेको, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, एकद्धार सेवा प्रणाली कार्यान्वयनमा नआएको, सेवाको गुणस्तर सुधारको लागि उपयूक्त उपायको अबलम्बन नगरेको तथा सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर निर्क्यौलको स्थिति कमजोर रहेको छ। ऐन नियमले तोकेका कार्यहरु समयमै सम्पादन हुनेगरी वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्वको स्तरमा सुधार गर्नुपर्दछ।

१६. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेखित शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, वन, वातावरण संरक्षण, सरसफाई र खानेपानी, पर्यटन,जलस्रोत तथा उर्जा, गरीवि तथा वेरोजगारी, युवा तथा खेलकुद, आवास तथा भौतिक पूर्वाधार,सिचाई र नदी नियन्त्रण, शान्तिसुरक्षा, सुशासन, सामाजिक न्याय, सुरक्षा, सद्भाव, संस्कृति र एकता जस्ता प्रदेशले लिएका नीति अनुरुप सम्बन्धित विषयगत मन्त्रालयले विश्लेषणात्मक प्रगति बिबरण तयार गरेको देखिएन । वजेट वक्तव्य मार्फत प्रस्तुत भएको नीति तथा कार्यक्रमको कार्यान्वयन सम्वन्धमा समीक्षा गरेको पनि देखिएन।

१७. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्य विधि नियमावली २०७५ को नियम ९७ मा प्रदेश सरकारी कार्यालयहरुको विनियोजन,राजश्व धरौटी तथा अन्य कारोवारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यबस्था रहेको छ । कार्यालयले लेखापरीक्षण गर्दा आन्तरिक लेखापरीक्षण निर्देशिका अनुरुपको कार्य विधि अपनाई चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नु पर्ने व्यबस्था रहेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले लेखापरीक्षण निर्देशिका तयार गरेको छैन।

१८. **बित्तीय प्रतिवेदन सार्वजनिक -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयहरुले सो बमोजिम वित्तीय प्रतिवेदनहरु सार्वजनिक गरेको पाईएन। अतः कानुनको परिपालना गर्नुपर्ने देखिन्छ।

१९. **उपभोक्ता समितिबाट निर्माण कार्य -** सार्वाजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने र सो लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेत समावेश हुने उल्लेख छ। भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत २ निकायले एक खानेपानी योजनामा रु.५ करोड ४२ लाख २४ हजार, उद्योग, पर्यटन, वन तथा बातावरण मन्त्रालय र पर्यटन विकास आयोजनाले रु.९ करोड ४२ लाख ८५ हजार, पूर्वाधार कार्यालय विराटनगरले सडक कालोपत्रे, कल्भर्ट निर्माण लगायतका ४ निर्माण कार्यमा रु. ४ करोड ४५ लाख ७८ हजारको कार्यको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिता बाहेकको रु. १ करोड रुपैया सम्मको सिमा कायम गरी उपभोक्ता समिति सँग सम्झौता गरी भुक्तानी दिएको देखियो। लागत अनुमानमा सबै रकम समावेश गर्दा ती निर्माण कार्य रु. १ करोड भन्दा बढी हुने देखिएकोले उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने देखिएन। यसमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

२०. **निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीय वा दिगोपन अधिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ। यो वर्ष पूर्वाधार विकास कार्यालय विराटनगर, शहरी विकास तथा भवन कार्यालय विराटनगर, सिचाई विकास डिभिजन कार्यालय विराटनगर, भुमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय विराटनगर कार्यालयले ४०२ उपभोक्ता समितिमार्फत निर्माण कार्य गराई रु. ४५ करोड २९ लाख ८ हजार भुक्तानी दिएको छ। उपभोक्ता समितिबाट निर्माण भएको कार्यको गुणस्तर परीक्षण गरेको छैन। कार्यालयको उद्देश्य रोजगारीको सृजना गर्ने समेत नरहेकोले जटील प्रविधिको आबश्यक पर्ने पूर्वाधार संरचना निर्माण कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र गरी प्रतिस्पर्धा मार्फत् गराउनु पर्नेमा उपभोक्ता समितिहरु मार्फत गरेको नियम सम्मत देखिएन।

# परिच्छेद- ३

# मन्त्रालय र निकायगत व्यहोरा

## प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ ले प्रदेश सभाको कार्य सञ्चालन गर्न बैठकको सुव्यवस्था कायम राख्न र समितिहरुको गठन, कामकारवाही र समिति सम्बन्धी अन्य विषय नियमित गर्न एवं प्रभावकारी बनाउन ९३ सदस्यीय प्रदेश सभा गठन भएको छ।

यो बर्ष विनियोजन रु.२६ करोड ४५ लाख २६ हजार, राजश्व रु.२ लाख १२ हजार र धरौटी रु.२४ लाख ९७ हजार समेत रु.२६ करोड ७२ लाख ३५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन :-

१. **कर्मचारी व्यवस्थापन -** सचिवालयको स्वीकृत दरवन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार विभिन्न ८९ पदको दरवन्दी रहेकोमा हाल ६३ पदपूर्ति भएको छ। दरवन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा कठिनाई पर्ने भएकोले सचिवालयवाट प्रदान गरीने सार्वजनिक सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी र दिगो वनाउन दरवन्दी अनुसारको पदपूर्ति हुनु पर्दछ।

२. **वित्तिय प्रगति -** यो बर्ष सचिवालयको लागि रकमान्तर समेतबाट कायम भएको वजेट रु ३७ करोड ५४ लाख ५५ हजार मध्ये रु. २६ करोड ४५ लाख २५ हजार खर्च भएको छ। विनियोजित रकम मध्ये चालु तर्फ ६०.६६ प्रतिशत र पूँजिगत तर्फ ९०.६३ प्रतिशत खर्च भई कूल ७०.४५ प्रतिशत वित्तिय प्रगति भएको छ।

३. **लक्ष्य तथा प्रगति -** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची -३ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। यसरी चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक निकायले त्यसको भौतिक र वित्तीय पक्षको समिक्षा गरी प्रदेश स्तरको प्रगति विवरण तयार गरी सामूहिक समीक्षा गर्नु पर्दछ। सचिवालयले प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५को अनुसूची ३ बमोजिमको प्रगति बिबरण तयार गरेको देखिएन।

४. **वित्तीय प्रतिवेदन सार्वजनिक -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ मा कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधी समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। सचिवालयले सो बमोजिम वित्तीय प्रतिवेदनहरु सार्वजनिक गरेको पाईएन। अतः कानुनको परिपालना गर्नुपर्ने देखिन्छ।

५. **सवारी साधन खरिद -** आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको सार्बजनिक खर्चको मापदण्ड, कार्यबिधि र मितव्ययिता सम्वन्धि निर्देशिका, २०७५को बुँदा ११ मा सवारी साधन खरिद सम्वन्धी प्रकृया र मापदण्ड तोकिएको छ । सो अनुसार सभामुखलाई रु. ७५ लाख सम्म र विभिन्न समितिका सभापतिहरुलाई रु.६५ लाख सम्मको सवारी साधन उपलव्ध गराउन सकिने व्यबस्था रहेको छ। सचिवालयले १२ गाडी र १० मोटर साईकल खरिदमा रु.९ करोड ५० लाख ३० हजार खर्च गरेकोमध्ये सभामुखलाई रु.१ करोड ३६ लाख९० हजार र विभिन्न समितिका सभापतिका लागि रु. ७१ लाख २५ हजारको सवारी साधन खरिद गरी उपलव्ध गराएकोले निर्देशिकाको व्यवस्था पालना भएको देखिएन।

६. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । आर्थिक वर्षको शुरुमा नै बजेटको सुनिश्चितता भएको अवस्थामा खरिद कार्यलाई प्योकेजिङ्ग गरी सार्वजनिक खरिद ऐन, नियमावली अनुसार सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक तवरले खरिद कार्य गर्नु पर्दछ। कार्यालयले यो वर्ष सोझै, शिलवन्दी दरभाउपत्र र बोलपत्र विधिवाट गरीने खरिद कार्यको कार्य योजना तयार गरी खरिद कार्य गरेको भएपनि एकै प्रकृतिका सामानहरुको एउटै प्याकेज बनाई प्रतिस्पर्धावाट खरिद गर्न सकिने सामान पनि सोझै खरिद विधिवाट खरिद गर्ने योजना बनाई रु. १ करोड ६ लाख ४० हजार सोझै खर्च गरेको देखियो।

७. **सुविधाको स्वघोषणा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १४ मा सरकारी कोषबाट निबृत्तिभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनित

भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निबृत्तीभरण वा यस ऐन बमोजिमको सुबिधामध्ये एकमात्र सुबिधा पाउने व्यबस्था रहेको छ । प्रदेश सभाका सम्पूर्ण पदाधिकारीले ऐनमा तोकिएको पारिश्रमिक लिएकोमा कुनै पनि सदस्यले ऐनको उपरोक्त प्रावधान अनुसार निबृत्तीभरण नलिएको स्वघोषणा गरेका छैनन । प्रदेश सभाका पदाधिकारी तथा सदस्यबाट सुबिधा उपयोग सम्वन्धमा स्वःघोषणा हुनुपर्दछ ।

८. **घर भाडा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ५ मा सभामुख र उपसभामुखलाई सरकारी आवासको बन्दोबस्त गर्नुपर्ने व्यवस्था छ । सरकारी आवासको बन्दोबस्त नभएमा र प्रदेशको केन्द्रबाट १५ किलो मिटर दुरी भित्र आफ्नो घर भएमा घरमर्मत संभार खर्च वापत बार्षिक ३० हजार उपलब्ध गराउने व्यवस्था छ । सचिवालयले सभामुख र उपसभामूखलाई प्रदेश मन्त्रिपरिषदको निर्णय अनुसार मासिक रु.२०/२० हजारले नगदै घरभाडा उपलब्ध गराएको छ । प्रदेश सभा सचिवालयका पदाधिकारी मध्ये १० जनाले मात्र आफ्नो घर भएको स्वघोषणा गरेका छन् ।

९. **सवारी साधन -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ६ अनुसार प्रमुख प्रतिपक्षी दलको प्रमुख सचेतक र सभापतिहरुलाई सवारी साधन उपलब्ध नभएमा मासिक रु.१५ हजार दिने व्यवस्था रहेको छ । सचिवालयले प्रति व्यक्ति रु.७१ लाख १५ हजार मूल्यको स्कर्पियो गाडी खरिद गरी ७ जना सभापति र प्रमुख प्रतिपक्षी दलको प्रमुख सचेतक १ समेत ८ पदाधिकारीलाई सवारी साधन उपलब्ध गराएको छ ।

१०. **स्वकीय सचिव -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ अनुसार  सभामुख, उपसभामुख, प्रमुख प्रतिपक्षी दलका नेता र सदस्यहरुलाई १ जना स्वकीय सचिवको व्यबस्था गरेको छ । स्वकिय सचिवको पारीश्रमिक बापत सचिवालयले रु. २ करोड ४२ लाख ५२ हजार भूक्तानी गरी निजहरुको बैंक खातामा सिधै दाखिला गर्ने व्यवस्था गरेको छ । स्वकीय सचिवको योग्यता, नियुक्ती, कार्य विवरण र हाजिरीको सम्वन्धमा उल्लेख भएको देखिएन ।

११. **पदाधिकारी इन्धन -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ६ मा उल्लेखित पदाधिकारीहरुको इन्धन सुविधा सम्बन्धी व्यवस्था अनुसार सभामुखलाई मासिक १५० लिटर इन्धन र त्रैमासिक १० लिटर मोविल उपलब्ध गराइने उल्लेख छ । त्यसै गरी उपसभामुख, प्रमुख प्रतिपक्षी दलको नेता र सत्ता पक्षको प्रमुख सचेतक प्रत्येकलाई मासिक १२५ लिटर इन्धन र त्रैमासिक ५ लिटर मोविल उपलब्ध गराइने व्यवस्था छ । ऐनको व्यबस्था अनुसार प्राप्त हुने इन्धन र मोबिलको बिल भौचर बुझाउनु नपर्ने उल्लेख भएकोमा सचिवालयले कुपन उपलब्ध गराई पदाधिकारीहरुलाई इन्धन खर्च लेखेको पाइयो । कुपनको आधारमा लेखेको इन्धन खर्चको अभिलेख नभएकोले ऐनले तोकिदिएको सिमा भित्र ईन्धन उपलब्ध गराएको छ भनि यकिन गर्न सकिएन । पदाधिकारीहरु विभिन्न मितिमा अनुगमन तथा भ्रमण गर्न जादाँको समेत ईन्धनको विल पेश गरी भुक्तानी दिएको छ । खर्चको यथार्थ विवरण  खुल्ने गरी अभिलेख राखी ऐनले तोकिदिए अनुसारको सुविधामा नवढ्नेगरी सुविधा उपलब्ध गराउनु पर्दछ ।

१२. **प्रोत्साहन सुविधा -** आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी भएको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ को दफा ४ मा अतिरिक्त समय काम गर्नु पर्ने भएमा सोको आधार र कारण सहितको विवरण खुलाई लेखा उत्तरदायी अधिकृतको पूर्व स्वीकृति लिई आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्ने उल्लेख छ । सचिवालयले २०७५।१२।१० को मन्त्रीस्तरको निर्णय अनुसार २०७५ श्रावण १ गते देखि लागु हुने गरी स्थायी तथा सेवा करार कर्मचारीहरु, मर्यादापालक एवं सुरक्षाकर्मिहरुलाई निर्देशिकाको परिधि भित्र रही खाना खाजा खर्च बापत आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई रु. १ करोड ६लाख १३ हजार खर्च लेखेको छ । यसरी अतिरिक्त समय कार्य गराउँदा लागेको खर्च र भए गरेको कार्यको विवरण सहितको प्रतिवेदन आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने निर्देशिकामा उल्लेख भएकोमा सो अनुसार पठाएको देखिएन । साथै अतिरिक्त समयमा गरेको कार्यको विवरण समेत तयार गरेको छैन ।

१३. **अनुगमन प्रतिवेदन -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ९ को अनुसूची १ मा पदाधिकारी वा सदस्यको भ्रमण सम्बन्धि व्यवस्था छ । पदाधिकारी तथा सदस्यहरु भ्रमणबाट फर्केपछि सभामुख समक्ष प्रतिवेदन पेश गरेर मात्र भ्रमण बिल भुक्तानी गर्नुपर्ने उल्लेख भएकोमा कार्यालयले सचिवालय सदस्यहरुलाई विभिन्न मितिमा भ्रमण तथा अनुगमन गरे बापत रु. २२ लाख ५५ हजार भुक्तानी गरेकोमा भ्रमण प्रतिवेदन पेश गरेको देखिएन । कानूनी व्यबस्था अनुसार भ्रमण प्रतिबेदन लिएर मात्र भ्रमण खर्च लेख्नु पर्दछ ।

- **बेरुजू स्थिति -** कार्यालयको लेखापरीक्षणबाट यो बर्ष लगती बेरुजु देखिएको छैन । यस सम्वन्धी विवरण **अनुसूची ९** मा रहेको छ ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेशभित्रको शासन व्यबस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने उद्धेश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो बर्ष विनियोजन रु.११ करोड ४७ लाख ४२ हजार, राजश्व २७ हजार र धरौटी २५ लाख ४२ हजार समेत रु.११ करोड ७३ लाख ११ हजार र अन्य संस्था र समिति १ को रु.२ करोड ९४ लाख ९६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन :

१. **वित्तीय प्रगति -** कार्यालयले देखाएको वित्तीय प्रगति बिबरण अनुसार चालु खर्च तर्फ ५२.४७ प्रतिशत र पूँजीगत तर्फ ५९.४५ प्रतिशत तथा कूल वित्तीय प्रगति ५८.९९ प्रतिशत देखाएको छ । बास्तबिक वित्तीय प्रगति २९.१३ प्रतिशत मात्र देखिन्छ । पूँजिगत तर्फ रु.४ करोड ५७ लाख ३२ हजार खर्च भएकोमा रु. ३ करोड १० लाख ५७ हजार अर्थात ६७.९१ प्रतिशत सवारी साधन खरिदमा खर्च भएको छ ।

२. **बार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेखित शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, वन, वातावरण संरक्षण, सरसफाई र खानेपानी, पर्यटन,जलस्रोत तथा उर्जा, गरीवि तथा वेरोजगारी, युवा तथा खेलकुद, आवास तथा भौतिक पूर्वाधार,सिचाई र नदी नियन्त्रण, शान्तिसुरक्षा, सुशासन, सामाजिक न्याय, सुरक्षा, सद्भाव, संस्कृति र एकता जस्ता प्रदेशले लिएका नीति अनुरुप सम्बन्धित विषयगत मन्त्रालयले विश्लेषणात्मक प्रगति बिबरण तयार गरेको देखिएन । वजेट वक्तव्य मार्फत प्रस्तुत भएको नीति तथा कार्यक्रमको कार्यान्वयन सम्वन्धमा समिक्षा गरेको पनि देखिएन ।

३. **प्रगति विवरण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची -३ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक निकायले त्यसको भौतिक र वित्तीय पक्षको समिक्षा गरी प्रदेश स्तरको प्रगतिको सामूहिक समीक्षा गर्नु पर्दछ । कार्यालयले प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को अनुसूचि ३ बमोजिमको प्रगति बिबरण तयार गरेको देखिएन । यस सम्बन्धमा प्रगति बिबरणका सम्वन्धमा समिक्षा भएको र प्रगति विवरण अनुसूचि -३ बमोजिमको ढाँचामा तयार नभएको जानकारी प्राप्त भएको छ ।

४. **कार्यालय स्थापना -** संघीय व्यवस्थाको कार्यान्वयन गर्ने क्रममा साविकका जिल्ला कृषि तथा स्वास्थ्य कार्यालय स्थानीय निकायमा हस्तान्तरण भएकोमा प्रदेश अन्तर्गत पुनः कृषि ज्ञान केन्द्र र स्वास्थ्य कार्यालयको रुपमा स्थापना गरेको देखियो । कार्यालयहरु गाभिने र छुट्टिने कार्य संख्यात्मक भन्दा कामको आवश्यकता अनुसार हुनुपर्दछ । संघ र प्रदेश दुवैले एउटै प्रकृतिको कार्य जस्तै सडक निर्माण तथा पुर्वाधार सम्वन्धी कार्य गर्न संघले डिभिजन सडक कार्यालय र प्रदेशले पूर्वाधार बिकास कार्यालय, प्रादेशिक बिशेष सडक आयोजना कार्यालय स्थापना गरेको छ । साविकमा जिल्लास्तरमा रहेका बिषयगत कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेश सरकारले कृषि, घरेलु, स्वास्थ्य, शहरी विकास तथा भवन कार्यालय लगायतका १८४ कार्यालय स्थापना गरेको देखिन्छ । केन्द्रीय सरकारले खारेज गरेको क्षेत्रीय निर्देशनालयहरु प्रदेश सरकारले पुनः स्थापना गरेको छ । यसले गर्दा खर्चमा मितव्ययीता नहुने र कार्यमा समेत दोहोरोपना नहुनेगरी कार्यालयको स्थापना र संचालन गर्नुपर्दछ ।

५. **संगठन र कर्मचारी व्यवस्थापन -** संघीय व्यबस्था कार्यान्वयन गर्ने सर्न्दभमा स्थानीय तथा प्रदेशमा हस्तान्तरण हुने, संघ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले गर्ने कार्यको स्पष्ट मार्गचित्र तयार नगरेका कारण स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम संचालन गर्न संघबाट खारेज गरिएका कार्यालय समेत प्रदेश स्तरमा स्थापना हुने गरेको देखिन्छ । यस प्रदेश अर्न्तगत ७ मन्त्रालय र २ संबैधानिक निकाय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय अर्न्तगत कुल ३ हजार ८८२ दरबन्दी स्वीकृत गरिएकोमा २ हजार १२० मात्र पदपूर्ति भएको छ । स्वीकृत दरवन्दीको तुलनामा ५४.६१ प्रतिशत मात्र पदपूर्ति भएको अवस्थामा प्रदेश सरकारको कार्यसम्पादन तथा सेवा प्रवाह प्रभावकारी हुने नदेखिदा समयमै पदपूर्ति गर्नुपर्दछ ।

६. **कानून निर्माण -** प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन, प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभाबाट पारित गराउनुपर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार पहिचान गरिएका ५५ कानुनमध्ये मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृत भई प्रदेश सभामा दर्ता भएका ३७ विधेयक र प्रदेश सभावाट पारित भई प्रदेश प्रमुखबाट प्रमाणिकरण भएका ऐन २९ रहेका छन् । प्रदेश सरकारबाट

नियमावली ८, कार्यविधि ६१, निर्देशिका ८, मापदण्ड १, गठन आदेश १ जारी भएका छन । २ विधेयक विचाराधिन रहेको तथा ११ विधेयकको लागि अन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट सहमती प्रदान गरेको देखिन्छ । आवश्यक कानुनको पहिचान गरी समयमै कानुन निर्माण गर्नुपर्दछ ।

७. **प्रदेश समन्वय परिषद -** स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामन्जस्यता, योजना व्यबस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साघनको उपयोग र बाँडफाँड सम्बन्धि विषयमा प्रदेश र स्थानीय तहविच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद् रहने र परिषदको बैठक बर्षको कम्तिमा एक पटक वस्ने व्यबस्था रहेको छ । यो बर्ष परिषदको बैठक २ पटक बसेको भएतापनि प्रदेश र स्थानीय तह बिचको नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापन, साझा अधिकार, प्राकृत्तिक श्रोत र साधनको उपयोग एवं बाँडफाँड जस्ता मुलभुत विषयमा नीतिगत निर्णय गरी कार्यान्वय गर्नुपर्दछ ।

८. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले पटक पटक गरी विभिन्न व्यक्ति, फर्म, कम्पनीबाट रु. ७१ लाख ३९ हजारको मालसामान प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको नियम सम्मत देखिएन ।

- **बेरुजू स्थिति -** कार्यालयको लेखापरीक्षणबाट यो बर्ष लगती बेरुजु देखिएको छैन । यस सम्वन्धी विवरण **अनुसूची ९** मा रहेको छ ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेश स्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यबस्थापन, आर्थिक विकासमा सार्बजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसंगको साझेदारी एवं समन्वय र सहकार्य सम्वन्धी नीति, मापदण्ड वनाउने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो बर्ष विनियोजन रु ३ अर्ब ८३ करोड ३७ लाख ९५ हजार , राजश्व रु.८ अर्ब १३ करोड १७ लाख ९७ हजार, धरौटी रु.४ लाख ७ हजार र अन्य कारोवार रु. ३३ करोड ११ लाख ९४ हजार समेत रु. १२ अर्ब २९ करोड ७१ लाख ९३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन ।

१. **खर्चको स्थिति -** आर्थिक वर्ष २०७५।७६ का लागि विनियोजित चालु तर्फ रु. ५ अर्ब ७२ करोड ७२ लाख ६६ हजार र पूँजिगत तर्फ रु. ११ करोड ५१ लाख ६० हजार भई २ निकायहरुलाई अख्तियारी दिईएकोमा कुल ३ अर्ब ८३ करोड ७३ हजार खर्च भई ४९.५४ प्रतिशत वित्तीय प्रगति भएको केन्द्रीय आर्थिक बिबरण पेश भएको छ ।

२. **बार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेखित शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, वन, वातावरण संरक्षण, सरसफाई र खानेपानी, पर्यटन,जलस्रोत तथा उर्जा, गरिवि तथा वेरोजगारी, युवा तथा खेलकुद, आवास तथा भौतिक पूर्वाधार,सिचाई र नदी नियन्त्रण, शान्तिसुरक्षा, सुशासन, सामाजिक न्याय, सुरक्षा, सद्भाव, संस्कृति र एकता जस्ता प्रदेशले लिएका नीति अनुरुप सम्बन्धित विषयगत मन्त्रालयले विश्लेषणात्मक प्रगति बिबरण तयार गरेको देखिएन । वजेट वक्तव्य मार्फत प्रस्तुत भएको नीति तथा कार्यक्रमको कार्यान्वयन सम्वन्धमा समीक्षा गरेको पनि देखिएन ।

३. **कार्यक्रमको कार्यान्वयन -** यो वर्ष कार्यक्रम बजेटमा रु. ४ अर्ब ३५ करोड ५० लाख ८९ हजार व्यवस्था भएकोमध्ये रु. २ अर्ब ४५ करोड १५ लाख रकमान्तर भई अन्तिम बजेट रु. १ अर्ब ९० करोड ३५ लाख ९९ हजार कायम भएको छ । सो मध्येबाट गरीबसँग खाद्यान्न, सार्वजनिक निजी साझेदारी, प्रदेश बैंक स्थापना, शहिद परिवार शेयर वितरण, प्रदेश गुरुयोजना लगायतको कार्यक्रममा रु.७ करोड १० लाख मात्र खर्च भई रु. १ अर्ब ८३ करोड २५ लाख ९९ हजार बाँकी रहेको छ ।

४. **आयोजना स्वीकृती -** प्रदेश आर्थिक कार्यविधि नियमावली ,२०७५ को नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनु पर्ने उल्लेख छ । अनुसूची - ४ मा उल्लेख भए बमोजिम जिल्लास्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्नेछ । स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्इङ्ग, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नु पर्ने व्यबस्था नियमावलीमा रहेको छ । मन्त्रालयले उपरोक्त अनुसारको कुनै पनि प्रकृया पुरा नगरी कार्यक्रम तथा वजेट स्वीकृत गरेको छ । नियमावलीले गरेको व्यबस्था वमोजिम कार्यक्रम तथा वजेट स्वीकृत गर्नुपर्दछ ।

५. **वजेट कार्यान्वयन -** मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेश अन्तर्गत यसबर्ष विनियोजित वजेट रु. ३५ अर्ब ९३ करोड ६० लाख १४ हजार बाट रु.२१ अर्ब २० करोड २९ लाख ३० हजार खर्च भएको मध्ये चालु खर्च तर्फ ९ अर्ब ७६ करोड ४२ लाख ५४ हजार (४६.०५ प्रतिशत) , पूँजीगत वजेट तर्फ रु. ११ अर्ब ४३ करोड ८६ लाख ७६ हजार (५३.९५ प्रतिशत) खर्च भई कूलमा ५५.०८ प्रतिशत बित्तीय प्रगति भएको देखिएको छ । बजेट किताव अनुसार मन्त्रालयगत विनियोजित वजेट रु. ३५ अर्व ९३ करोड ६० लाख १४ हजार भएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले रु. ३८ अर्ब ४९ करोड २५ लाख ३९ हजार विनियोजन देखाई शुरु विनियोजन वजेट भन्दा रु. २ अर्ब ५५ करोड ६५ लाख २५ हजार बढी विनियोजन देखाएकोमा सोको कारण स्पष्ट गरेको छैन । अन्तरसरकारी हस्तान्तरण अन्तर्गत रु.२ अर्ब ५० करोड ५० लाख वजेट विनियोजन भएकोमा रकमान्तरवाट थप गरी रु.३ अर्ब ६५ करोड ३० लाख ८६ हजार हस्तान्तरण भएको रकम चालु खर्चमा देखाएको छ ।

६. **वर्षान्तको खर्च -** यो वर्षको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट वजेट स्रोत समेत खोली स्विकृत मन्त्रालयगत कार्यक्रम र परियोजना अनुसार वजेट विनियोजन भई चौमासिक रुपमा खर्च गर्ने गरी कार्यक्रम र वजेट स्विकृत गरेको देखियो। प्रस्तुत वार्षिक वजेट अनुसार रु.३५ अर्ब ९३ करोड ६० लाख १४ हजार खर्च गर्ने लक्ष्य रहेकोमा रु. २१ अर्ब २० करोड २९ लाख ३० हजार (५९.०० प्रतिशत) खर्च भएको मध्ये रु.१० अर्ब ६६ करोड ५६ लाख ४१ हजार (५०.३० प्रतिशत) आषाढ महिनामा मात्र खर्च भएको छ। यसरी आर्थिक बर्षको अन्ततिर मात्र अधिक खर्च गरी योजना संचालन गर्दा संचालित आयोजनाको कार्यक्रम तथा कामको गुणस्तरमा समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्यक्रम संचालन हुनुपर्दछ।

७. **राजश्वको अनुमान -** प्रदेशले यो वर्ष रु.३ अर्ब ६६ करोड ७८ लाख ३३ हजार राजश्व आम्दानीको अनुमान गरेकोमा २ अर्ब ५० करोड २८ लाख ४४ हजार आम्दानी गरी ६८.२३ प्रतिशत मात्र प्रगति देखिएको छ। राजश्वको बाँडफाँटवाट अनुमानको ७४.८० प्रतिशत, संघीय सरकारबाट प्राप्त हुने अनुमानको ८०.८० प्रतिशत मात्र प्राप्त भएको र गत बर्षको मौज्दात १८४.३८ प्रतिशत रहेको देखिन्छ। राजश्वको अनुमान गर्दा यथार्थको नजिक हुने गरी गर्नुपर्दछ।

८. **रकमान्तर -** प्रदेश विनियोजन ऐन, २०७५ को दफा ३ वमोजिम कुनै शिर्षकमा रकम वचत हुने र कुनै शिर्षकमा नपुग हुने देखिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले वचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्ने छ। यसरी रकम सार्दा जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकबाट अर्को एक वा एक भन्दा बढी शिर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सक्ने व्यबस्था रहेको छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार यस बर्ष शुरु विनियोजन भएको वजेट निम्नानुसार रकमान्तर गरी खर्च भएको छ। ऐनको व्यबस्था वमोजिम १० प्रतिशतको सिमा नघाई रकमान्तर गरेको नियमसम्मत देखिएन।

(रु. हजारमा)

| मन्त्रालयको नाम | शुरु विनियोजन | रकमान्तर थप | रकमान्तर घट | खुद वजेट | रकमान्तर प्रतिशत |
|---|---|---|---|---|---|
| प्रदेश व्यबस्थापिका सचिवालय | ३२४३१० | ५११४४ | ० | ३७५४५४ | १५.७७ |
| मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय | ३७५४३० | ६६३२५ | ० | ४४१७५५ | १७.६६ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | १८४३९६ | १९२९९ | ० | २०३६९५ | १०.४६ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय कार्यक्रमखर्च (अर्थ विबिध समेत) | ४३५५०८९ | ० | २४५१५०४ | १९०३५८५ | ५६.२९ |
| अन्तरसरकारी बित्त हस्तान्तरण स्थानीय तह | २५००००० | १२३९०४७ | ० | ३७३९०४७ | ४९.५६ |
| **जम्मा** | **७७३९२२५** | **१३७५८१५** | **२४५१५०४** | **६६६३५३६** | |

अन्तरसरकारी वित्त व्यबस्थापन ऐन २०७४ को परिच्छेद ८ को दफा २९ अनुसार पूँजिगत वजेटमा विनियोजन भएको रकम चाँलु वजेटमा रकमान्तर गर्न नपाउने व्यबस्था छ। मन्त्रालयले ऐनमा भएको व्यबस्था विपरीत कार्यक्रम वजेटबाट विभिन्न मन्त्रालय र अन्तर्गत चालु वजेटमा रकमान्तर गरेको नियम सम्मत देखिएन।

९. **भैपरी वजेट -** बजेट निर्माण गर्दा भैपरी आउने खर्चको लागि रु. ४३ करोड ३७ लाख ३ हजार मन्त्रालयको कार्यक्रम बजेटमा समावेस भएको देखियो। भैपरी आउने वजेटबाट चालु र पुजिँगतमा खर्च गर्न पाउने सिमा निर्धारण नगरी एकमूष्ट वजेट व्यबस्था गरेको देखियो। मन्त्रालयले भैपरी आउने चालु वजेटबाट कार्यक्रम बजेट अन्तर्गत बजेट विनियोजन गरी चालु तथा कार्यक्रम वजेटमा सिमा नराखी रकमान्तर गर्नु वजेट सिद्धान्त विपरित देखियो। मन्त्रालयको निर्णय अनुसार विभिन्न वजेट शिर्षकमा रहेको रु. २ अर्ब ७० करोड ३७ लाख ३ हजारबाट रु. २ अर्ब ४५ करोड १५ लाख ४ हजार बिभिन्न मन्त्रालय अन्तर्गत रकमान्तर गरेको छ।

१०. **वजेट भन्दा बढी रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४१ मा स्विकृत वजेटको रकम एक वजेट उपशिर्षक ,स्रोत वा खर्च शिर्षक बाट अर्को बजेट उपशिर्षक श्रोत वा खर्च शिर्षकमा रकमान्तर गर्ने अधिकार आर्थिक मामला तथा योजना मन्त्रालयको हुने व्यबस्था छ। मन्त्रालयले बिभिन्न मितिको निर्णय अनुसार अन्य ७ मन्त्रालय र स्थानीय निकायमा वजेट रकमान्तर गरेकोमा अर्थ वजेट भैपरीमा रु.४३ करोड ३३ लाख ४५ हजार मात्र रकम रहेकोमा उक्त शिर्षकमा भएको रकम भन्दा १ अर्ब ११ करोड ७० लाख बढी रकम रकमान्तर गरेको देखियो। वजेट नभएको शिर्षकबाट रकमान्तर गरी विभिन्न चालु वजेट शिर्षकमा खर्च गरेको भएतापनि उक्त रकम अन्य कार्यक्रम वजेटबाट खर्च भएको देखियो।

११. **चौमासिक प्रगति -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २६ अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूचि- ३ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयारगरी

तालुक निकाय र प्रदेश लेखा ईकाई कार्यालयमा पठाउनु पर्ने ब्यबस्था रहेको छ । मन्त्रालय र अन्तर्गत कार्यालयले यो बर्ष चालु तर्फ रु.९ अर्ब ७६ करोड ४२ लाख ५४ हजार र पूँजीगत तर्फ रु.११ अर्ब ४३ करोड ८६ लाख ७६ हजार खर्च गरेकोमा निर्धारित ढाँचामा प्रगति बिबरण तयार नगरेको तथा अन्य मन्त्रालयबाट प्रगती विवरण लिई मूल्याङकन तथा बिश्लेषण गरेको देखिएन ।

१२. **बजेट तथा कार्यक्रमको मूल्यांकन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ अनुसार तालुक निकायले नियम २६ अनुसारको चौमासिक बिबरण प्राप्त भए पछि त्यसको भौतिक र वित्तीय पक्षको सामूहिक समिक्षा गर्नु पर्ने व्यबस्था रहेको छ । वजेटको भौतिक तथा कार्यक्रम कार्यन्वयन अवस्थाको मूल्यांकन गरी मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको दुई महिनाभित्र राजस्व, खर्च, आयोजना र कार्यक्रम संचालन गर्न नेपाल सरकारबाट प्राप्त हुने वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण, प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यन्वयन अवस्था र अन्य आवश्यक विवरणहरु सहित सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले बजेट तथा कार्यक्रमको मूल्यांकन गरेको नदेखिएकोले कार्यक्रमबाट अपेक्षित उपलब्धि हासिल भए/नभएको यकिन हुन सकेन । नियमानुसार मन्त्रालयले आवधिक तथा वार्षिक कार्यक्रम मूल्यांकन गर्नुपर्दछ ।

१३. **वित्तीय प्रतिवेदन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ मा कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले सो बमोजिम वित्तीय प्रतिवेदनहरु सार्वजनिक गरेको पाईएन । अतः कानुनको परिपालना गर्नुपर्दछ ।

१४. **सशर्त अनुदानको अनुगमन -** मन्त्रालयले विभिन्न ११ संस्थाहरुलाई भवन निर्माण, पार्क निर्माण , सालिक निर्माण, संग्रहालय भवन निर्माण, संस्थाको पूर्वाधार निर्माण जस्ता कार्यक्रम गर्नको लागि २०७६।२।१२ को मन्त्रीस्तरीय निर्णयबाट रु. ७ करोड १० लाख शशर्त अनुदान उपलब्ध गराएकोमा मन्त्रालयले अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरेको देखिएन ।

१५. **दोहोरो अनुदान -** गिरीजा प्रसाद कोईराला फाउण्डेशनलाई स्वास्थ्य कार्यालय विराटनगरबाट रु. २० लाख र यो मन्त्रालयबाट रु.४० लाख समेत रु. ६० लाख, मदन भण्डारी प्रतिष्ठान उर्लाबारीलाई उद्योग वन तथा वातावरण मन्त्रालयबाट रु. १ करोड, यस मन्त्रालयबाट रु. २ करोड, संस्कृति पर्यटन तथा नागरीक उड्ययन मन्त्रालयको संघीय वजेटबाट रु. ५ करोड, सुखानी सहादत स्थल संरक्षण र सहिद स्मृति उद्यानको लागि उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयबाट रु. १ करोड ३० लाख र यस मन्त्रालयबाट रु. ४० लाख अनुदान निकासा भएको छ । एउटै निकायलाई विभिन्न काम देखाई विभिन्न निकायबाट वजेट तथा कार्यक्रम राखी शशर्त अनुदान रकम दिएकोमा सोको विल भर्पाई पेश गर्न लगाउने र अनुगमन गर्ने गरेको देखिएन । सरकारी तथा गैर सरकारी निकायलाई एउटै निकायबाट बजेट व्यवस्था गरी बजेट उपयोगको प्रभावकारी अनुगमन समेत हुनुपर्दछ ।

१६. **प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा पारी खरिद गर्न नहुने तथा नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनीबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालयले पटक पटक गरी विभिन्न व्यक्ति, फर्म, कम्पनीबाट रु. २७ लाख १४ हजारको मालसामान सोझै खरिद गरेको नियमसम्मत देखिएन ।

१७. **कर्मचारी व्यवस्थापन -** मन्त्रालयले स्वीकृत दरवन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ । प्राप्त विवरण अनुसार विभिन्न तहमा कुल ३४ जनाको दरवन्दी रहेकोमा यो वर्ष २० पदपूर्ति भएको देखियो । स्वीकृत दरवन्दी वमोजिम १४ पद रिक्त रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति नहुदा सेवा प्रवाहमा कठिनाई पर्ने भएकोले मन्त्रालयवाट प्रदान गरीने सार्वजनिक सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी र दिगो वनाउन दरवन्दी अनुसारको पदपूर्ति हुनुपर्दछ ।

१८. **प्रदेश आर्थिक कार्यप्रणाली -** नेपालको संविधान, २०७२ अनुरुप कानुनबमोजिम बाहेक प्रदेशमा कुनै कर लगाइने र उठाइने एवं संघीय कानुनबमोजिम बाहेक प्रदेश सरकारले कुनै ऋण लिने र जमानत दिने व्यवस्था छैन । गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिएका सबै कर्जा, प्रदेश ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारबाट प्राप्त हुने अनुदान एवं ऋण रकम प्रदेश ऐनद्वारा अर्को कुनै व्यवस्था नभएसम्मको लागि एक प्रदेश सरकारी कोषमा आम्दानी बाँध्ने व्यवस्था छ । यस्तो कोषलाई प्रदेश सञ्चित कोष भनिने र उक्त कोषबाट हुने व्यय र कोष माथि व्ययभारको लागि प्रदेश सभाको अधिकारसमेत सुनिश्चित रहेको छ । प्रदेशको राजस्व र व्ययको अनुमान, प्रदेश विनियोजन ऐन, पेस्की खर्च, उधारो खर्च, प्रदेश आकस्मिक कोष र आर्थिक

कार्यविधि सम्बन्धी ऐन सम्बन्धी कार्यविधि आर्थिक कार्यप्रणालीमा व्यवस्था गरेको छ। आर्थिक कार्य प्रणालीमा सुधार गर्नुपर्ने विषयहरु परिच्छेद ५ मा संलग्न छ।

१९. **सेवा प्रवाह -** जनताले प्राप्त गर्ने सेवा प्रवाह चुस्त र भरपर्दो बनाउनु पर्ने र आर्थिक पक्षसँग सम्बन्धित भूमिकालाई मन्त्रालयले सवल तथा अनुशासित बनाउन सेवा प्रवाह व्यवस्थित हुनुपर्दछ। कर्मचारी व्यबस्थापन दरवन्दी बमोजिम नभएको, विभिन्न कर तथा शुल्कको उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा गर्न बाँकी रहेको, राजश्व चुहावट सम्बन्धी नीतिको कानून तथा मापदण्ड तर्जुमा गर्न बाँकी देखिएको छ। संस्थागत, प्राविधिक र श्रोत परिचालन क्षेत्रमा दक्षता वृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

## प्रदेश लेखा नियन्त्रक कार्यालय

२०. **वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश संचित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश संचित कोषको सञ्चालन, एकिकृत लेखा वित्तीय विवरण २०७६ कार्तिक मसान्त भित्र महालेखा नियन्त्रक कार्यालय तथा महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्नेमा सो अवधि भित्र पेश हुन सकेन। तोकिएको समयमा वित्तीय विवरण पेश गर्ने व्यवस्था हुनुपर्दछ।

२१. **प्रदेश संचितकोष** -संविधानको भाग१६ धारा २०४ अनुसार गुठी रकम वाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारको राजश्व, अनुदान, ऋण लगायतको रकम प्रदेश सरकारको सचिंतकोषमा आम्दानी बाधिँने व्यवस्था छ। यो वर्ष प्रदेश सरकार हरुको सचिंत कोषको प्राप्ती तथा भुक्तानी विवरण देहाय अनुसार छ।

(रु. हजारमा)

| (क) प्राप्ती | रकम |
|---|---|
| १.गत वर्षको मौज्दात जिम्मेवारी | ३६८७७९ |
| २.राजस्व तथा अनुदान | |
| २.१. कर राजस्व | ८१३१७९७ |
| २.२. अन्य राजस्व | १२१५२५२ |
| २.३. गत वर्षको नगद मौज्दात तथा बेरुजू | २३४७८ |
| २.४.समानीकरण अनुदान | ६६१०३०० |
| २.५. समपुरक अनुदान | ६८०००० |
| २.६. सशर्त अनुदान | १०५६४५६७ |
| २.७. विशेष अनुदान | ६५७१०६ |
| ३. वित्तीय व्यवस्था | |
| ३.१. सोधभर्ना हुने गरी भएको खर्च | ० |
| ३.२. ऋण लगानी फिर्ता | ० |
| ३.३. शेयर विक्री | ० |
| ३.४.बैदेशिक ऋण प्राप्ती | ० |
| ४.अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम | -४६२०८४४ |
| ५.चालु आर्थिक वर्षको संचितकोषको खुद मौज्दात | ० |
| ६.विगत आर्थिक वर्षको खुद मौज्दात | -२४२७५०५ |
| ७.बैंकबाट भुक्तानी नभएको खर्च समायोजन | ० |
| **जम्मा प्राप्ती** | **२१२०२९३०** |
| **(ख) भुक्तानी** | |
| १.चालु वर्षको भुक्तानी | |
| १.१.संचित कोष माथी व्यभार हुने रकममा खर्च | २३८० |
| १.२.विनियोजन ऐन द्वारा भएको खर्च (चालु) | ९७६१८७४ |
| १.३.विनियोजन ऐन द्वारा भएको खर्च (पूँजिगत) | ११४३८६७६ |
| १.४ बैंक समायोजन | ० |
| २. वित्तिय व्यवस्था भुक्तानी | |
| २.१.आन्तरिक ऋणको सावा भुक्तानी | ० |
| २.२.बाह्य ऋणको साँवा भुक्तानी | ० |
| २.३. ऋण लगानी तथा शेयर लगानी | ० |
| **जम्मा भुक्तानी** | **२१२०२९३०** |

प्रदेश सञ्चित कोषको आय-व्ययबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

२१.१. प्रदेश सरकारको कुल खर्च रु. २१ अर्ब २० करोड २९ लाख ३० हजार रहेको छ। जुन बार्षिक शुरु बिनियोजन रु.३५ अर्ब ९३ करोड ६० लाख १४ हजार को तुलनामा ५९ प्रतिशत रहेको छ। अन्तिम कायम हुन आएको बजेट रु. ३८ अर्ब ४९ करोड २५ लाख ३९ हजार को तुलनामा ५५.०८ प्रतिशत मात्र रहेको छ।

२१.२. आर्थिक बर्ष २०७५।७६मा संकलन भएको प्रदेश सरकारले प्राप्त गरेको रु.१० अर्ब ८८ करोड २२ लाख रकम मध्ये बाँडफाँट गर्नु पर्ने प्रकृतिको रु.१ अर्ब ५१ करोड १६ लाख ८७ हजार रहेको छ। सो मध्ये वन रोयल्टी बाँडफाड वापतको रकम प्राप्त हुन बाँकी रहेको छ। सवारी साधन करको प्रदेश तर्फको आम्दानी रु.७७ करोड ९५ लाख ६० हजार संचित कोष दाखिला भएको उल्लेख छ।

२१.३. आर्थिक बर्ष २०७५।७६मा नेपाल सरकारबाट रु.१८ अर्ब ४९ करोड ४७ लाख ६२ हजार अनुदान प्राप्त भएकोमा शशर्त अनुदानको हिस्सा ५७.०२ प्रतिशत रहेको छ।

२१.४. सशर्त, समपुरक र बिशेष अनुदान गरी रु. ११ अर्ब ८८ करोड ४३ लाख ६२ अनुदान प्राप्त भएकोमा रु.७ अर्ब २६ करोड ३६ लाख १८ हजार अर्थात ६१.११ प्रतिशत मात्र खर्च भएको र रु.४ अर्ब ६२ करोड ८ लाख ४४ हजार नेपाल सरकारको संचित कोषमा दाखिला हुन बाँकी रहेको छ ।

२१.५. आर्थिक बर्ष २०७५।७६मा प्रदेश नं १ सरकारले वित्तीय हस्तान्तरण मार्फत रु. ३ अर्ब ६५ करोड ३० लाख ८६ हजार १३७ स्थानीय तहमा हस्तान्तरण गरेको रकम चालु वजेटमा खर्च देखाएको छ। शशर्त अनुदानको हिस्सा ८६.३१ प्रतिशत अर्थात रु. ३ अर्ब ६५ करोड ३० लाख ६८ हजार निकासाको आधारमा खर्च देखाएको छ उक्त रकम स्थानीय तहले खर्च गरी बाँकी रहेको रकम प्रदेश सचित कोषमा फिर्ता गरी हिसाव अध्याबधिक गरेको छैन।

२१.६. प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्र भित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने रकमको अध्यावधिक अभिलेख राखि प्राप्त भएको रकमको स्पष्ट देखिने गरी संचितकोषमा आम्दानी बाँधेको छैन।

२१.७. राजस्व व्यवस्थापन सूचना प्रणालीबाट संघीय विभाज्य कोषमा आम्दानी बाँधेको मध्ये प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर हुन बाँकी रहेको रकम यकिन गरी आम्दानी बाधेका छैन।

२२. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ९७ मा प्रदेश सरकारी कार्यालयहरुको विनियोजन,राजश्व धरौटी तथा अन्य कारोवारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यबस्था रहेको छ। कार्यालयले लेखापरीक्षण गर्दा लेखा कानून अनुसार राखे नराखेको,वित्तिय साधनको उपयोग मितव्ययी तवरबाट भए नभएको आर्थिक कारोवारले यथार्थ चित्रण गरे नगरेको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी भए नभएको जस्ता कुरामा केन्द्रीत भई लेखा नियन्त्रक कार्यालयबाट तयार गरी लागु गरेको आन्तरिक लेखापरीक्षण निर्देशिका अनुरुपको कार्य विधि अपनाई चौमासिक रुपमा आन्तरिक लेखा परीक्षण गर्नु पर्ने व्यबस्था रहेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले लेखापरीक्षण निर्देशिका तयार गरेको छैन।

२३. **बेरुजुको लगत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५को नियम १०१ अनुसार महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई कायम भएको वेरुजु सम्वन्धित कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालमा पठाउनु पर्ने व्यवस्था छ। तालुक निकायले आफू अन्तर्गतका निकायको वेरुजुको लगत अध्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा उपलव्ध गराउनु पर्ने र सोको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बेरुजुको एकिकृत लगत तयार गर्नु पर्ने व्यबस्था छ। नयाँ कायम भएको वेरुजुको सम्वन्धमा प्रदेश लेखा नियन्त्रक कार्यालयले लगत राख्ने उल्लेख भएतापनि साविक कार्यालयहरुको वेरुजुहरुको सम्वन्धमा नियममा उल्लेख गरेको छैन।

- **बेरुजू स्थिति -** कार्यालयको लेखापरीक्षणबाट यो बर्ष लगती बेरुजु देखिएको छैन। यस सम्वन्धी विवरण **अनुसूँची ९** मा रहेको छ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेशमा शान्ति सुरक्षा र सुव्यबस्था सम्वधि नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सूचना संकलन, मूल्यांकन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेश स्तरका ईन्टरनेट सेवा र अनलाईन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो बर्ष विनियोजन रु.६८ करोड ४ लाख ३७ हजार, राजश्व रु.१ लाख ७५ हजार र धरौटी रु.२ करोड १० लाख ११ हजार अन्य कारोवार रु. १३ लाख १० हजार समेत रु.७० करोड २९ लाख ३३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन ।

१. **बजेट खर्च -** मन्त्रालयलाई रु. १ अर्ब २९ करोड ४ लाख ९८ हजार वजेट विनियोजन भएकोमा रकमान्तर पछि कायम वजेट रु. १ अर्ब २९ करोड १५ लाख ९८ हजार मध्ये रु. ७१ करोड ३० लाख ८२ हजार खर्च भएको छ। विनियोजित रकममध्ये चालु तर्फ रु. ८ करोड ८३ लाख ७१ हजार (३४.०३ प्रतिशत) पूँजिगत तर्फ रु. ६२ करोड ४७ लाख ११ हजार (६०.५३ प्रतिशत) वजेट खर्च भई कूल ५५.२० प्रतिशत खर्च भएको छ ।

२. **अन्य निकायमा अख्तियारी -** मन्त्रालयले यो वर्ष विभिन्न कार्यालयहरुलाई भौतिक निर्माण, प्रहरी कार्यालय मर्मत एवं सुधार, महिला प्रहरी ड्रेश चेन्जिङ्ग रुम, नागरीक सहायता कक्ष, प्रदेश प्रहरी हेड क्वार्टर, ४९ प्रहरी चौकी, र महिला व्यारेक जस्ता निर्माणका लागि रु. ३९ करोड २ लाख २८ हजारको अख्तियारी दिएको छ। ती निकायहरुको निर्माण कार्य कुन चरणमा रहेको छ सो सम्वन्धमा मन्त्रालयले अनुगमन गरेको छैन् ।

३. **नीति तथा कार्यक्रमको कार्यान्वयन -** अर्थमन्त्रिबाट २०७५।३।१ मा प्रस्तुत बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रममध्ये मन्त्रालय सँग सम्बन्धित नीति तथा कार्यक्रमहरुको समिक्षा गरी प्रगति बिबरण तयार गरेको छैन । संसदमा प्रस्तुत नीती तथा कार्यक्रममध्ये यस मन्त्रालयसँग सम्बन्धित विपद व्यवस्थापनका लागि मुख्यमन्त्री प्राकृतिक प्रकोप सहायता कोष स्थापना, प्रादेशिक विधि विज्ञान प्रयोगशाला स्थापना, प्रदेशका १४ जिल्लामा मुख्य मुख्य स्थानहरुमा सि. सि. टि. भि जडान, डिजिटल सूचना डेस्कको स्थापना, प्रदेश सरकार र स्थानीय तह मार्फत नागरिकलाई विद्युतीय सुशासन मैत्री प्रशासनको अनुभुति दिलाइने, सूचना प्राविधि पार्क स्थापना गर्न सम्भाव्यता अध्ययन कार्यलाई अघि बढाइने, प्रदेश प्रेस काउन्सिलको गठन र सूचना केन्द्रको निर्माण प्रकिया अगाडि बढाइने,प्रदेशमा एक पत्रकार सहायता कोषको स्थापना, आम सञ्चार प्रशिक्षण प्रतिष्ठान गठनका लागि आवश्यक कानून निर्माण गरिने, राष्ट्रसेवक कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली र अन्य सुविधा प्रदान गरिने, प्रदेशका कला साहित्य र संस्कृतिको जगेर्ना र विकास गर्न एक प्रतिष्ठानको स्थापना गर्ने, सबै जिल्लाहरुमा जातीय संग्रहालय स्थापना, जेष्ठ नागरिक कल्याण समितिको गठन, जेष्ठ नागरिक ग्राम स्थापना र जेष्ठ नागरिक स्वास्थ्य शिविर सञ्चालन गर्ने, चलचित्र हवको रुपमा विकास गर्न आवश्यक कानूनी र नीतिगत प्रवन्ध गर्ने र चलचित्र नगरीको लागि आवश्यक पूर्वाधार निर्माण गरीने र सामाजिक न्यायका लागि मुख्यमन्त्री कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन भएको देखिएन ।

४. **अधिकार क्षेत्र -** नेपालको संविधान को धारा ५७ को अनुसूचि ५ देखि ९ सम्म संघको अधिकार क्षेत्र ,प्रदेशको अधिकार क्षेत्र, संघ र प्रदेशको साझा अधिकार क्षेत्र र स्थानीय तहको अधिकार क्षेत्रको सम्वन्धमा उल्लेख गरेको छ। यस्तो अधिकार संघीय अधिकारको विषय संघीय कानून अनुसार र प्रदेश अधिकारको विषय प्रदेश कानून अनुसार र संघ तथा प्रदेशको संयुक्त अधिकारको विषयको सम्वन्धमा त्यस्तो अधिकारको प्रयोग संबिधान, संघीय कानून र प्रदेश कानून वमोजिम हुने व्यबस्था रहेको छ । तर संघ र प्रदेशको साझा अधिकारको विषयमा संविधान वा संघीय कानूनमा प्रष्ट उल्लेख भएको वाहेक प्रदेश मन्त्रिपरिषदले कार्यकारिणी अधिकारको प्रयोग गर्दा नेपाल सरकारसंग समन्वय गरी गर्नु पर्ने व्यबस्था रहेको छ। शान्ति सुरक्षा र प्रदेश प्रहरीको सम्वन्धमा कानून नवनेको अबस्थामा समेत नेपाल सरकार संग समन्वय नगरी सो सम्बन्धि विभिन्न कार्यक्रमहरु तय गरी मन्त्रालयले वजेट खर्च गरेको छ । यस बर्ष प्रहरी कार्यालयको अतिरिक्त १४ जिल्ला प्रशासन कार्यालय, १४ कारागार कार्यालय, १ शशस्त्र प्रहरी वल र १ ईलाका प्रशासन कार्यालयमा समेत ४५ संघीय निकायलाई मन्त्रालयले रु. ३९ करोड २ लाख २८ हजार वजेट खर्च गर्ने अख्तियारी दिई खर्च भएको छ। यसरी नेपाल सरकार संगको समन्वय बेगर कार्यक्रम तय गरी खर्च गर्नु मनासिव देखिएन ।

५. **"म अघि बढ्छु" कार्यक्रम -** मन्त्रालयले आजका किशोर किशोरी देशका कर्णधार, यिनीहरुको समक्षता नै समुन्नतीको आधार भन्ने नाराका साथ म अघि बढ्छु सचेतना कार्यक्रम सञ्चालनका लागि यो बर्ष २ करोड ५० लाख विनियोजन भएको मध्ये रु. १ करोड ११ लाख ८५ हजार खर्च भएको छ । प्रदेशको सामाजिक पक्षलाई सुदृढ गर्दै किशोर अवस्थामा प्रवेश गरेका कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने १३-१९ बर्ष उमेर समूहका विद्यार्थीहरुलाई सक्षम, सवल, जिम्मेवार, चरित्रवान, सकारात्मक,सुसंस्कृत, नैतिक, सभ्य, लागु औषध दुर्व्यसनबाट मुक्त, सृजनशील, सामाजिक उत्तरदायित्व तथा समतामूलक समाज निर्माण गर्न सहयोग पुऱ्याउने लक्ष्यका साथ विभिन्न उद्देश्य हासिल गर्ने गरी यो कार्यक्रम संचालन गरेको देखियो । कार्यक्रमको उद्देश्य बृहद रहेको भएपनि मुख्य लक्ष्य किशोर किशोरीहरुलाई लागु औषध कुलतबाट मुक्त राख्ने रहेको छ । हाल यस्ता दुर्व्यसनिहरु १० प्रतिशत रहेको मन्त्रालयबाट प्रकाशित बुलेटिनमा उल्लेख भएको भएतापनि यस सम्वन्धमा अध्ययन गरी निकालिएको आधिकारिक दस्तावेज मन्त्रालयमा रहेको पाइएन । उपरोक्त उद्देश्य पूर्तिको लागि छुट्टै कार्यक्रम सन्चालन गर्नु भन्दा यो बिषय बस्तुलाई बिद्यालयको पाठ्यक्रममा समावेस गरी अनिबार्य शिक्षा मार्फत प्रदान गर्न सके किफायती एवं सरल तरिकाबाट यस्तो उद्देश्य परिपूर्ति हुन सक्ने देखिन्छ ।

६. **आपतकालीन कार्यसञ्चालन केन्द्र -** स्थानीय तहमा आपतकालीन कार्य संचालन केन्द्र संचालनको लागि प्रदेश सरकारबाट निर्माण हुने विपद व्यबस्थापन सम्वन्धि पोर्टल तथा मोवाईल एप्लीकेशन उपलब्ध गराई स्थानीय विपदको सूचना आदान प्रदान गर्न सहयोग पुऱ्याउन तत्काल प्रत्येक स्थानीय तहको लागि १ थान डेक्सटप कम्प्युटर ,१ थान प्रिन्टर र १ थान मोवाईल सेट १३७ स्थानीय तहका लागि रु. १ करोड १७ लाख ६६ हजारमा खरिद गरी  हस्तान्तरण गरेको देखियो । स्थानीय तहको लेखापरीक्षणको सिलसिलामा हस्तान्तरित यी सामानहरु स्थानीय तहले सम्वन्धित काममा प्रयोग गरेको नपाईएकाले खर्चको उपादेयता देखिएन ।

७. **आर्थिक सहयोग -** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ४२(१) अनुसार सरकारी नगदि जिन्सी कुनै संस्थालाई हस्तान्तरण वा दान दातव्य गर्दा वा आर्थिक सहायता दिँदा आर्थिक मामिला तथा योजना मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले दिने वा नदिने निर्णय गर्न सक्ने व्यवस्था छ । प्रदेश सरकारबाट जारी सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका २०७५ को दफा २९ अनुसार सरकारको वार्षिक कार्यक्रममा परेका वाहेक कुनै पनि सरकारी वा गैर सरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने उल्लेख छ। एक स्थानीय तहका नगर प्रमुखको मृत्यु भएकाले सम्वन्धित स्थानीय तहले आर्थिक वर्ष २०७४।७५ मा वित्तिय समानिकरण अनुदान (चालु) बाट उपचार खर्च  रु. ५ लाख सहयोग गरेकोमा पुनः मन्त्रालयले यो बर्ष रु. ३ लाख उपचार खर्च सहयोग गरेको छ । यसै गरी  यो वर्ष विभिन्न ४ व्यक्तिलाई आर्थिक सहयोग बापत रु. १० लाख ३९ हजार उपलब्ध गराएको छ । मन्त्रालयले यस्ता आर्थिक  सहयोगहरु उपलब्ध गराउदा निश्चित मापदण्ड तयार गरेर मात्र दिनुपर्दछ ।

८. **स्वीकृत कार्यक्रम र खर्च -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २४(१) अनुसार कार्यालयले उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेट अन्तरगत आफ्नो मन्त्रालय र अन्तरगत सञ्चालन हुने कार्यक्रम सम्बन्धित मन्त्रालयले स्वीकृत गर्नुपर्ने उल्लेख छ । प्रदेश मन्त्रिपरिषदको २०७६।३।२९ को निर्णय अनुसार सामुदायिक रेडियो प्रसारक संघ, नेपाललाई रु. ५ लाख र रेडियो उन्नती भोजपुरलाई रु. ५ लाख गरी जम्मा रु. १० लाख स्वीकृत कार्यक्रम बेगर खर्च लेखेको छ ।

९. **जिन्सी सामान हस्तान्तरण -** अन्तर सरकारी बित्त व्यबस्थापन ऐन, २०७४ को परिच्छेद ४ मा प्रदेशले कानून अनुसार स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान, शसर्त अनुदान, समपूरक अनुदान र बिशेष अनुदान दिन सक्ने व्यबस्था  छ । सो वाहेक अन्य अनुदान दिन पाउने व्यवस्था छैन । साथै प्रदेशले  संघीय कार्यालयहरुलाई वजेट तथा जिन्सी सामान दिने व्यबस्थापनि कानूनमा देखिएन । सडक सुसासन कार्यक्रम अन्तर्गत मन्त्रालयले ब्रेथलाईजर २० थान, हुईल लक १०० थान र रेडगन ७ थान समेत रु.७७ लाख १० हजार मुल्यका सामान खरिद गरी ट्राफिक कार्यालयलाई हस्तान्तरण गरेको देखियो । संसोधित कार्यक्रम मार्फत नीजि क्षेत्रको व्यवसायिक संस्था ब्रोडकास्टिङ्ग नेपाललाई रु.४ लाख ९५ हजारमा एफ.एम ट्रान्समिटर खरिद गरी हस्तान्तरण गरेको छ । निजि क्षेत्रवाट संचालित व्यवसायिक संस्थालाई नियमित कार्यक्रम संसोधन गरी सामान खरिद गरी हस्तान्तरण भएको कार्य नियम सम्मत देखिएन ।

१०. **सवारी साधन खरिद -** आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको सार्बजनिक खर्चको मापदण्ड,कार्यबिधि, र मितव्ययिता सम्वन्धि निर्देशिका, २०७५को नियम ११ मा सरकारी सवारी साधन खरिद सम्वन्धि प्रकृया र मापदण्ड तोकिएको छ । सो अनुसार मुख्यमन्त्री वा समान स्तरका पदाधिकारीलाई रु. १ करोड सम्मको र सभामुख, मन्त्री तथा प्रमुख सचिवलाई रु. ७५ लाख सम्मको सवारी साधन उपलब्ध गराउन सकिने व्यवस्था छ । विशिष्ट पदाधिकारीको पदीय मर्यादा, सुरक्षा र जिम्मेवारीलाई मध्यनजर गर्दै उल्लेखित

मापदण्ड भन्दा बढी मूल्यको सवारी साधन खरिद गर्न आवश्यक परेमा पुष्ट्याई सहित आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यबस्था रहेको छ । मन्त्रालयले तोकिएको मापदण्ड भन्दा बढी हुने गरी रु. १ करोड ७९ लाख ५० हजार मुल्यको १ थान र रु. २ करोड ७ लाख ५० हजार मुल्यको १ थान गरी २ थान सवारी साधन खरिद गरेको देखियो । मापदण्डमा तोकिएको खरिद मुल्यको सिमा नघाई सवारी साधन खरिद गर्दा सोको पुष्ट्याई खुलाएको देखिएन ।

मन्त्रालयको स्विकृत कार्यक्रम तथा बजेट अनुसार यो बर्ष प्रदेश अन्तर्गत विभिन्न सुरक्षा निकायको लागि रु. १२ करोड ४६ लाख ९६ हजारको २७४ थान मोटर साईकल र १७ थान गाडी खरिद गरी विभिन्न प्रहरी कार्यालय तथा शशस्त्र प्रहरी कार्यालयमा हस्तान्तरण गरेको देखियो । यी प्रहरी कार्यालयहरु संघीयबजेटबाट संचालन भएका र प्रदेश मन्त्रालयलाई हस्तान्तरण नहुदै सवारी साधन खरिद गर्न वजेट व्यबस्था भई खर्च भएको देखियो । संघीयवजेटबाट संचालन हुने कार्यालयहरुलाई प्रदेश मन्त्रालयबाट वजेट विनियोजन गरी जिन्सी सामान खरिद गरी हस्तान्तरण हुँदा खर्चमा दोहोरोपना हुन सक्ने देखियो । तसर्थ जुन तहबाट संचालित कार्यालय हो सोही तहबाट मात्र वजेट विनियोजन तथा खर्च गर्ने व्यबस्था हुनुपर्दछ ।

११. **खरिद कारोवार -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) मा सार्वजनिक निकायले रु. २० हजार भन्दा बढी रकमको मालसामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था छ । मन्त्रालयले विभिन्न तालिम कार्यक्रम संचालन गर्दा खाना, खाजा र वासखर्च वापत भुक्तानि भएको रु. १० लाख ९३ हजारको मूल्य अभिवृद्धि कर विजक पेश भएको देखिएन । कानूनी व्यवस्था बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म मार्फत खरिद कारोवार गर्नुपर्दछ ।

१२. **कन्फरेन्स स्टुडियो -** जिल्लामा नियमित एवं आकस्मिक रुपमा हुने घटना तथा गतिविधिहरुको तुरन्त जानकारी प्राप्त गर्न एवं आवश्यक निर्णय, निर्देशन प्रवाह गर्न सरल होस भन्ने अभिप्रायले प्रदेश अन्तर्गतका १४ जिल्लाका जिल्ला प्रशासन कार्यालयमा सम्पर्क स्टेशन रहने गरी रु.४४ लाख ८१ हजारको सामान खरिद गरी मन्त्रालयमा भिडियो कन्फरेन्स स्टुडियो स्थापनामा खर्च गरेको छ । सो खर्चको उपयोगिता स्पष्ट हुन आएको छैन । उक्त स्टुडियोको व्यवस्थित रुपमा संचालन गर्नुपर्दछ ।

१३. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनीबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालयले पटक पटक गरी विभिन्न व्यक्ति, फर्म, कम्पनीबाट रु. ३० लाख ८६ हजारको कार्यालय सामान सोझै खरिद गरेको देखियो । नियमावलीमा भएको व्यवस्थाको पालना गरी खरिद कार्य हुनुपर्दछ ।

१४. **घर जग्गा लगत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ५४ अनुसार प्रत्येक कार्यालयले आफ्नो स्वामित्वमा रहेको सरकारी घर जग्गाको लगत निर्धारित ढाँचामा राख्नु पर्ने र यसरी राखेको लगत तालुक विभाग ,मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सम्वन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यबस्था रहेको छ । यसरी प्राप्त भएको घर जग्गाको लगत प्रदेश लेखा नियन्त्रक कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयले विद्युतीय प्रणालीमा अध्यावधिक गर्नुपर्ने व्यबस्था रहेको छ । मन्त्रालयले लगत अध्यावधिक गरेको देखिएन ।

- **बेरुजू स्थिति -** प्रदेश कार्यालय तर्फ ५ निकायमा रु. ४ करोड ५ लाख ४७ हजार पेश्की बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फछ्र्यौट नगरेकोले सो रकमनै बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची ९** मा समावेश छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

व्यापार बाणिज्य र बजार प्रतिस्पर्धा सम्वन्धी प्रादेशिक नीति कानुन,मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषण सम्वन्धी प्रादेशिक नीति, प्रदेश स्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यबस्थापन, प्रदेश भित्र भूस्खलन नियन्त्रण जस्ता कार्यगर्ने गरी यस मन्त्रालयको स्थापना भएको हो ।

यो बर्ष विनियोजन रु.२ अर्ब ३२ करोड ६२ लाख २४ हजार, राजश्व रु. २९ करोड २५ लाख ५ .हजार र धरौटी रु.२८ करोड ८५ लाख ५० हजार अन्य कारोवार रु १६ करोड १८ लाख ६५ हजार समेत रु. ३ अर्ब ६ करोड ९१ लाख ४४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन ।

१. **नीति तथा कार्यक्रम -** आर्थिक मामिला तथा योजना मन्त्रीले २०७५।३।१ मा प्रदेश सभामा प्रस्तुत गरेको बजेट पुस्तिका अनुसार यो वर्ष पर्यटन क्षेत्रमा २ हजार रोजगारी सिर्जना गरिने, पर्यटन व्यबसायी र युवाहरुलाई पर्यटन उद्योगमा आकर्षित गर्ने, तालिम र सहुलियत ऋणको व्यबस्था, युवा द्वारा युवामैत्री पर्यटन सेवा अन्तर्गत १०० वटा समुहमा होमस्टे विकास, जल यातायात संचालन, साहसिक पर्यटनका लागि सम्भाव्यता अध्ययन जस्ता नीति तथा कार्यक्रम रहेकोमा मन्त्रालयले उल्लेखित नीतिहरुको कार्यान्वयन भए नभएको, कार्यान्वयनमा देखिएका कमि कमजोरि र आगामि दिनमा गर्नु पर्ने सुधार समेतको समीक्षात्मक प्रगति विवरण तयार गर्नु पर्नेमा सोको प्रगति विवरण तयार गरेको देखिएन ।

२. **वित्तीय प्रतिवेदन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ मा कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो बमोजिम वित्तीय प्रतिवेदनहरु सार्वजनिक गरेको पाईएन । अतः कानुनको परिपालना गर्नुपर्ने देखिन्छ।

३. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९४ मा प्रत्येक मन्त्रालय, सचिवालय, निकाय तथा अन्तर्गत निकायबाट सम्पादन गरीने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसार तयार गरिएको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु गराउनु लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ । सम्वन्धित मन्त्रालय, सचिवालय, निकायका लेखाउत्तरदायी अधिकृतसंग समन्वय गरी मन्त्रालयले यो नियमावली जारी भएको मितिले एक वर्ष भित्र आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी सक्नु पर्ने व्यबस्था रहेकोमा मन्त्रालयले अन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी लागु गरेको देखिएन ।

४. **परामर्श सेवा -** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ७० अनुसार सार्वजनिक निकायले रु. २० लाखभन्दा माथिको परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३० अनुसार खुल्ला रुपमा आसयपत्र मागगरी संक्षिप्त सूँची तयार गरी सूँचीमा परेका फर्म संग मात्र अलग अलग आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नु पर्ने व्यबस्था रहेको छ । यसैगरी नियम ७२ अनुसार २० लाख भन्दा घटीको काम मौजुदा सुचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यबस्था रहेको छ। यो प्रदेश अन्तर्गत बिभिन्न जिल्लाको पर्यटन प्रवर्द्धन सम्बन्धि वृत्त चित्र, पर्यटन पूर्वाधार गुरुयोजना निर्माण, पदमार्ग निर्माणको सम्भाव्यता अध्ययन, पर्यटकीय तथ्यांक अद्यावधिक गर्ने सफ्टवेयर तथा मोवाईल एप निर्माण, पर्यटन विकासका लागि विस्तृत परियोजना प्रतिवेदन तयार, केवलकार सम्भाव्यता अध्ययन, जलमार्ग सम्भाव्यता, उत्खनन सम्भाव्यता जस्ता कामको डिटेल डिजाईन, अध्ययन जस्ता परामर्शको लागि रु.२० लाखमा नबढने गरी अलग अलग ४८ वटा लागत अनुमान गरी रु ४ करोड ९५ लाख १७ हजारको कार्य प्रतिस्पर्धा वेगर गराएको देखियो । यसरी तयार भएको योजनाहरुको रिपोर्ट अनुसारको काम शुरु हुने मिति र सोको वजेट तथा कार्यक्रमको सुनिश्चितता नगरी अध्ययन तथा डिटेल रिपोर्ट तयार गरेको देखियो । तयार भएका रिपोर्टहरु मन्त्रालयले अभिलेखिकरण गरी राखेको पाइएन ।

५. **गैह्र सरकारी संस्थाबाट गोष्ठी/तालिम -** सार्बजनिक खरिद ऐन २०६३को दफा ४६ अनुसार जनचेतना सम्वन्धि तालिम अभिमूखिकरण,सवलिकरण र मुलप्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गर्न सकिने व्यबस्था रहेको छ। सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९९ अनुसार रु.१० लाख सम्मको काम गराउनको लागि प्रचलित कानून वमोजिम दर्ता भइ मौजुदा सूचिमा सूचिकृत भएका गैह्र सरकारी संस्थालाइ

कम्तिमा १५ दिनको अवधि दिई सुचना प्रकासन गरी प्रस्ताव मागगरी गुणस्तर र लागत मूल्यांकन विधि अनुसार छनौट गर्नु पर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष ३ संस्थाबाट गोष्ठी/तालिम कार्यक्रम र शान्तिवन विज्ञान मेला २०७६ संचालन बापत एक संस्था समेतलाई रु. ३० लाख ९८ हजार भुक्तानी गरेको छ। कार्यक्रम संचालन गर्ने उक्त संस्थाहरुको छनौट नियममा उल्लेख भए अनुसार भएको देखिएन।

६. **आयोजनाको स्वीकृती -** प्रदेश आर्थिक कार्यविधि नियमावली ,२०७५ अनुसार रु. १० लाख भन्दा बढी रकमको विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनु पर्नेछ। नियमावलीको अनुसूची - ४ मा उल्लेख भए बमोजिम जिल्लास्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्नेछ। यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्इङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यबस्था नियमावलीमा रहेको छ। यस मन्त्रालयले उपरोक्त अनुसारको कुनै पनि प्रकृया पुरा नगरी मन्त्रालय अन्तर्गतको ३४९ योजनाको रु.३३ करोड १३ लाख ८१ हजारको कार्यक्रम तथा वजेट स्वीकृत गरेकोले नियम सम्मत देखिएन।

७. **सिमा नघाई उपभोक्तावाट काम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश भएको रु. १ करोड रुपैयाँ सम्म लागत अनुमानको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने व्यवस्था छ। मन्त्रालयले यो वर्ष ४ योजनाको रु.४ करोड ६३ लाख ९६ हजार लागत अनुमान भएको कार्य ४ उपभोक्ता समितिवाट गर्ने गरी लागत अनुमान घटाइ रु.३ करोड ५४ लाख १७ हजारमा सम्झौता भएकोमा यस बर्ष रु.२ करोड ३२ लाख ५६ हजार भुक्तानी भएको छ। योजनाको लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जन सहभागिताको अंश समेतको रकम समावेस गरेको देखिएन। उक्त लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जन सहभागिताको अंश समेत समावेश गर्दा लागत अनुमान एक करोड भन्दा बढी देखिन्छ। लागत अनुमान एक करोड भन्दा बढी भएको योजनाको काम प्रतिस्पर्धा गराई बोलपत्रबाट गराउनु पर्नेमा उपभोक्ता समिति मार्फत गराएको नियम सम्मत देखिएन।

यसैगरी पर्यटन विकास आयोजनाले पर्यटन विकास सम्बन्धि विभिन्न योजनाको कार्य उपभोक्ता समितिवाट गराई रु. ४ करोड ५१ लाख ६६ हजार भुक्तानी दिएको छ। योजनाको लागत अनुमान तयार गर्दा ओभरहेडको अंश समावेस गरेको देखिएन। लागत अनुमानमा ओभरहेडको अंश समेत समावेश गर्दा रु. ७ करोड ८१ लाख ४१ हजारको लागत अनुमानलाई घटाइ रु. ५ करोड ८८ लाख ६८ हजार गरी एक करोड नबढ्ने गरी ६ योजनाको अलग अलग सम्झौता गरेको देखियो। एक करोड भन्दा बढी लागत अनुमान भएको योजनाको काम बोलपत्र मार्फत गराउनु पर्नेमा उपभोक्ता समिति मार्फत काम गराई खर्च गरेको नियमसम्मत देखिएन।

८. **खर्चमा सन्तुलन -** दीर्घकालिन रुपमा पर्यटकलाई आकर्षित गर्न सक्ने क्षेत्रको पर्यटकीय स्थल प्रवर्द्धन र विकास गर्ने यो मन्त्रालयको मुख्य कार्यक्रम रहेको छ। मन्त्रालयले यस वर्ष पर्यटकीय स्थल प्रवर्द्धन र विकासमा जम्मा रु. ७ करोड ९३ लाख ७५ हजार खर्च गरेको छ। यो प्रदेश अन्तगर्तका १४ जिल्ला मध्ये कुल खर्चको ७४.८३ प्रतिशत अर्थात रु. ५ करोड ९४ लाख खर्च सुनसरी र मोरङ जिल्लामा मात्र भएको देखियो। बाँकी खर्च रु. १ करोड ९९ लाख ७५ हजार संखुवासभा, खोटाङ्ग, उदयपुर, पाँचथर, झापा र धनकुटा जिल्लामा भई सोलुखुम्बु, ओखलढुंगा, भोजपुर, तेह्रथुम, ताप्लेजुङ्ग र ईलाम गरी ६ जिल्लामा कार्यक्रम सञ्चालन भएको देखिएन। क्षेत्रगत खर्चको विश्लषण गर्दा कुल खर्च मध्ये मठ मन्दिर मर्मतमा ६८.६७ प्रतिशत अर्थात रु.५ करोड ४५ लाख ९ हजार र अन्य क्षेत्रमा ३१.३३ प्रतिशत अर्थात रु.२ करोड ४८ लाख ६६ हजार खर्च गरेको देखियो। पर्यटन उद्योगको दिगो विकासको लागि सांस्कृतिक, धार्मिक, वौद्विक, साहसिक र मनोरञ्जन प्रदान गर्ने जस्ता पर्यटन उद्योगका विविध क्षेत्रको पहिचान गरी समानुपातिक किसिमले अध्ययन, पहिचान, प्रवर्द्धन, विकास एवं विस्तार गर्नुपर्नेमा सिमित जिल्ला विशेषको मठ मन्दिर मर्मतमा मात्र अधिकांश खर्च केन्द्रित गरेको देखियो। पर्यटन उद्योगको दिगो विकासका लागि सम्बन्धित सबै क्षेत्र र स्थानमा सन्तुलित तवरले बजेट खर्च गर्नुपर्दछ।

९. **प्रतिस्पर्धा –** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी तोकिएको सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने व्यवस्था छ। आर्थिक वर्षको शुरुमा नै बजेटको सुनिश्चितता भएको अवस्थामा खरिद कार्यलाई प्याकेजिङ्ग गरी सार्वजनिक

खरिद ऐन, नियमावली अनुसार सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक तवरबाट खरिद कार्य गर्न सकिनेमा मन्त्रालयले रु.७५ लाख ११ हजार बराबरको सामान खरिद कार्य प्रतिस्पर्धा बेगर पटक पटक गरी सोझै खरिद गरेकोले खरिद कार्य नियम सम्मत देखिएन ।

१०. **उपभोक्ता समिति -** सार्बजनिक खरिद ऐन, २०६३को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्धेश्य नै रोजगारीको सृर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गर्न सकिने व्यबस्था रहेको छ । त्यसैगरी सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार मेशिन औजार उपकरणको आवश्यक नपर्ने, श्रममूलक प्रकृतिका कार्य उपभोक्ता समिति मार्फत गर्नु पर्ने व्यबस्था रहेको छ । मन्त्रालयले रु.१ करोड २८ लाख २ हजारको ६ योजनाको भवन निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत गराएको छ। जटिल प्रविधिको आवश्यक हुने निर्माणकार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा मार्फत् गराउनु पर्नेमा उपभोक्ता समितिहरु मार्फत गराएकोले नियम सम्मत देखिएन ।

११. **अनुगमन -** प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम ४२(३) अनुसार सालवसाली प्रकृतिका बाहेक विशेष प्रकारका पटके कार्यक्रम, आयोजनाको लागि कुनै सरकारी वा गैर सरकारी कार्यालय, संगठन, संघ संस्था र संस्थानलाई वजेटमा समावेस भएको रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले निकासा दिदा सम्वन्धित मन्त्रालय मार्फत दिनु पर्नेछ । मन्त्रालयको कार्यक्रम अनुसार विभिन्न ८ सरकारी तथा गैर सरकारी निकायहरुलाई रु. ४ करोड ४५ लाख शशर्त अनुदानमा निकासा भएकोमा मन्त्रालयले सम्वन्धित संघ, संस्था वा संस्थानलाई दिएको रकमको आयव्ययको प्रगतिको विवरण लिई जुन कामको लागि त्यस्तो रकम दिएको हो सो काममा खर्च गरे नगरेको, लक्ष्य अनुसार प्रगति गरे नगरेको, प्रचलित कानून बमोजिम लेखापरीक्षण भए नभएको कुराको अध्ययन, अनुगमन गरी वार्षिक विवरण तयार गरी सम्वन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेमा सो अनुसार अनुगमन गरेको देखिएन ।

१२. **सशर्त अनुदान -** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४को दफा १९ अनुसार प्रदेश संचितकोषबाट स्थानीय तहलाई प्रदान गर्ने समानिकरण अनुदान, शशर्त अनुदान, समपुरक अनुदान र बिशेष अनुदान रकमको हस्तान्तरण प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट हुने र सो वाहेक स्थानीय निकायलाई अन्य अनुदान दिने व्यबस्था रहेको छैन । आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्विकृत वार्षिक कार्यक्रम अनुसार नगरपालिकालाई पर्यटकीय नगरको रुपमा विकास गर्न पूर्वाधार विकास कार्यक्रम अन्तर्गत मन्त्रालयले ३ स्थानीय निकायहरुलाई रु. ५० लाखका दरले तेस्रो चौमासिकमा रु. १ करोड ५० लाख सशर्त अनुदान उपलब्ध गराएको छ। सम्वन्धित स्थानीय तहले गरेका खर्चको प्रमाण लेखापरीक्षणमा पेश हुन आएन ।

१३. **आर्थिक सहयोगः** प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५को नियम ४२ अनुसार सरकारी नगदी, जिन्सि मालसामान वा घर जग्गा कुनै व्यक्तिवा संस्था लाई हस्तान्तरण वा दान दातव्य गर्दा वा आर्थिक सहायता दिदा आर्थिक मामिला तथा योजना मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले दिने वा नदिने निर्णय गर्न सक्ने व्यबस्था रहेको छ । मन्त्रालयले मन्त्रिस्तरिय निर्णय गरी १३ संस्थाहरुलाई रु.३२ लाख आर्थिक सहायता दिएकोमा सो को प्रदेश सरकारबाट निर्णय भएको देखिएन ।

१४. **विद्यालय प्रयोगशाला अनुदान -** नेपालको संविधानको अनुसूचि ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (ज)अनुसार आधारभूत माध्यमिक शिक्षा सम्वन्धि अधिकार स्थानीय तहको रहेको अबस्थामा स्थानीय निकायबाट निकासा हुनु पर्ने बिद्यालय अनुदान कार्यक्रम प्रदेश मन्त्रालयबाट समेत निकासा गरेको पाईयो । प्रदेश अन्तर्गका २९ विद्यालयहरुलाई मन्त्रीस्तरीय निर्णय गरी नमूना विज्ञान प्रयोगशाला प्रवर्द्धन सहयोग कार्यक्रम अन्तर्गत प्रति विद्यालय रु.९ लाख देखि १० लाखका दरले सुनसरीका १३, मोरङका ६, धनकुटा र झापाका २ /२, भोजपुर, ईलाम, उदयपुर, संखुवासभा, तेहथुमका १/१ बिद्यालय गरी कूल २९ बिद्यालयलाई रु.२ करोड ७४ लाख ६७ हजार निकासा गरेको छ । यसैगरी सामाजिक विकास मन्त्रालयबाट समेत यो बर्ष प्रदेश अन्तर्गतका विभिन्न विद्यालयहरुलाई विज्ञान प्रयोगशालाका लागि रु.८ करोड ९० लाख ५० हजार खर्च भएको देखियो । विद्यालयहरुमा जाने यस प्रकारको अनुदान संघीय मन्त्रालयबाट सशर्त अनुदानको रुपमा स्थानीय निकायमार्फत समेत जाने भएकोले स्थानीय निकायको क्षेत्राधिकार अन्तर्गतका बिद्यालयहरुलाई संघ, प्रदेशका अलग अलग मन्त्रालय र स्थानीय तह समेतबाट एकै विषयको लागि अनुदान दिँदा निकायगत समन्वय गरी एकै निकायबाट दिनु उपयुक्त देखिन्छ ।

## पर्यटन विकास आयोजना, विराटनगर

१५. **लगानी क्षेत्र -** दीर्घकालीन रुपमा पर्यटकलाई आकर्षित गर्न सक्ने क्षेत्रको पर्यटकीय स्थल पहिचान, प्रवर्धन र विकास गर्ने आयोजनाको उद्देश्य एवं कार्यक्रम रहेको छ। आयोजनावाट यस वर्ष यस पर्यटकीय स्थल प्रवर्धन र विकासमा जम्मा रु. ३३ करोड १३ लाख ८१ लाख बजेट खर्च गरेको छ। उक्त खर्च मध्ये मन्दिर,मस्जिद,गुम्बा मर्मतमा २९.८ प्रतिशत भ्यूटावर,पार्क ,होमस्टे,पदमार्गमा २८.५ प्रतिशत ताल, पोखरी, सिमसारमा २३.५ प्रतिशत र अन्य क्षेत्रमा १८.२ प्रतिशत खर्च गरेको छ। आयोजनाले यस वर्ष पर्यटन विकासमा जिल्लागत रुपमा ०.८ प्रतिशत देखि २९.८ प्रतिशत हुनेगरी खर्च गरेको छ। त्यसैगरी पहाड र हिमाली ११ जिल्लाका ६४ योजनामारु. १२ करोड ५९ लाख ४१ लाख ३८ प्रतिशत र तराइका ३ जिल्लाका १०९ योजनामा रु.२० करोड ५४ लाख ४० हजार ६२ प्रतिशत खर्च गरेको छ। तराईका जिल्ला मध्ये सुनसरीमा मात्र २९.८० प्रतिशत खर्च गरेको देखिन्छ । समान रुपले बहु क्षेत्रीय पर्यटन विकासको सम्भावना रहेको यस प्रदेशका १४ जिल्लामा सन्तुलित हुनेगरी बजेट खर्च गर्नुपर्नेमा जिल्लागत संतुलन नमिलाई खर्च गरेको तथा उक्त निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन तयार नगरी भुक्तानी भएको मनासिव देखिएन।

१६. **सामाजिक लेखापरीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सोको तोकिएबमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । आयोजनाले यो वर्ष मन्दिर,मस्जिद,गुम्बा, भ्यूटावर,पार्क ,होमस्टे,पदमार्ग, संग्रहालय, ताल, पोखरी, सिमसार निर्माण तथा संरक्षण जस्ता कार्य १७३ उपभोक्ता समितिवाट गराई रु. ३३ करोड १३ लाख ८१ हजार भुक्तानी भएको छ। उपभोक्ता समितिले नियममा व्यवस्था भए बमोजिम खर्चका बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात पेश गरी खर्चको सार्वजनिकीकरण तथा सामाजिक लेखापरीक्षण गराएका छैनन् । नियममा व्यवस्था भए बमोजिम खर्चका बिल भरपाई पेश गरी उक्त खर्च रकमको सामाजिक लेखापरीक्षण गराउनु पर्दछ।

१७. **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपभोक्ता समितिवाट गराएको निर्माण कार्य तथा सामग्रीमा गुणस्तर परीक्षण गर्ने गरेको छैन। निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सकिने अवस्था छैन। नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नुपर्दछ।

१८. **उपभोक्ताबाट तालिम र खरिद -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा रु.१ करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा सोही स्थानमा बसोवास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख छ। कार्यालयवाट कोशी बाढी प्रभावितक्षेत्रमा वातावरण संरक्षण,बृक्षारोपण,तथा पर्यटन प्रवर्द्धन, कोशी गा.पा. सुनसरी उपभोक्ता समितिवाट पर्यटन प्रवर्द्धन, ट्रेनिङ्ग संचालन, बृक्षारोपण, , होर्डिङ्ग बोर्ड र स्टिकर वितरण जस्ता कार्य गरी रु. १३ लाख ४८ हजार खर्च गरेको छ। निर्माणसँग सम्वन्धित नभएको तालिम एंव खरिदको काम उपभोक्ता समितिवाट गराई भएको खर्च नियमसम्मत देखिएन।

१९. **खर्चको प्रमाण -** प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम ३७ को उप नियम ३ मा खर्चको विल भर्पाइ सहित लेखा राख्नु पर्ने उल्लेख छ। आयोजनावाट यस वर्ष झापा जिल्लाको कमल गाँउपालिकामा साधुहोली सिमसार पर्यटकीय क्षेत्र विकास तथा प्रवर्द्धनको काम उपभोक्ता समितिवाट गराई रु.१३ लाख ८० हजार भुक्तानी गरेको छ। आयोजनाको प्राविधिकवाट सम्पन्न कामको नापजाँच गरी भुक्तानीको लागि सिफारिस भए अनुसार खर्च लेख्नु पर्नेमा कमल गाउँपालिकावाट प्रमाणित नभएको नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा उक्त रकम खर्च गरेको देखिन्छ। प्रमाणित नापी कितााव तथा कार्य सम्पन्न प्रतिवेदन बेगरको खर्च नियमसम्मत देखिएन।

## डिभिजन वन कार्यालय, विराटनगर

२०. **अमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट कार्य गराउदा रु. १ लाख रुपैयामा नबढाई गर्नुपर्ने व्यवस्था छ। वन जंगल गोडमेल, वृक्षारोपण, विरुवा उत्पादन, वन जंगल पुनरउत्पादन लगायतको कार्यमा ज्याला तथा सामाग्री खरिदको बिल संलग्न गरी अमानतबाट कार्य गराई रु. २ करोड ४० लाख ५० हजार खर्च गरेको देखियो। यसरी काम गराउदा एउटै व्यक्तिलाई एक पटक लिएको, पेश्की फछ्र्यौट नहुदै पटक पटक पेश्की दिएको, पेश्की लिएको रकमबाट रु. ५ लाख

माथिको कोटेशनमा निर्माण सामग्री खरिद गरेको, लिएको पेश्की आर्थिक वर्षको अन्तिममा एकमुष्ट फछ्र्यौट गरेको, एउटा वजेट उप शिर्षकमा लिएको पेश्की अर्को वजेट उपशिर्षकमा फछ्र्यौट गरेको देखियो । यसरी नियमावलीले तोकिदिएको सिमा नघाइ भएको अमानती कार्यको खर्च नियम सम्मत देखिएन ।

२१. **मौज्दात काठ -** साविक जिल्ला वन कार्यालय तर्फ विभिन्न जातका हैसियत विग्रेका ७ हजार ५ सय घन फिट काठ गत विगत देखि मौज्दात रहेको देखियो । घाटगद्दीमा रहेको काठ दाउरा समयमै विक्रि नगर्दा त्यसको गुणस्तरमा कमी आउने भई लिलाम विक्रि गर्दा पर्याप्त मूल्य प्राप्त नहुने हुँदा समयमै विक्रि वितरण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

२२. **खर्च शिर्षक -** प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम ३६ को उपनियम (२) मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले खर्च गर्ने रकम स्वीकृत बजेट भित्र सम्वन्धित खर्च शिर्षकमा पर्दछ र खर्च गर्न बाँकी भएमा खर्च गर्न स्वीकृती दिने उल्लेख छ । कार्यालयले सशस्त्र वन रक्षक पदमा करारमा कार्यरत १८ जना सशस्त्र वन रक्षकहरुको तलब तथा चाडपर्व खर्च रु. ४० लाख ३२ हजार अन्य सेवा शुल्कबाट खर्च लेख्नुपर्नेमा तलब शिर्षकबाट खर्च लेखेको नियमसम्मत देखिएन ।

२३. **चोरी निकासी मुद्दा -** कार्यालयबाट प्राप्त वन पैदावार सम्वन्धि मुद्दाको एकीकृत विवरण अनुसार लकडी चोरी, वन अतिक्रमण सम्वन्धि फौजदारी मुद्दा ५ र वन्य जन्तु शिकार सम्वन्धि २ समेत यस बर्ष ७ मुद्दा दर्ता भएको मध्ये ३ फछ्र्यौट भई ४ मुद्दा फछ्र्यौट गर्न बाँकि रहेको देखाएको छ । गत विगतदेखिको बाँकी मुद्दाको विवरण प्राप्त भएन । मुद्दा संग सम्वन्धित चोरी निकासीमा संलग्न भई बरामद गरिएका सवारी साधन र काठ विभिन्न सव-डिभिजन कार्यालयमा रहेकोमा सो को अभिलेख अद्यावधिक गरेको देखिएन । बरामदी मालवस्तुहरुको गुणस्तरमा वर्षेनी ह्रास आउने हुँदा आवश्यक कारबाही गरी लिलाम विक्री गर्नु पर्दछ ।

## डिभिजन वन कार्यालय, धनकुटा

२४. **सम्झौताको कार्यान्वयन -** धनकुटा जिल्लामा रहेको निगाले सिमेन्ट कारखाना र कार्यालय विच पुरक सम्झौताको शर्त नं. २ मा उल्लेख भए अनुसार स्वीकृत वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन लागु नभएको, माईनिङ्ग स्कीम पेश नभएको, वन क्षेत्रमा भए गरेको कार्यको प्रगती विवरण पेश नभएको, खानीबाट चुनढुंगा उत्खननका कारण खानी क्षेत्रको पानीको वहाव एकीकृत हुन गई पिल्लर नं.२८ देखि ३१ सम्मको सिमाना क्षेत्रमा गल्छी निर्माण हुन गएको हुँदा राष्ट्रिय वन क्षेत्रमा वातावरणीय प्रतिकुल असर पर्ने देखिएकोले सो रोक्न आवश्यक स्थानमा तत्काल कार्य थालनी गर्ने गरी कार्यालयबाट पत्राचार गरेकोमा सो कार्य भएको देखिएन । सम्झौताको शर्त नं.२ मा जम्मा हटाउनुपर्ने रुख संख्या ९७७ को २५ गुणाले २४ हजार ४२५ विरुवाको लागि १९.२६७ हेक्टरमा बृक्षारोपण गरी पाँच वर्षसम्म स्याहार सम्भार गरी वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख भएकोमा हाल सम्म १२ हेक्टरमा १९ हजार २०० विरुवा मात्र बृक्षारोपण गरेको छ। सम्झौता अनुसार ५ हजार २२५ विरुवा बृक्षारोपण बाँकि रहेको देखिन्छ। सम्झौतामा उल्लेखित शर्तको पालना हुनुपर्दछ ।

## डिभिजन वन कार्यालय कटारी, उदयपुर

२५. **प्रशारण लाइन -** नेपाल विद्युत प्रधिकरणको सोलु कोरिडोर १३२ के.भि.प्रशारण लाईन आयोजना संचालन गर्न नेपाल सरकार मन्त्रीपरिषदको २०७४।९।१३ को निर्णयानुसार वन विभाग र नेपाल विद्युत प्राधिकरण सोलु कोरिडोर १३२ के.भि.प्रशारण लाइन आयोजना बीच २०७४।९।२८ मा सम्झौता भएको थियो । उदयपुर जिल्लाको क्षेत्रमा पर्ने ७ हजार ९ सय रुखहरु हटाई सोको सट्टा १:२५ को अनुपातमा १० प्रतिशत थप गरी हुन आउने विरुवा संख्या २ लाख १७ हजार रोपण गर्न तयार भएको लागत अनुमान रु.५ करोड ४७ लाख २६ हजार मध्ये आयोजनावाट यस वर्ष डिभिजन वन कार्यालय त्रिवेणी, उदयपुरलाई रु.३ करोड ४७ लाख २६ हजार उपलब्ध गराएको थियो । यो वर्ष उपलब्ध गराएका रकमबाट विभिन्न जातका १ लाख २५ हजार विरुवा उत्पादन तथा ८ हेक्टर क्षेत्रफलमा बृक्षारोपणको काम अमानतमा गराई रु.४२ लाख ३७ हजार मात्र खर्च भएको छ । आयोजना सम्झौताको कार्यान्वयन सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् :

२५.१. सम्झौताको बुंदा नं.६ मा अस्थायी रुपमा आयोजनाले प्रयोग गरेको ७५.२३ हेक्टर बनक्षेत्रको दस्तुर रु.३ लाख ७६ हजार आर्थिक वर्ष शुरु भएको २ महिना भित्र जिल्ला वन कार्यालयमा दाखिला गर्नुपर्ने र म्याद भित्र नबुझाएमा पौष मसान्तसम्म १० प्रतिशत, चैत्र मसान्त सम्म ५० प्रतिशत र आषाढ मसान्तसम्म १०० प्रतिशत जरिवाना थप गरी बुझाउनुपर्ने व्यवस्था छ । आयोजनाले २०७४।७५ को दस्तुर २०७५।६।२४ मा र २०७५।७६ को दस्तुर २०७५।६।२२ मा डिभिजन वन कार्यालय गाइघाटमा दाखिला गरेको देखियो । सम्झौतामा भएको व्यवस्था अनुसार २०७४।७५ को दस्तुर रु.३ लाख ७६ हजारको सत प्रतिशत र २०७५।७६ को दस्तुर

रु.३ लाख ७६ हजारको १० प्रतिशतले रु.३८ हजार समेत रु.४ लाख १४ हजार जरिवाना बापत आयोजनावाट असुल गर्नुपर्दछ ।

२५.२. सम्झौताको बुंदा १७ अनुसार आयोजनाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र सम्झौताको कार्यान्वयन अवस्था, भोगाधिकार प्राप्त वनक्षेत्रमा भए गरेको कामको प्रगति विवरण र वातावरण संरक्षण व्यवस्थापनको अनुगमन गरी सोको बार्षिक प्रतिवेदन जिल्ला वन कार्यालय, वन विभाग र क्षेत्रिय वन निर्देशनालयमा पेश गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार यो वर्षको प्रतिवेदन आयोजनावाट पेश भएको देखिएन । त्यसै गरी बुंदा १९ अनुसार सम्झौतामा तोकिएको शर्तहरु पालना गरे नगरेको अनुगमन गर्न क्षेत्रिय वन निर्देशकको संयोजकत्वमा ६ सदस्यीय अनुगमन समिति रहने र उक्त समितिले कम्तिमा वर्षको १ पटक अनुगमन गरी प्रतिवेदन दिनुपर्ने व्यवस्था छ । उपर्युक्त व्यवस्था अनुसारको अनुगमन गरी प्रतिवेदन लिनु पर्दछ ।

## डिभिजन वन कार्यालय,ओखलढुङ्गा

२६. **लिजिङ्ग -** मोलुङ खोला हाइड्रोपावर कम्पनी प्राइभेट लिमिटेडले ३३ के.भी. प्रशारण लाइन आयोजनाको निर्माण तथा सञ्चालनको लागि ओखलढुंगा साविक हर्कपुर, बरुणेश्वर, कुन्तादेवी गाउँ विकास समिति र सिद्धिचरण नगरपालिकामा पर्ने विभिन्न ५ सामूदायिक वन एवं राष्ट्रिय वन क्षेत्र समेतको ०.६२४ हेक्टर जग्गा बढीमा २५ वर्ष अवधि सम्मका लागि भोगाधिकार उपलब्ध गराउने र तहाँ रहेको लगत जनिएका २०३ रुख हटाउन स्वीकृत दिने मन्त्रिपरिषद्को २०७४।०४।३१ को निर्णय भई आयोजना र वन विभाग विच २०७४।०४।०८ मा सम्झौता भएको देखिन्छ । आयोजनाले ०.६२४ हेक्टर जग्गामा २०३ रुख हटाएवापत सट्टा भर्ना स्वरुप त्यसको २५ गुणा अर्थात ५ हजार ७५ गोटा विरुवा बृक्षारोपण गर्नको लागि रु.२२ लाख ७५ हजार डिभिजन वन कार्यालय ओखलढुंगामा दाखिला गरेको देखियो । उक्त आयोजनाले विद्युत प्रशारण लाइन विस्तार गरी कार्यसञ्चालनको अवस्थामा आइसकेपनि उक्त ठाउँको सट्टा जग्गामा कार्यालयले बृक्षारोपण गरेको देखिएन ।

## डिभिजन वन कार्यालय, गाईघाट उदयपुर

२७. **वृक्षारोपण -** नहदा-कोशी पुल-चतरा-रुपनगर सडक आयोजना अन्तर्गत सडक निर्माण गर्ने क्रममा सो क्षेत्रमा परेको रुखहरु कटान भई पर्यावरणमा समेत असर परेकोले पर्यावरण संरक्षण अभियान स्वरुप १:२५ का दरले २४ हजार विरुवा उत्पादन गरी १४.९८४ हेक्टरमा वृक्षारोपण गर्न २०७४।७५ मा डिभिजन वन कार्यालय, उदयपुरलाई रु.४३ लाख ४ हजार रकम प्राप्त भई जिल्ला वन पैदावार आपूर्ति समिति मार्फत यो वर्ष इन्धन एवं विरुवा उत्पादनमा रु.३ लाख ९ हजार खर्च भई रु.३९ लाख ९५ हजार बाँकी रहेको देखियो । आयोजनावाट रकम प्राप्त भएको २ वर्ष वितिसक्दा पनि कार्यालयवाट वृक्षारोपणको काम गरेको देखिएन । यो वर्ष २७ हजार विरुवा उत्पादन गरेकोमा वृक्षारोपणको कार्य भएको देखिदैन । कार्यालयले वृक्षारोपण गरी वातावरण एवं पर्यावरणमा सन्तुलन कायम गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** प्रदेश कार्यालय तर्फ २८ निकायमा रु. १३ करोड ५० लाख ९५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछी रु. २७ लाख १८ हजार फछ्र्यौट भएकोले रु १३ करोड २३ लाख ७७ हजार बाँकी रहेको छ । सो मध्ये रु. २१ लाख २४ हजार पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची ९** मा समावेश छ ।

# भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

प्रदेशभित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने उद्धेश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो बर्ष विनियोजन रु १ अर्ब ४८ करोड ४२ लाख  ३१, राजश्व रु.४७ लाख ६४.हजार , धरौटी रु.९४ लाख ७०.हजार र अन्य कारोवार रु. ६५ लाख ६० हजार समेत रु. रु.१ अर्ब ५० करोड ५० लाख २५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन :

१. **वित्तीय प्रतिवेदन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ मा कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले सो बमोजिम वित्तीय प्रतिवेदनहरु सार्वजनिक गरेको पाईएन । अतः कानुनको परिपालना गर्नुपर्दछ ।

२. **नीति तथा कार्यक्रम -** आर्थिक मामिला तथा योजना मन्त्रीमार्फत २०७५।३।१ मा प्रदेश सभामा प्रस्तुत बजेट पुस्तिकामा उल्लेखित यस मन्त्रालयसंग सम्बन्धित कृषि अनुदान कोष, उत्पादन गरौ प्रदेश समृद्ध वनाऔ, प्रदेश प्रशोधन केन्द्र स्थापना, प्रदेशमा ३ वटा शीत भण्डार निर्माण गर्ने, कृषक सहयोग कोषको स्थापना जस्ता नीति तथा कार्यक्रमहरु रहेकोमा कार्यान्वयनमा देखिएका चुनौति कमि कमजोरी र आगामी बर्ष गर्नु पर्ने सुधार सहितको प्रगति बिबरण मन्त्रालयले तयार गरेको देखिएन ।

३. **प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले पटक पटक गरी विभिन्न व्यक्ति, फर्म, कम्पनीबाट रु.९९ लाख २८ हजारका विभिन्न कार्यालय सामानहरु सोझै खरिद गरेको देखिएकोले उक्त खरिद कारोवार नियम सम्मत देखिएन ।

४. **अनुदान -**मन्त्रालयले यस वर्ष कृषि तथा पशुपालनको क्षेत्रमा नविनतम प्रबिधिको प्रयोग गरी कृषि क्षेत्रको उत्पादन बृद्धि र रोजगारीको प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेश अन्तर्गतका १२४ कृषि तथा पशु पालन गर्ने फर्महरुलाई न्युनतम रु. ३ लाख देखि अधिकतम रु. १ करोड सम्म रु. २४ करोड ७२ लाख अनुदान दिएको छ । पशुपन्छी तथा मत्य विकास निर्देशनालयले ४५ संस्थालाई जेनरेटर  सहित चिलिङ्ग भ्याट खरिद विलको ७५ प्रतिशत रकम अनुदान रु. ३ करोड २९ लाख, कृषि विकास निर्देशनालयले साना यन्त्र उपकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत कृषि अनुदान वितरणका लागि कृषि ज्ञान केन्द्र मार्फत छनौट भएका १२ जिल्लाका १ हजार १२२ कृषकवाट खरिद भएको मिनि टिलर, ब्रस कटर, पेडो ह्विल, एन्टि ज्याप, मल्टि क्रप थ्रेशर, मैज शेलर, थ्रेशर जस्ता कृषियन्त्र खरिदको विजक मूल्यको ५० प्रतिशतले हुने रकम रु. ७ करोड ४३ लाख १६ हजार कृषकको बैंक खातामा सोझै भुक्तानी गरेको छ । उपलब्ध अनुदानको उपयोग सम्वन्धमा अनुगमन भएको देखिएन । नीति नियमको तर्जुमा र अनुगमनमा केन्द्रीत हुनुपर्ने मन्त्रालय आफैँले कार्यक्रम संचालन गर्नु मनासिव देखिएन । मन्त्रालयले अनुदान पाउने फर्म र अनुदान रकमको अध्यावधिक अभिलेख राखेको छैन ।

५. **सशर्त अनुदान -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।  मन्त्रालयले मिक्लाजुङ्ग गाउंपालिकालाई रु.५० लाख र देविखोला गौरीशंकर सामुदायिक संस्था महासंघलाई रु. २९ लाख ४० हजार बिल भरपाई बेगर सशर्त अनुदान भुक्तानी दिएको देखियो । अनुदान खर्चको बिल भरपाई संलग्न गरी अनुदान उपयोगको अनुगमन समेत हुनु पर्दछ ।

- **बेरुजू स्थिति -** प्रदेश  कार्यालय तर्फ १८ निकायमा रु. ७ करोड ३६ लाख ६१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछी रु. ८२ हजार फछ्र्यौट भई रु. ७ करोड ३५ लाख ७९ हजार बाँकी रहेको छ । सो मध्ये रु. ५ करोड २८ लाख ५४ हजार पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेशस्तरको सडक, उर्जा,विद्युत ,सिचाई, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्वन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वय, समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो बर्ष विनियोजन रु. ८ अर्ब ९६ करोड ८२ लाख ५ हजार, राजश्व रु.२ अर्ब .४४ करोड १६ लाख ८१ हजार धरौटी रु. ६४ करोड १७ लाख ४ हजार र अन्य कारोवार रु.३ करोड ४५ लाख ९५ हजार समेत रु. १२ अर्ब ८ लाख ६१ हजार ८५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन :

१. **वजेट तथा खर्चको स्थिति -** मन्त्रालय र अन्तर्गत कार्यालयको लागि यस बर्ष बजेट पुस्तिका अनुसार चालु तर्फ रु. ५४ करोड ४० लाख ६९ हजार र पूँजिगत तर्फ रु. १५ अर्ब ७५ करोड ६० लाख ३९ हजार समेत रु. १६ अर्ब ३० करोड १ लाख ८ हजार शुरु वजेट बिनियोजन भएकोमा रकमान्तर समेत बाट रु. १८ अर्ब ४ करोड २४ लाख ६९ हजार खुद वजेट कायम भएको मध्ये ८ अर्ब ९६ करोड ८२ लाख ५ हजार खर्च भएको केन्द्रीय आर्थिक बिबरण पेश भएको छ । मन्त्रालयले राजश्व र धरौटीको केन्द्रीय आर्थिक विवरण तयार गरेको छैन ।

२. **नीति तथा कार्यकम -** आर्थिक मामिला तथा योजना मन्त्रीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम अन्तर्गत आवास तथा भौतिक पूर्वाधार तर्फको प्रदेश गुरु योजना तयारी, बस्ती विकास कार्यक्रम,अन्तराष्ट्रिय सम्मेलन केन्द्रको अध्ययन, मुख्यमन्त्री ग्रामिण सडक सुधार कार्यक्रम, मेट्रो तथा मोनो रेल संचालन सम्भाव्यता, चक्रपथ सडक सम्भाव्यता अध्ययन, तराईका जिल्लाहरुमा आर्सेनिक मुक्त खानेपानी , आफनो ठाउँ आफै सफा गरौ अभियानका लागि निजि क्षेत्रसँग सहकार्य, सिचाई र नदी नियन्त्रण जस्ता नीति तथा कार्यक्रम रहेकोमा सो को कार्यान्वयन स्थितीको समिक्षा गरी प्रगती विवरण तयार नगरेकोले देखिएन । प्रदेश सरकारको घोषित नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको विश्लेषण गर्न सकिएन ।

३. **प्रगति विवरण -** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम २६ अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची -३ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको समिक्षा सहित मन्त्रालयले प्रदेश स्तरको प्रगति विवरण तयार गरी सामुहिक समीक्षा समेत गर्नु पर्दछ । समीक्षामा प्रगति कम हुनु र लक्ष्य हासिल हुन नसक्नुका प्रमुख कारणहरु, सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान, सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारवाही समेत उल्लेख हुनुपर्दछ । मन्त्रालयले सो अनुसारको प्रगति बिबरण तयार नगरेकाले कार्यक्रम र प्रगती बिच विश्लेषण गर्न सकिएन ।

४. **उपभोक्ता समितिबाट निर्माण कार्य -** सार्वाजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने र सो लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेत समावेश हुने उल्लेख छ । मन्त्रालयले गौरादह खानेपानी योजनामा सोलार पम्पिङ सिष्टमबाट योजना संचालन गर्न रु. ९६ लाख ४६ हजारमा उपभोक्ता समिति सँग त्रिपक्षीय सम्झौता भएको थियो । यसैगरी पूर्वाधार कार्यालय विराटनगरले सडक कालोपत्रे, कल्भर्ट निर्माण लगायतका ४ निर्माण कार्यको १५ प्रतिशत ओभरहेडको रकम समावेस नगरी उपभोक्ता मार्फत काम गराउन मिल्ने सिलिङ्ग भित्र पर्ने गरी रु. १ करोड भन्दा घटीको लागत अनुमान तयार गरी रु. ४ करोड ४५ लाख ७८ हजारको निर्माण काम उपभोक्ता समिति मार्फत गराएको छ । लागत अनुमानमा सबै रकम समावेश गर्दा ती निर्माण कार्य रु. १ करोड भन्दा बढी हुने देखिएकोले उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने देखिएन । यसमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

५. **निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीय वा दिगोपन अधिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । यो वर्ष पूर्वाधार विकास कार्यालय विराटनगर, शहरी विकास तथा भवन कार्यालय विराटनगर, सिचाई विकास डिभिजन कार्यालय विराटनगर, भुमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय विराटनगर कार्यालयले ४०२ उपभोक्ता समितिमार्फत निर्माण कार्य गराई रु. ४५ करोड २९ लाख ८ हजार भुक्तानी दिएको छ । उपभोक्ता समितिबाट निर्माण भएको कार्यको गुणस्तर परीक्षण गरेको

पाइएन । कार्यालयको उद्देश्य रोजगारीको सृजाना गर्ने समेत नरहेकोले जटील प्रविधिको आबश्यक पर्ने पूर्वाधार संरचना निर्माण कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र गरी प्रतिस्पर्धा मार्फत् गराउनु पर्नेमा उपभोक्ता समितिहरु मार्फत गरेको नियम सम्मत देखिएन ।

६. **परामर्श सेवा -** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ३० एवं नियमावली, २०६४ को नियम ७० अनुसार रु. २० लाख भन्दा माथिको परामर्श सेवा खरिद गर्दा खुल्ला रुपमा आसयपत्र मागगरी संक्षिप्त सूचि तयार गरी सूचिमा परेका फर्म संग मात्र अलग अलग आर्थिक तथा प्राबिधिक प्रस्तावमाग गरी बोलपत्रको माध्यमबाट परामर्श सेवा खरिद गर्नु पर्ने व्यबस्था रहेको छ। यस वर्ष मन्त्रालयले प्रदेशका बिभिन्न जिल्लाको सूचना केन्द्र, जेष्ठ नागरिक भवन, पूल, सिंचाइ, सडक र खुला दिसा मुक्त क्षेत्र सम्वन्धि २५ योजनाको डिटेल डिजाईन तथा लागत अनुमान गर्नका लागि रु. २० लाखमा नबढ्ने गरी अलग अलग डिटेल डिजाईन तथा लागत अनुमान गराई विभिन्न फर्महरु मार्फत प्रतिस्पर्धा वेगर रु १ करोड ८८ लाख ९८ हजार खर्च गरेको छ। यसैगरी जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय पाचथरले विभिन्न सिचाई योजनाहरुको संभाव्यता अध्ययन तथा विस्तृत सर्भेक्षणको काम विभिन्न परामर्शदातावाट गराई रु.२९ लाख ६७ हजार, शहरी विकास तथा भवन कार्यालय धनकुटाले २३ परामर्शदातालाई रु.२ करोड ३५ लाख २० हजार भुक्तानी गरेको छ। यसरी तयार भएको विस्तृत परियोजना प्रतिवेदन अनुसारको काम शुरु हुने मिति, वजेट तथा कार्यक्रमको सुनिश्चितता नभई अध्ययन तथा डिटेल रिपोर्ट मात्र तयार गरेको छ । यसरी तयार भएका प्रतिवेदनहरुको मन्त्रालयले अभिलेखिकरण गरी राखेको छैन ।

पूर्वाधार विकास कार्यालय विराटनगरले प्रत्येक योजनाको रु.२० लाख ननाग्ने गरी लागत अनुमान बनाई यस वर्ष ८६ योजनाको विस्तृत सर्भे गर्ने काम मध्ये कर्मचारी मार्फत ३१ योजनाको रु.१ करोड ५ लाख २४ हजार एवं ५५ परामर्शदाता मार्फत सिधै ५५ योजनाको रु.६ करोड ९ लाख ७ हजार समेत जम्मा रु. ७ करोड १४ लाख ३१ हजार परामर्श सेवामा खर्च गरेको देखियो । ५५ परामर्शदातासंग सम्झौता भएको मध्ये ३५ ले कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरेको, १६ ले प्रारम्भिक प्रतिवेदन पेश गरेको र ४ ले काम गरेको छैन । यसरी तयार भएको योजनाहरुको सर्भे रिपोर्ट अनुसारको काम शुरु हुने मिति, वजेट तथा कार्यक्रमको सुनिश्चितता नगरी डिटेल सर्भे रिपोर्ट तयार गर्नुको औचित्य देखिएन ।

७. **वायोग्याँस ठेक्का -** लघु जल बिद्युत तथा उर्जा बिकास कार्यक्रम अन्तर्गत मोरङको वेलवारी, केरावारी र भोजपुरमा ४५५ घरमा जडित गोवर ग्याँस प्लान्ट मर्मत गर्ने कार्यको लागि बोलपत्रको माध्यमबाट ३ सप्लायर्स छनौट भई रु. ४५ लाख ५८ हजारमा ठेक्का व्यबस्था भएको देखियो । मर्मत गर्नु पर्ने उपभोक्ताको आवश्यकता, मर्मत गर्नुपर्ने वायोग्यासको विवरण आदि पहिचान नगरी आर्थिक बर्षको अन्तमा ठेक्का व्यबस्था गरेको छ। वायोग्यास मर्मतगरेका केही उपभोक्तासंग टेलिफोनमार्फत सम्पर्क गर्दा सप्लायर्सले उपभोक्ताको बायोग्यासको मर्मत गर्नु पर्ने सामान नफेरेको,कतिपय उपभोक्ताको मर्मत गर्नु पर्ने सामान धेरै भएकोमा एक दुई सामान मात्र फेरेर पछि मर्मत गरी दिने आश्वासन दिएको, केही उपभोक्ता संग रकम समेत लिएको जानकारी प्राप्त भएको छ। यस सम्वन्धमा ठेक्का व्यबस्था गर्नु पूर्व मन्त्रालयबाट सेवाग्राहीको सर्भे नगरेको र सेवा पछि पनि अनुगमन भएको देखिएन ।

८. **सोझै खरिद -** आर्थिक वर्षको शुरुमा नै बजेटको सुनिश्चितता भएको अवस्थामा खरिद कार्यलाई प्योकेजिङ्ग गरी सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक तवरबाट खरिद कार्य गर्नुपर्दछ। यो बर्ष मन्त्रालयले रु. ८८ लाख ३९ हजार मूल्यका मालसामान पूर्वाधार विकास कार्यालय विराटनगरले रु.२ करोड ७५ लाख १४ हजारको सडक मर्मतसम्भारको काम, जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय विराटनगरले रु.१ करोड १९ लाख ९ हजारको कार्यालय सामान, चन्दा मोहना सिचाई व्यबस्थापन कार्यालय विराटनगरले रु.१ करोड ४ लाख ५१ हजारको सिचाई नहर निर्माण कार्य, शहरी विकास तथा भवन कार्यालय ईलामले रु.३८ लाख १८ हजारको निर्माण कार्य र २३ लाख ७४ हजारको सामग्री, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सुनसरीले रु. १ करोड १ लाख ६६ हजारको निर्माणकार्य एबं मालसामान, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय ओखलढुङ्गाले रु. ९६ लाख ४५ हजारको कार्यालय सामानहरु सोझै खरिद गरेकोले उक्त खरिद कार्य नियमसम्मत देखिएन ।

९. **डोर हाजिर -** भुमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, विराटनगरले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक, मूल्यांकन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ। साथै काममा प्रत्यक्ष सहभागी भएका श्रमिकले काम गरेको दिन खुल्ने दैनिक हाजिरी र निजले रकम बुझेको भर्पाइ पेश गरी

भुक्तानी माग गर्नु पर्ने उल्लेख छ । कार्यालयवाट यो वर्ष ३० उपभोक्ता समितिको कामको रकम भुक्तानी गर्दा श्रमिकहरुको ज्याला बापतको रु.५२ लाखको डोर हाजिरी संलग्न नगरी उपभोक्ता समितिका अध्यक्ष एवं सचिवले एकमुष्ट रुपमा बुझेको भर्पाइ पेश गरेको आधारमा खर्च लेखेको छ । सम्वन्धित श्रमिकको दैनिक हाजिरी भएको डोर हाजिर र सम्वन्धितले रकम बुझेको प्रमाण पेश नगरी खर्च लेखेको रकम नियमसम्मत देखिएन ।

१०. **नन फाइलर –** मूल्यअभिवृद्धिकर ऐन, २०५२ को दफा १८ (१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर रकमको विवरण स्वयं निर्धारण गरी महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले जिल्ला समन्वय समिति मोरङ्गको कार्यालय भवन मर्मत गरेको भनी एक निर्माण व्यवसायीलाई विभिन्न मितिमा मूल्य अभिवृद्धि कर रु. १ लाख १० हजार समेत रु. ९ लाख ५६ हजार भुक्तानी गरेको छ । आन्तरिक राजस्व विभागको वेब साइटबाट भवन मर्मत गर्ने निर्माण व्यवासायीको स्थायी लेखा नम्बर सर्च गर्दा उक्त फर्म २०६१ साल देखि नन फाइलर रहेको देखिएको छ । यसै गरी जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, खोटाङ्गले विभिन्न सिंचाई योजनाहरुको लागि विभिन्न फर्म तथा निर्माण व्यवसायीलाई भुक्तानी दिएको मूल्य अभिवृद्धि करको परीक्षण गर्ने क्रममा विभिन्न ४ फर्म तथा निर्माण व्यवसायीको आन्तरिक राजस्व विभागको वेब साइटबाट स्थायी लेखा नम्बर सर्च गर्दा उक्त फर्महरु नन फाइलर रही निजहरुलाई भुक्तानी दिएको मुल्य अभिवृद्धि कर रु.७ लाख ८ हजार समायोजन गरेको देखिएन । जलश्रोत तथा सिंचाई विकास डिभिजन, विराटनगर एक निर्माण व्यबसायी जेभीले २०७४।१०।१७ देखि कर दाखिला गरेको नदेखिएकोले यस कार्यालयबाट यस बर्ष भूक्तानी भएको सातौ विल देखि अन्तिम तथा १० औ विल सम्मको भुक्तानी रु. १ करोड ६ लाख ७६ हजारको मूल्य अभिबृद्धि कर रु. १२ लाख २८ हजार समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

११. **कर दर्ता -** मूल्यअभिवृद्धिकर ऐन, २०५२ को दफा १५(१)मा दर्ता नभएको व्यक्तिले कर असुल गरेको देखिने कुनै बीजक वा कागजात जारी गर्न र कर उठाउन नहुने र दफा १५(२) मा दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निर्धारण गरी निजबाट असुल उपर गरिने व्यवस्था छ । जलश्रोत तथा सिचाई विकास डिभिजन, पाचथरले बाघकुर लुङ्लेवा लुम्फाबुङ सिँचाइ योजनाको एक निर्माण व्यवसायी सँग सम्झौता गरी काम सम्पन्न हुँदासम्म मूल्यअभिवृद्धिकर समेत रु. ३ करोड ७ लाख ७२ हजार भुक्तानी गरेको देखियो । उक्त निर्माण व्यवसायीको स्थायी लेखा नम्बर आन्तरिक राजस्व विभागको वेभसाइटमा सर्च गर्दा नभेटिएकोले हालसम्मको भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु. ३५ लाख ४० हजार दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

## पूर्वाधार विकास कार्यालय, विराटनगर

१२. **वातावरणीय सर्भे -** मोरङ्गको विराट चौक देखि घिनाघाट सम्म २२ किलोमिटर सडकको विस्तृत परियोजना प्रस्ताव र वातावरणीय प्रभाव मुल्यांकन अध्ययन प्रतिवेदन तयार गर्न रु.१८ लाख २९ हजारको लागत अनुमान बनाई मूल्य अभिवृद्धि कर समेत रु. १७ लाख ६३ हजारको सम्झौतामा २०७६।२।१५ सम्ममा कार्य सम्पन्न गर्नेगरी २०७५।१०।११ मा एक परामर्शदातासंग सम्झौता गरेको थियो । परामर्शदातालाई विस्तृत परियोजना प्रस्तावको प्रारम्भिक प्रतिवेदन प्राप्तगरी सम्झौताको ८० प्रतिशत रु. १४ लाख १० हजार भुक्तानी भएको छ । लेखापरीक्षण अवधि २०७६।८।२ सम्म पनि वातावरणीय प्रभाव मुल्यांकन अध्ययन प्रतिवेदन प्राप्त भएको देखिएन । उक्त सडकमा ४ लेन सडक निर्माण गर्न बोलपत्रको माध्यमबाट ठेक्का व्यबस्था भई २०७६।३।३० मा सम्झौता भई कार्य सुचारु भई सकेकोले उक्त वातावरणीय प्रभाव मुल्यांकन अध्ययन प्रतिवेदनको औचित्य देखिएन ।

१३. **कोटेशन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार सार्वजनिक निकायले खरिद गर्दा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियमावली, २०६४ को नियम ८४ मा रु. ५ लाख देखि रु. २० लाख सम्मको खरिद गर्दा सिलवन्दी दरभाउ पत्रको माध्यमवाट गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सडक मर्मत सम्भारको कामलाई रु. ५ लाख नबढाई विभिन्न ५३ टुक्रामा विभाजन गरी रु. २ करोड ७५ लाख १४ हजार खर्च लेखेको नियमसम्मत देखिएन । प्रचलित नियमको पालना गरी खरिद कार्य गर्नु पर्दछ ।

१४. **हस्तान्तरित योजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) (८) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी सो काम बापत राखेको पुरै जमानत एवं पेश्की जमानत जफत गरी बाँकी कार्य गर्न लाग्ने थप रकम समेत नियमानुसार असूल गरी दफा ६३ बमोजिम कालोसूचीमा राख्न लेखि पठाउनु पर्ने व्यवस्था छ । सडक डिभिजन कार्यालय विराटनगरवाट यस कार्यालयमा हस्तान्तरण भई आएको २८ ठेक्का मध्ये ९ ठेक्काको रु. ३ करोड १८ लाख ९ हजार भुक्तानी भई वाँकी १९ ठेक्काको यसबर्ष

कुनैपनि निर्माण कार्य भएको छैन । हस्तान्तरण भई आएका २८ ठेक्का मध्ये ३ मा १०० प्रतिशत, ५ मा ५० देखि ७५ प्रतिशत, १० मा ५० प्रतिशत भन्दा कम प्रगती भएको, र १० मा शुन्य प्रगती भएको उल्लेख छ । आर्थिक वर्ष ०७३/७४, ०७४/७५ र ०७५/७६ मा सम्पन्न गरी सक्नु पर्ने क्रमशः ६, ३ र १ ठेक्कामा कुनै काम नभइ शुन्य प्रगती भएको छ । सुनसरी जिल्ला स्थित सेउतिखोला पूल निर्माणको लागि २०७३।७४ मा एक निर्माण व्यबसायी संग रु.३ करोड ५९ लाख २८ हजार मा सम्झौता भएकोमा यस बर्षसम्मको भुक्तानी रु.२ करोड ५३ लाख ७९ हजार भूक्तानी भएको छ । साबिकमा लिएको मोविलाईजेशन पेश्की रु. ३४ लाख ८७ हजार फछ्र्यौट नगरेकोले नियमानुसार कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१५. **पूर्व निर्धारित क्षतिपूर्ती -** मोरङ्ग स्थित लोहान्द्रा खोला मझारेमा पूल निर्माण कार्यका लागि बोलपत्रको माध्यमबाट एक निर्माण व्यवसायी जे.भीसंग रु. ७ करोड १० लाख ५७ हजारमा २०७४।१०।३० सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७२।१०।१० मा सम्झौता भएकोमा चार पटक सम्म म्याद थप गरी रु.६ करोड ९५ लाख ८७ हजार मा यस वर्ष निर्माण कार्य सम्पन्न भएको छ ।
सम्झौताको स्पेशल कण्डिसन अफ कन्ट्र्याक्टको दफा १ (यु) अनुसार १५ प्रतिशत काम एकतिहाई समयमा, ५० प्रतिशत काम दुईतिहाई समयमा र २४ महिनामा पुरै काम सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । सम्झौताको जेनरल कण्डिसन अफ कन्ट्रयाकटको दफा ४७.१ अनुसार माईलस्टोन अनुसार काम नभएमा सम्झौता रकमको पहिलो माईल स्टोनमा ०.०१ प्रतिशत, दोस्रोमा ०.०३ प्रतिशत र तेस्रोमा ०.०५ प्रतिशत प्रतिदिनका दरले अधिकतम १० प्रतिशत पूर्ब निर्धारित क्षतिपूर्ति लिने व्यबस्था छ । बन्द हडताल, चुनाव, चाडपर्ब आदि सामान्य कारण देखाई ठेक्काको म्याद तेस्रो पटक २०७५।८।३० सम्म थप गरी जिल्ला समन्वय अधिकारीले ठेक्का फाईल यस कार्यालयमा हस्तान्तरण गरेको देखियो । मन्त्रालयका सचिवबाट चौथो पटक म्याद थप गरी निर्माण कार्य सम्पन्न भएको छ । सम्झौताको स्पेशल कण्डिसन अफ कन्ट्र्याक्टको शर्त अनुसार माईल स्टोन पूरा नगरेको अबस्थामा सम्झौता रकमको १० प्रतिशतले रु. ६२ लाख ८३ हजार पूर्वनिधारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

१६. **मोबिलाईजेशन पेश्की –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (२) मा सम्झौता अनुसार दिइएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रुपमा उपलव्ध गराउनु पर्ने व्यवस्था छ । कार्यालयले सडक तथा पुल निर्माण कार्यको सिलसिलामा यस वर्ष १६ निर्माण व्यवसायीलाई उपलब्ध गराएको रु. २४ करोड ८७ लाख ४८ हजार पेश्की रकम नियमावलीको व्यवस्था अनुसार विवरण माग गरी सम्बन्धित कार्यमा खर्च भए नभएको अनुगमन गर्नुपर्दछ ।

## पूर्वाधार विकास कार्यालय, पाँचथर

१७. **तेश्रो चौमासिक खर्च -** कार्यालयलाई प्राप्त वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार पहिलो, दोस्रो तथा तेश्रो चौमासिकमा सञ्चालन गरिने कार्यक्रम तथा सोका लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण भएकोमा कार्यालयले विभिन्न ४ उपशिर्षकमा तेश्रो चौमासिकमा मात्र विभिन्न कार्यक्रममा ९३.४२ प्रतिशतदेखि शतप्रतिशत सम्म अर्थात रु. ३७ करोड ४९ लाख ५० हजार खर्च गरेको देखियो । कुल बजेट खर्चमध्ये अधिकांश बजेट अन्तिम चौमासिकमा खर्च गर्दा निर्माण कार्यमा समय अभाव तथा वर्षातको कारणले गुणस्तरयुक्त कार्य हुन नसक्ने अवस्था सिर्जना हुने भएकाले अन्तिम चौमासिक र आषाढ महिनामा मात्र अधिकांश बजेट खर्च गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ ।

१८. **ठेक्का व्यवस्थापन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०को उपनियम (३) मा कार्यक्रम सुचारुरुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसँग लिनुपर्ने सहयोग र स्वीकृतिबारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरीसक्नु पर्ने व्यवस्था छ । यस वर्ष प्रथम र दोश्रो चौमासिकमा कुनैपनि ठेक्का सम्झौता नभई तेश्रो चौमासिकमा रु. २ अर्ब ७६ करोड ३० लाख ९९ हजारको २३ ठेक्का सम्झौता भएकोमा १८ ठेक्काको रु. १ अर्ब २९ करोड ६२ लाख ९८ हजारको काम मात्र यस बर्ष सम्पन्न भई बाँकी ५ ठेक्काको काम हुनसकेको देखिएन । नियमानुसार तोकिएको समयमा नै निर्माण कार्यको सम्झौता गर्नुपर्दछ ।

१९. **न्युन प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन ई–बिडिङबाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेको छ । त्यसैगरी सोही ऐनको दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलोमतो भएको पुष्टी भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने व्यबस्था रहेको छ । यो वर्ष सडक मर्मतसुधार, नयाँ ट्र्याक खोल्ने तथा सडक कालोपत्रे लगायतको कामको लागि १९ ठेक्का सम्झौता

भएको छ । सो मध्ये ५ ठेक्कामा बोलपत्र दाखिला गर्ने अन्तिम मितिमा १ मात्र बोलपत्र बाँकी राखी अन्य बोलपत्र फिर्ता भएको देखियो । यसरी रु. २ अर्ब ६६ करोड ६९ लाख ९९ हजारको लागत अनुमान भएको ५ ठेक्कामा ठेकेदारहरु लागत अनुमानकै हाराहारीमा रु. २ अर्ब ६३ करोड ९१ लाख ६० हजारमा ठेक्का सम्झौता भएको देखियो ।बोलपत्र दाखिला भएपछि अन्तिम दिनमा फिर्ता भएको, फिर्ता पश्चात कायम रहेको बोपत्रदाताले आफुले दाखिला गरेको बोलपत्रमा संशोधन गरेको र कबोल अंक लागत अनुमानकै हाराहारीमा रहेको जस्ता कारणबाट बोलपत्रदाताहरुबीच न्यून प्रतिस्पर्धा भएको अवस्था देखिन्छ । कार्यालयबाट स्वीकृत भएका अन्य ठेक्काहरुमा लागत अनुमानको ४९.७२ प्रतिशतसम्म कम कबोलमा सम्झौता भइ कार्य सम्पन्न भएको देखिन्छ । लागत अनुमानको हाराहारीमा ठेक्का स्वीकृत गरेको उचित देखिएन ।

२०. **गुणस्तर -** सडक विभागको स्टाण्डर्ड स्पेसिफिकेसन शाखाले २०६६।११।२५ मा जारी गरेको गुणस्तर आश्वस्तता योजना र खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम, त्यसको पटक र संख्यासमेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलब्ध गराउनु पर्ने र सो योजनालाई परीक्षण गरी योजना प्रमुखबाट स्वीकृत गराइ सोही अनुसार गुणस्तर प्रकिया सञ्चालन गर्नुपर्ने उल्लेख भएतापनि यो वर्ष ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायीले उक्त योजना पेश गरेको पाइएन । यसरी गुणस्तर योजना विना निर्माण कार्य गर्दा गुणस्तर कायम हुने देखिदैन ।

२१. **खरिद गुरु योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ को उपनियम (१) मा सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक रु. १० करोड भन्दा बढी रकमको खरिद गर्दा सोही नियमको उपनियम (१) मा उल्लेखित व्यहोरा खुलाई खरिद गुरुयोजना तयार गरी सम्बन्धित मन्त्रालयको सचिववाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ । यस कार्यालयबाट सञ्चालित सडक योजनाहरुको निर्माण अवधि एक वर्षभन्दा बढी रहेकोमा नियमावलीको उपर्युक्त प्रावधान अनुसार खरिद गुरुयोजना तयार गरी स्वीकृत गरेको देखिएन । बहुवर्षीय ठेक्काहरुको व्यवस्थापन गर्दा खरिद गुरुयोजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

## शहरी विकास तथा भवन कार्यालय, विराटनगर

२२. **ठेक्का सम्झौता -** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९(घ) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्य गर्न लाग्ने समयको समेत अनुमान गर्नु पर्ने व्यवस्था रहेको छ। विराटनगर रिङरोड स्तरोन्नति गर्ने कामको लागि संघीय शहरी डिभिजन कार्यालयबाट रु. १ करोड १ लाख ८ हजारको एक र रु. १ करोड ४ लाख ५ हजारको अर्को गरी दुई ठेक्काको काम १५ दिनमा सम्पन्न गर्ने गरी २०७५।३।१० मा ठेक्का सम्झौता भएको देखियो । सम्झौता पश्चात निर्माण कार्य यस कार्यालयले गर्ने गरी संघीयशहरी डिभिजनबाट ठेक्का फाईलहरु हस्तान्तरण भई आएको थियो । निर्धारित समयमा कार्य सम्पन्न हुने अवस्था नहुँदा नहुदै निर्माण सम्झौता भएकोमा चालु बर्ष कार्यालयको तर्फबाट ४ महिना र भौतिक योजना मन्त्रालयका प्रदेश सचिववाट एक ठेक्कामा ४ महिना र अर्को ठेक्कामा ५ महिना थप भई निर्माण कार्य सम्पन्न गरेको देखियो । नियमावलीमा उल्लेखित व्यवस्थाको पालना नगरी ठेक्का सम्झौता गरेको उचित देखिएन ।

२३. **सम्झौताको अन्त्य -** यस बर्षको स्वीकृत कार्यक्रम अनुसार विराटनगर रिङरोडको निर्माण ५ प्याकेजमा गर्न रु.१३ करोड २५ लाख १७ हजार लागत अनुमान गरी २०७६।१।१६ मा बहुवर्षीय खरिद योजना स्वीकृत गरी पर्न आएका बोलपत्र मध्ये लागत अनुमानको ४७ प्रतिशत सम्म घटी कबोल गरेको बोलपत्रको मूल्याङ्कन तथा आसयको सुचना समेत जारी भएपछी श्रोत सुनिश्चितता नभएको कारण जनाई उक्त ठेक्का २०७६।५।२३ को निर्णयले रद्ध गरेको देखियो । बहुवर्षिय खरिद योजना स्वीकृत भएको ठेक्काको स्रोत सुनिश्चितता नभएको कारण जनाई सम्झौता अन्त्य गरेको उचित देखिएन ।

२४. **भवन निर्माण -** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिएको कार्यबिधि पुरागरी त्यस्ता कार्य गराउन वा सेवा लिन सकिने व्यबस्था रहेको छ । पत्रकार महासंघ विराटनगर को भवन निर्माणको लागि रु.४५ लाख ६५ हजारको लागत अनुमान गरी महासंघका पदाधिकारीहरु नै उपभोक्ता समितिका सदस्य रहने गरी रु.७ लाख ६५ हजार उपभोक्ताबाट र ३८ लाख कार्यालयले व्यहोर्ने गरी २०७६।३।१५ मा निर्माण

कार्य सम्पन्न हुने गरी २०७६।२।१४ मा सम्झौता भएको थियो । कार्यालयले रु.३९ लाख ५० हजारको निर्माण कार्य एक महिनामा सम्पन्न भएको देखाएको छ । सम्पन्न काम मध्ये कार्यालयबाट रु.३२ लाख ९२ हजार र उपभोक्ताबाट रु.६ लाख ५८ हजार खर्च भएको कार्य सम्पन्न प्रतिबेदन पेश भएको छ । जटील प्रकृतिका पूर्वाधार संरचना निर्माण गर्दा व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र गरी प्रतिस्पर्धा मार्फत् गराउनु पर्नेमा पत्रकार महासंघका पदाधिकारी सम्मिलित उपभोक्ता समिति मार्फत गरेको नियम सम्मत देखिएन ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,डिभिजन नं. १, पाँचथर

२५. **तेश्रो चौमासिकको खर्च -** कार्यालयलाई प्राप्त वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार पहिलो, दोश्रो तथा तेश्रो चौमासिकमा सञ्चालन गरीने कार्यक्रम तथा सोका लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण समेत भएको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार विभिन्न ३ बजेट उप शिर्षकमा रु.१ अर्ब १२ करोड ७८ लाख ९५ हजार बजेट विनियोजन भएको मध्ये प्रथम चौमासिकमा खर्च नभएको, दोश्रो चौमासिकमा १३.५६ प्रतिशत अर्थात रु. १५ करोड २९ लाख ७८ हजार खर्च गरेको र तेश्रो चौमासिकमा ६९.१५ प्रतिशतदेखि शतप्रतिशतसम्म अर्थात रु ९७ करोड ४९ लाख १७ हजार. खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक खर्च गरी योजना तथा कार्यक्रम सञ्चालन गर्दा अनुगमन सुपरभिजन कम भई गुणस्तरीय काम नभई सञ्चालित कार्यक्रमको प्रभावकारिता नदेखिने भएकोले स्वीकृत कार्यक्रम अनुसार योजना सञ्चालन गर्नुपर्दछ ।

२६. **ठेक्का व्यवस्थापन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० उपनियम (३) मा कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृतिबारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरीसक्नु पर्ने व्यवस्था छ । यस वर्ष कार्यान्वयन भएका १०९ विभिन्न निर्माण तथा आपूर्ति ठेक्कामध्ये प्रथम चौमासिकमा ठेक्कापट्टा नै नभएको, दोश्रो चौमासिकमा २२ र तेश्रो चौमासिकमा ८७ ठेक्का सम्झौता भएको छ । तेस्रो चौमासिकमा भएका सबै ठेक्का सम्झौता असार महिनामा भएको देखिन्छ । यसरी ठेक्का व्यवस्थापनमा ढिलाई गर्दा योजनाहरु समयमा सम्पन्न हुन नसक्नाले लक्षित समुह सुविधाको अवसरबाट बञ्चित हुनु परेको अवस्था छ । अत: समयमानै ठेक्का सम्झौता गरी योजना सम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२७. **सीमित प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन ई–बिडिङबाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेको छ । त्यसैगरी सोही ऐनको दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टी भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने प्रावधान रहेको छ । कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष विभिन्न १०९ ठेक्कामा लागत अनुमान रु.८४ करोड ८६ लाख ६६ हजार रहेकोमा रु. ८४ करोड ५६ लाख ४६ हजारको सम्झौता भएको देखियो । उक्त ठेक्काहरु मध्ये सबै ठेक्कामा लागत अनुमानको तुलनामा ०.००४ प्रतिशत देखि १.०८ प्रतिशत औषतमा ०.३६ प्रतिशतसम्म घटी प्रतिशतमा ठेक्का सम्झौता भएको देखियो । लुम्फाबुङ नवमीडाँडा लिफ्टिङ खानेपानी आयोजना, कुम्मायकको लागत अनुमान रु. २१ करोड ४३ लाख ९७ हजारको १ आयोजनामा मात्र ई-बिडिङ गरिएको सो ठेक्कामा पनि लागत अनुमानको तुलनामा १.०८ प्रतिशत मात्र घटीमा ठेक्का सम्झौता भएको र अन्यमा इ-बिडिङ गरिएको छैन । यस कार्यालयले विभिन्न किसिमका पाइप, फिटिङ्स, औजार तथा पाइप जडान लगायतको सम्पूर्ण ठेक्कामा प्रतिस्पर्धा सिमित गरी लागत अनुमानको हाराहारीमै कबोल गरी सीमित बोलपत्रदाताले मात्र बोलपत्र दाखिला गरेकोले खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी देखिएको छैन । बोलपत्रवाट खरिद कार्यगर्दा ई–बिडिङबाट पर्याप्त प्रतिस्पर्धा हुनेगरी ठेक्का व्यबस्था हुनुपर्दछ ।

२८. **उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा रु. १ करोडसम्म लागत भएको निर्माण कार्य सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उपनियम (१क) मा उल्लेखित एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंशसमेतको रकम समावेश हुने व्यवस्था छ । साथै उक्त नियमावली अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ । यस वर्ष क्रमागत तथा सम्पन्न गरी १२ आयोजनाहरुको कूल लागत रु. १ अर्ब ३७ करोड ९३ लाख ५७ हजारको काम कार्यालयले उपभोक्ता समितिहरुबाट क्रमागत योजनाको रुपमा संचालन गरेको पाइयो । उपभोक्तालाई

श्रममूलक कार्यको मात्र जिम्मेवारी दिनुपर्नेमा फेरोसिमेण्ट ट्यांकी, कलेक्शन च्याम्बर, पम्प हाउस, डिप बोरिङ्ग लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने संरचना निर्माण, मेशिन, उपकरण खरिद जस्ता कार्य समेत उपभोक्ता मार्फत गराएको देखियो । यस प्रकारको काम प्रतिस्पर्धात्मक तरिकाबाट सक्षम निर्माण व्यवसायी तथा आपूर्तक छनौट गरी गर्नु पर्नेमा उपभोक्तामार्फत कार्य गरेको नियम सम्मत देखिएन ।

२९. **खर्च सार्वजनिकीकरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपनियम ७ मा उपभोक्ता समिति वा लाभग्राही समुदाय आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत खानेपानी योजनाको इन्टेक, संकलन ट्याङ्की, ओभरहेड ट्याङ्की, भल्भ च्याम्वर, पम्प हाउस निर्माण आदि संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको रु.४५ करोड ८१ लाख ५७ हजार खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट, तथा खर्च सार्वजनिक गरेको पाइएन । नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३०. **फरक नर्म्स -** निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्विकृत नर्म्स अनुसार गर्नुपर्दछ । कार्यालयले विभिन्न खानेपानी तथा गुणस्तर सुधार आयोजनाको निर्माण कार्यका लागि सेण्टरिङ तथा सटरिङ र फर्मवर्कको लागत अनुमान तयार गर्दा प्रति वर्गमिटरका लागि ०.००६५८ घन मिटर काठ प्रयोग गर्नुपर्नेमा सो भन्दा बढीका दरले काठ प्रयोग हुने गरी लागत अनुमान तयार गरेको छ । कार्यालयले १५ खानेपानी योजनामा काठको स्विकृत नर्म्सभन्दा बढीको दरमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.१५ लाख ६९ हजार असुल गर्नुपर्दछ ।

३१. **कार्य इकाई योगदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.३(क१) मा साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदानका सम्बन्धमा स्पष्ट खुलाई उपभोक्ता समिति वा लाभग्राही समुदायसँग सम्झौता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ११ खानेपानी योजना निर्माणको काम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गर्दा सम्झौतामा उपरोक्त नियमानुसारको प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदानका सम्वन्धमा स्पष्ट खुलाएको देखिएन । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

३२. **निर्माण कार्यमा ढिलाई -** आयोजना सम्पन्न गर्न लाग्ने अवधि तथा लागतको आधारमा वार्षिक लक्ष्य निर्धारण गरी आवश्यक श्रोतको सुनिश्चितता पश्चात आयोजना सञ्चालन गरिनुपर्दछ । डिभिजन कार्यालय अन्तरगत सम्भाव्यता अध्ययन भई सञ्चालित १५ आयोजना मध्ये अधिकांश आयोजनाहरुको सम्पन्न गर्ने अवधि, कूल लागत तथा वार्षिक लक्ष्य निर्धारण एवं बजेट विनियोजन बीच सामञ्जस्यता रहेको देखिएन ।

आर्थिक वर्ष २०६४।६५ देखि सञ्चालनमा रहेको एक खानेपानी आयोजना १२ वर्ष व्यतित हुँदासमेत ३४.५० प्रतिशत मात्र सम्पन्न भएको, आर्थिक वर्ष २०६५।६६ देखि सञ्चालन रहेको १ आयोजनामा ११ वर्ष व्यतित हुँदा ६३.९१ प्रतिशत मात्र प्रगति देखिएको छ भने आर्थिक वर्ष २०७२।७३ देखि सञ्चालनमा रहेको अर्को आयोजना ४ वर्ष व्यतित हुँदा ४.४४ प्रतिशत मात्र प्रगति देखिएको छ । यस्तो स्थिति सिर्जना हुनुमा कूल लागत अनुमान तथा आयोजना सम्पन्न गर्ने अवधि अनुसार श्रोतको व्यवस्थापन नहुनु, न्यून वार्षिक लक्ष्य निर्धारण हुनु, एकै समयमा अधिक संख्यामा आयोजना स्वीकृत भई सञ्चालनमा आउनु लगायतका कारण रहेको देखिन्छ । तसर्थ प्राथमिकता प्राप्त आयोजनाको लागत अनुसारको वार्षिक बजेट विनियोजन गरी योजना सम्पन्न गर्ने अवधिलाई दृष्टिगत गर्दै श्रोत साधनको सुनिश्चितता गरी तोकिएको समयमा अपेक्षित प्रतिफल प्राप्त हुने गरी सञ्चालन गर्नुपर्दछ ।

३३. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४९ मा दुई करोड रुपैयाँसम्मको निर्माण कार्यको बोलपत्र आव्हानको सूचनामा लागत अनुमान रकम खुलाउनु पर्ने उल्लेख छ । कार्यालयले निर्माण कार्यबाहेकको एच.डि.पि. पाईप तथा फिटिङ खरिद सम्बन्धी लागत अनुमान रु. ४ करोड १० लाख ३० हजारको ७ ठेक्कामा लागत अनुमानको हाराहारी रु. ४ करोड ९ लाख ८७ हजारमा ठेक्का सम्झौता भएको देखियो । निर्माण कार्य बाहेकको सामान आपूर्ति ठेक्कामा पनि लागत अनुमान खुलाई बोलपत्रको सूचना प्रकाशन भएबाट लागत अनुमानको हाराहारीमा ठेक्का सम्झौता गरी खरिद कार्य गरेको नियमसम्मत देखिएन । नियमको पालना गरी खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउनु पर्दछ ।

३४. **मूल्यअभिबृद्धि कर -** मूल्यअभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) मा ठेक्का वा करार अन्तरगत वस्तु वा सेवा आपूर्ति वापतको रकम भुक्तानी गर्दा कर रकमको ५० प्रतिशत कार्यालयबाट कट्टा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न ८ ठेक्काको ५० प्रशितले हुने मूल्य

अभिवृद्धि कर रु. ३७ लाख ८४ हजार कट्टा नगरी भुक्तानी गरेकोले उक्त रकम समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

३५. **कर कट्टी -** आयकर ऐन, २०५८ को दफा ८९(३क) मा उपभोक्ता समितिमार्फत काम गराउने गरी गरेको पचास लाख रुपैयाँभन्दा बढीको भुक्तानीमा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिलाई पचास लाख रुपैयाँभन्दा बढी भुक्तानी गर्दा कर कट्टा गरेको नदेखिएकोले १९ योजनाका उपभोक्ता समितिसँग रु. २१ लाख ३९ हजार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

३६. **मौज्दात -** नेपाल सरकार (सचिवस्तर) को २०६२।११।८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रानुसार पाइप तथा फिटिङ्स/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले यस बर्ष पूँजीगत कार्यक्रम तर्फ खानेपानी योजनाको पाइप तथा फिटिङ्स खरिद गर्ने कार्यक्रम स्वीकृत गरी ६ योजनाका लागि रु. ६ करोड ४ लाख २९ हजारको पाइप र रु.२ करोड ९५ लाख ७० हजारको फिटिङ्स समेत रु. ८ करोड ९९ लाख ९९ हजारमा खरिद गरी मौज्दात राखेको देखियो । कार्यालयबाट प्राप्त विवरण अनुसार यस बर्षको अन्तमा विभिन्न साइजका पोलिथिन तथा जि.आई. पाइप रु. ४ करोड ८१ लाख ३० हजार र फिटिङ्स रु. १० करोड ८२ लाख १८ हजार सहित रु. १५ करोड ६३ लाख ४८ हजारको सामान मौज्दातमा रहेको पाइयो । आयोजनाको लागि प्रयोग हुने अबस्थामा आबश्यक हुने पाईप तथा फिटिङ्गस खरिद गर्नु पर्नेमा आयोजनाको शुरुवातमा नै पाईप तथा फिटिङ्गस खरिद गरी मौज्दात राखेको उचित देखिएन ।

३७. **दोहोरो कार्यक्रम -** कार्यालयले वार्षिक कार्यक्रम स्वीकृत गर्दा दोहोरो नहुने गरी गर्नुपर्दछ । प्रदेश सरकारको बजेटबाट कार्यक्रम स्वीकृत भई सञ्चालन भएका योजनामा संघीय सरकारको बजेटबाट रु. २८ करोड ५० लाख को बजेट खर्च गर्ने अख्तियारी डिभिजन कार्यालयलाई दिएकोमध्ये रु. २१ करोड ४५ लाख सोधभर्ना गरेको देखियो । एउटै योजनाको लागि दोहोरो कार्यक्रम स्वीकृत गरी अख्तियारी दिएको बजेट सिद्धान्त विपरित देखियो । यसमा नियन्त्रण हुनुपर्दछ ।

३८. **मुहान विवाद -** निर्माण गरीने खानेपानी आयोजनाको मुहान विवाद रहित भएको अवस्थामा मात्र विस्तृत आयोजना प्रतिवेदन तयार गरी आयोजनाको छनौट गर्नुपर्दछ । बृहद फिदिम खानेपानी आयोजना अन्तर्गतको थप पानी आपूर्तिको लागि नाम्दुखोला मुहान छनौट गरी डीपीआर तयार गरेको आधारमा रु. ८४ लाख ८० हजारको पाइप खरिद भै साइटमा लगेको मध्ये कञ्चनजङ्घा टी स्टेटको कम्पाउण्डभित्र केही एचडीईपी पाइप रहेको स्थलगत निरीक्षण गर्दा देखियो । उक्त मुहानबाट पानी ल्याउनेसम्बन्धमा विवाद भएकोले काम स्थगित भएको उपभोक्ता समितिबाट जानकारी गराएको छ । मुहान विवादित रहेको अवस्था हुँदाहुँदै योजना छनौट गरी पाइप खरिद गरी उपभोक्ता समितिलाई जिम्मासमेत दिइसकेकोले विवाद समाधान गरी योजना सम्पन्न गर्नु पर्दछ ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धनकुटा

३९. **लागत अनुमान -** हतुवागढी लिफ्ट खानेपानी तथा सरसफाई आयोजना पम्पिङ्ग भोजपुरमा उपभोक्ता समितिसँग विभिन्न निर्माण कार्य गर्न २०७५।१२।५ मा रु. ९९ लाख ९६ हजारको ठेक्का सम्झौता भएकोमा २०७६।२।२१ मा तेस्रो विल सम्म रु. ८६ लाख २० हजारको मात्र कार्य गरेको देखिन्छ । योजनाको कुल लागत १६ करोड ५१ लाख ३५ हजार रहेको उल्लेख भएतापनि स्वीकृत भएको पाइएन । यो वर्ष उपभोक्ताबाट कार्य गराउन रु. ९९ लाख ९६ हजारको लागत अनुमान तयार गरेकोमा श्रमदान रकम उल्लेख गरेको छैन । तोकिएको अवधिमा काम सम्पन्न पनि गरेको छैन । योजनाको मूल लागत अनुमान स्वीकृत वेगर उपभोक्ता समितिबाट कार्य गराई श्रमदान वेगर भएको कार्यको मात्र भुक्तानी दिइएको नियम संगत देखिएन ।

४०. **कर दाखिला -** आयकर ऐन, २०५८ को दफा ८९ को (३ क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी सम्झौता गरिएको रु. ५० लाख रुपैंया भन्दा बढीको भूक्तानीमा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । १८ उपभोक्ताले ५० लाख भन्दा बढीको कार्य गराई रु. ९ करोड ९५ लाख ९२ हजार भुक्तानी दिएकोमा रु. १४ लाख ९४ हजार कर कट्टी नगरकोले असुल गरी दाखिला हुनुपर्दछ ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुनसरी

४१. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम पाँच लाख रुपैयासम्म सोझै खरिद गर्न सकिने र सोझै खरिद गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नपाइने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष रु. १ करोड १ लाख ६६ हजारको निर्माण कार्य, मालसमान बोलपत्र वा सिलबन्दी दरभाउपत्र वेगर पटक पटक सोझै खरिद गरेकोले उक्त खरिद कार्य नियमसम्मत देखिएन ।

४२. **परामर्श सेवा -** कार्यालयले परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार परामर्शदाताको छनौट गर्नुपर्दछ । परामर्शसेवा खरिदका लागि तयार गरेको कार्यक्षेत्रगत शर्तमा परामर्शदातासंग ६ जना इन्जिनियर र अन्य कर्मचारी हुनुपर्ने उल्लेख छ । कार्यालयले वराहक्षेत्र वडा नं. १ बजार देखि गौरीखोलासम्म ढल निर्माणको ड्इङ डिजाइन र लागत अनुमानको लागि एक परामर्शदाता छनौटका लागि रु. १४ लाख २ हजारको लागत अनुमान तयार गरी रु १३ लाख ९८ हजारमा परामर्श सेवा खरिद सम्झौता गरेको छ । परामर्श दाताले कार्यालयमा पेश गरेको प्राविधिक प्रस्तावमा उल्लेख भएका १ स्ट्रक्चरल इन्जिनियरको व्यक्तिगत विवरण पेश भएको तर निज अन्य निकायमा कार्यरत रहेको देखिन्छ भने अन्य प्राविधिक रहेको देखिएन । यसरी प्रस्तावदातासंग न्यूनतम जनशक्ति समेत नरहेको अबस्थामा परामर्शको काम गराई खर्च लेखेको नियमसम्मत देखिएन ।

## खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, ओखलढुङ्गा

४३. **उपभोक्ताको नगद योगदान -** ओखलढुङा वजार सहलगानी खानेपानी तथा सरसफाई आयोजनाको लागि रु. ९ करोड ८७ लाख ९५ हजारको लागत अनुमान गरी बोलपत्रको माध्यमबाट एक निर्माण व्यबसायी संग रु. ७ करोड ७८ लाख २५ हजारमा २०७७।३।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७५।३।२५ मा सम्झौता भएको देखियो । सहलगानी अन्तर्गत १० प्रतिशत रकम रु.७७ लाख ८३ हजार नगद उपभोक्ताले व्यहोर्ने व्यबस्था भएकोमा उपभोक्ताबाट रु. ६१ लाख १२ हजार मात्र नगद जम्मा भएको देखियो । दाखिला भएको रकम मध्ये रु. २० लाख सिद्धिचरण नगरपालिकाबाट व्यहोरेको पाईयो । सहलगानी अनुपात बमोजिमको रकममध्ये रु. १६ लाख ७१ हजार उपभोक्ताबाट घटी रकम जम्मा भएकै अबस्थामा सम्झौता गरेकोले उपभोक्ताबाट जम्मा गर्न बाकी रकम डिभिजन कार्यालयमा दाखिला हुनुपर्दछ ।

४४. **पाइप मौज्दात -** कार्यालयले पेश गरेको पाइप खपत र मौज्दातको विवरण अनुसार विभिन्न साइजको रु. ५४ लाख ६९ हजार को पाइप वर्षन्तमा मौज्दात रहेको देखियो । सम्वन्धित योजनाको लागि खरिद भएका पाइप प्रयोग भएको प्रमाण पेश गर्नुपर्दछ ।

## खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, झापा

४५. **कर कट्टा -** आयकर ऐन २०५८ को दफा ८९ (३क) मा रु ५०लाख भन्दा माथिको सम्झौता भई उपभोक्ता समितिबाट कार्य गराएकोमा १.५ प्रतिसतको दरले अग्रिम कर कट्टा गरी भुक्तानी दिने व्यवस्था छ । तर कार्यालयले ३९ उपभोक्तालाई रु.१७ करोड ६४ लाख ३२ हजारको भुक्तानीमा रु.२६ लाख ४६ हजार कर कट्टा नगरेकोले सो रकम असुल गरी संघीय राजश्वमा दाखिला गर्नुपर्दछ ।

४६. **पाइप -** नेपाल सरकार (सचिव स्तर) को २०६२।११।८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रानुसार पाईप तथा फिटिङ्ग/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दात ख्याल गरी सो को उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी कितावमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्ने व्यहोरा उल्लेख छ । आयोजनाहरुका जिन्सी खाता तथा नापी किताव अनुसार मोरङमा रु.६० लाख र झापामा रु.४३ लाख बराबरका पाइप जडान नभई रु.१ करोड ३ लाखको पाइप उपभोक्ता समितिको जिम्मामा रहेकोले उक्त पाइप नापी कितावमा चढाएको र जडान भएको प्रमाण पेश गर्नुपर्दछ ।

## जलश्रोत तथा सिंचाइ विकास डिभिजन, पाँचथर

४७. **तेश्रो चौमासिक खर्च -** कार्यालयलाई प्राप्त वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार पहिलो, दोश्रो तथा तेश्रो चौमासिकमा सञ्चालन गरिने कार्यक्रम तथा सोका लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण समेत भएको छ । कार्यालयको ३ वजेट उपशिर्षकमा रु. १२ करोड ४ लाख ४३ हजार वजेट रहेकोमा तेश्रो चौमासिकमा कुल बजेटको ९६.७६ प्रतिशत देखि शतप्रतिशतसम्म अर्थात रु ११ करोड ७० लाख ५७ हजार खर्च गरेको देखियो । उक्त खर्च मध्ये ४८.५५ प्रतिशत देखि ५४.९४ प्रतिशतसम्म खर्च असार महिनामा मात्र गरेको छ । यसरी आर्थिक वर्षको अन्त्यतिर मात्र अधिक खर्च गरी योजना तथा कार्यक्रम सञ्चालन गर्दा सञ्चालित कार्यक्रमको प्रभावकारितामा असर पर्ने स्थिति रहन्छ। अत: निर्धारित कार्यक्रम अनुसार योजना सञ्चालन गरी बजेट खर्च गर्नुपर्दछ ।

४८. **ठेक्का व्यवस्थापन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०को उपनियम (३) मा कार्यक्रम सुचारुरुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृतिबारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नु पर्ने व्यवस्था छ । यस वर्ष कार्यान्वयन भएका ८ ठेक्कामध्ये पहिलो

र दोस्रो चौमासिकमा ११ र तेश्रो चौमासिकमा ६ ठेक्काको सम्झौता भएको देखिन्छ । तेस्रो चौमासिकमा भएको ठेक्कामध्ये ३ ठेक्काको सम्झौता असार महिनामा भएको छ । ठेक्का व्यवस्थापनमा ढिलाई गरी सम्झौता हुँदा असार महिनामा कामको चाप बढ्न गई अनुगमनमा कठिनाई हुने र निर्माण कार्यको गुणस्तरमा प्रभाव पर्ने साथै लक्षित समुह समयमै सेवा सुविधाको अवसरबाट बञ्चित रहने भएकोले समयमा नै ठेक्का सम्झौता गरी योजना सम्पन्न गर्नुपर्दछ ।

४९. **न्युन प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन ई–बिडिङबाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था छ । त्यसैगरी ऐनको दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष सिचाई योजनाको लागि १९ ठेक्का सम्झौता भएको छ । सो मध्ये रु. ७ करोड १३ लाख १५ हजारको लागत अनुमान भएको १ ठेक्का र रु. ६ करोड ९१ लाख ८४ हजारको लागत अनुमान भएको अर्को ठेक्कामा लागत अनुमानकै हाराहारीमा औषतमा २.९८ प्रतिशतमात्र घटीमा ठेक्का सम्झौता भएको देखियो । बोलपत्र आहवान भएका योजनाको बोलपत्र दाखिला भएपछि अन्तिम दिनमा १ मात्र प्रस्ताव बाँकी राखी अन्य बोलपत्र फिर्ता भएको, फिर्ता पश्चात कायम रहेको बोपत्रदाताले आफुले दाखिला गरेको बोलपत्रमा संशोधन गरेको र कबोल अंक लागत अनुमानकै हाराहारीमा रहेको जस्ता कारणबाट २ ठुला ठेक्कामा बोलपत्रदाताहरु बीच न्यून प्रतिस्पर्धा भएको अवस्था देखियो ।

यसै कार्यालयमा प्रतिस्पर्धामा स्वीकृत भएका अन्य ठेक्काहरुमा लागत अनुमानको ४४.६० प्रतिशतसम्म कम कबोलमा सम्झौता भइ कार्य सम्पन्न भएका छन । यसरी बोलपत्रदाताहरुबीच मिलोमतो भएको अवस्था देखिएकोमा पनि जिम्मेवार पदाधिकारीले थप कारवाही नगरी ठेक्का स्वीकृति गरेको अवस्था उचित देखिएन ।

५०. **उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उपनियम (१क) मा उल्लेखित एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जन सहभागिताको अंशसमेतको रकम समावेश हुने व्यवस्था छ । साथै उपभोक्ता समितिलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ । कार्यालयबाट संचालित क्रमागत तथा सम्पन्न गरी ४ आयोजनाहरुको कूल लागत अनुमान रु. २० करोड २२ लाख ९ हजार रहेकोमा त्यसमध्ये केही काम उपभोक्ता समितिबाट र केही काम ठेक्का मार्फत सञ्चालन गरेको पाइयो । नियमावली अनुसार लागत अनुमान रु. १ करोडभन्दा घटीका योजनामा मात्र उपभोक्ता समितिबाट गराउनु पर्दछ ।

५१. **धरौटी फिर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार निर्माण व्यवसायीलाई धरौटी रकम फिर्ता दिदाँ सम्वन्धित आन्तरिक राजस्व कार्यालयबाट जारी भएको आयकर चुक्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर समायोजनको प्रमाण र कार्य सम्पन्न प्रतिवेदन पेश भएपछिमात्र धरौटी रकम फिर्ता दिन सकिने व्यवस्था छ । कार्यालयले कर समायोजन गरेको प्रमाण समावेश नगरी ५ निर्माण व्यवसायीहरुलाई रु. २९ लाख २५ हजार धरौटी रकम फिर्ता दिएकोले उक्त कारोवार नियम सम्मत देखिएन । कार्य सम्पन्न भएको र मुल्य अभिवृद्धि कर समायोजन सुनिश्चितता हुनु पर्दछ ।

## जलस्रोत तथा सिचाइ विकास डिभिजन कार्यालय, सुनसरी

५२. **सामान मौज्दात -** कार्यालयले सामान खरिद गर्दा आवश्यकताको पहिचान गरी खरिद गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा सामानहरुको अभिलेख परीक्षण गर्दा रु. १२ लाख ९९ हजारमा खरिद भएका ७२ हजार ९०० थान खाली बोरा र रु.२९ लाख ५७ हजारमा खरिद भएका २ हजार ८६८ थान जियो ब्याग प्रयोगमा नआई मौज्दात राखेको देखियो । आवश्यक्ता भन्दा बढी मौज्दात रहने गरी सामान खरिद गर्नु मनासिव देखिएन ।

## कनकाइ सिंचाइ व्यस्थापन डिभिजन, झापा

५३. **सार्वजनिक जग्गा अपचलन -** कन्काई सिचाई आयोजनाको लागि २०२७।९।८ को तात्कालीन श्री ५ को सरकार वन मन्त्रालयवाट हालको शिवसताक्षी नगरपालिका अन्तरगतको कि.नं. १६५३१ म को ६ विगाहा २ कट्ठा २ धुर कि.नं.१८२ को जग्गा ४ विगाहा र कि.नं. १८३ को १ विगाह ५ कट्ठा जग्गा उपलब्ध गराएको अभिलेखवाट देखिएकोमा २०४०।४।०९ मा सरकारी जग्गालाई तत्कालीन सुकुम्बासी समस्या समाधान आयोगले झापाका श्री केशर सिहं खड्काको नाममा कि.नं .१८२ को ४ विघा र मधुमल्ला ३

मोरङ, वस्ने श्री पृथ्वी बहादुर राईलाई कि.नं.१८३ को १ विगाह ५ कट्ठा जग्गा उपलब्ध गराएको पाइयो । एउटा सरकारी निकायको लागि उपलब्ध गराएको जग्गा अर्को राजनीतिक आयोगले २ व्यक्तिको नाममा मात्र पूर्जा वितरण गरेको कानून सम्मत देखिएन । जग्गा प्राप्त गरेको दुवै व्यक्तिले विभिन्न मितिमा विभिन्न व्यक्तिलाई वेचविखन गरेको र प्रमाण लोप गराउने मनसाय राखेको देखिएकोले कार्यालयसंग भएको प्रमाणको आधारमा नेपाल सरकार र प्रदेश सरकारको सम्बद्ध निकायहरुले सरकारी सम्पत्तिको संरक्षण गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** प्रदेश कार्यालय तर्फ ३९ निकायमा रु. १ अर्ब ३ करोड १५ लाख ९८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछी रु. १ करोड २३ लाख ९६ हजार फछ्र्यौट भई रु. १ अर्ब १ करोड ९२ लाख २ हजार बाँकी रहेको छ । सो मध्ये रु. ७४ करोड ९१ लाख ७५ हजार पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ ।

# सामाजिक विकास मन्त्रालय

प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परिक्षा व्यबस्थापन, महिला हक सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्था सम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने उद्वेश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो बर्ष विनियोजन रु.३ अर्ब ४७ करोड ४५ लाख ४२ हजार, राजश्व रु १ करोड १० लाख ४२ हजार, धरौटी रु.२ करोड ०६लाख ५५ हजार अन्य कारोवार रु.१९ करोड ७९ लाख ९६ हजार समेत रु.३ अर्ब ७० करोड ४२ लाख ३५ हजार र अन्य संस्था र समिति १५ को रु.८२ करोड ९९ लाख ३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन :

१. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५को नियम ९४ अनुसार प्रत्येक मन्त्रालय, सचिवालय, निकाय तथा अन्तर्गत निकायबाट, सम्पादन गरीने कार्यहरु मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसार तयार गरिएको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु गराउनु लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ । मन्त्रालयले यो नियमावली जारी भएको मितिले एक वर्ष भित्र आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी सक्नु पर्ने व्यबस्था रहेकोमा अन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गरेको देखिएन ।

२. **नीति तथा कार्यक्रम -** वजेटमा शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद, गरीवी तथा रोजगारी, सामाजिक न्याय, सुरक्षा, सदभाव, संस्कृति र एकता जस्ता नीतिहरु रहेकोमा ती नीतिहरु कार्यान्वयनमा देखिएका चुनौति र तिनको निराकरणका लागि मन्त्रालयले चालेका कदमहरु सहितको प्रगति विवरण तयार गरेको देखिएन । मन्त्रालयले यस वर्ष प्रदेश भित्रका विपन्न तथा गरीव युवाहरुलाई स्वदेशमै रोजगारी सृजना गर्न आत्मनिर्भर युवा कोष खडा गरिने, विराटनगरमा अन्तराष्ट्रिय औद्योगिक प्रदर्शनी केन्द्र निर्माण गर्नका लागि निजी क्षेत्र संग साझेदारी गरिने, प्रदेश भित्र एक औद्योगिक पार्क निर्माण, मुख्यमन्त्रिको अध्यक्षतामा लगानी बोर्डको स्थापना, जनता चिकित्सा शिक्षा कोषको स्थापना, महेन्द्र मोरङ क्याम्पसमा ई-लाईब्रेरीको रुपमा बिकास गर्ने र बोटानिकल गार्डेनलाई सुधार गर्ने, संघीय सरकार र स्थानीय तहको सहकार्यमा प्रदेशको राजधानीमा कम्तिमा ५०० शैयाको सुविधा सम्पन्न अस्पतालको स्थापना गरीने र प्रत्येक जिल्लामा १०० शैयाको र गाउँपालिकाहरुमा १५ देखि २५ शैयाको अस्पताल संचालनको प्रकृया अगाडि बढाईने, युवाहरुको वैदेशिक रोजगारीमा जानु पर्ने बाध्यतालाई अन्त्य गर्न युवा स्वरोजगार कार्यक्रम संचालन, सिपमूलक तालिम परियोजना र नागरिकता धितो राखी ऋण उपलब्ध गराईने, प्रदेशमा कला, साहित्य र संस्कृतिको जगेर्ना गर्न एक प्रतिष्ठान स्थापना, प्रदेशभित्रका सवै जिल्लामा जातीय संग्रहालय स्थापना गर्ने कार्यकमहरु राखेकोमा ती कार्यकमहरु कार्यान्वयन गरेको देखिएन ।

३. **प्रगति स्थिति -** मन्त्रालयको लागि यस बर्ष चालु तर्फ रु.३ अर्ब २२ करोड १ लाख ९ हजार र पूँजीगत तर्फ रु. ९८ करोड ८९ लाख ६ हजार विनियोजन भएको मध्ये चालु खर्च तर्फ रु. २ अर्ब ६८ हरोड ३४ लाख ३८ हजार (८३.३३ प्रतिशत) र पूँजिगत तर्फ रु. ७९ करोड १३ लाख ८६ हजार (८०.०२ प्रतिशत) खर्च भई वित्तीय प्रगति ८२.५५ प्रतिशत रहेको छ ।

प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २६ अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची -३ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने र तालुक निकायले त्यसको भौतिक र वित्तीय पक्षको समिक्षा गरी प्रदेश स्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामूहिक समीक्षा गर्नु पर्ने व्यवस्था छ । मन्त्रालयले तोकिएबमोजिमको ढाँचामा प्रगति बिबरण तयार गर्नु पर्दछ ।

४. **छात्रबृत्ति -** बजेटमा उल्लेखित गरीवका छोरा छोरीलाई एमबीबीएस अध्ययन गर्न बिना धितो सुलभ रुपमा ऋण उपलब्ध गराउने उद्देश्य सहित जनता चिकित्सा शिक्षा कोष नामको एक कोष स्थापना गरीने र उक्त कोषबाट प्रदेश भित्र मानवीय सुचकांकमा पछाडी रहेका मध्ये एक स्थानीय तहमा एक जनाको दरबाट गरीव तथा पिछडिएका परिवारका सरकारी बिद्यालयमा अध्ययन गरेका छोरा छोरीलाई ऋण उपलब्ध गराईने व्यवस्था भएकोमा उल्लेखित नीति विपरित यस वर्ष मन्त्रालयले एम.वि.वि.एस. अध्ययनका लागि ८ जनालाई प्रतिव्यक्ती रु. १० लाखका दरले ८ जनालाई अनुदान दिएको छ । बजेट पुस्तिकामा ऋण उपलब्ध गराउने नीति रहेकोमा मन्त्रालयले अनुदान दिएकोले नीति र कार्यक्रम विच एकरुपता देखिएन ।

५. **गैर सरकारी संस्थाबाट कार्यक्रम** - सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा रु. १० लाख भन्दा कम रकमको कार्य सूचना प्रकाशन गरी मौजुदा सूचीमा रहेका गैह्र सरकारी संस्थावाट कम्तिमा ३ वटा आर्थिक प्रस्ताव माग गरी कामको आवश्यकता, किसिम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लागत मूल्यांकन विधि अनुसार पारदर्शि रुपमा छनौट गर्नु पर्ने व्यवस्था छ । मन्त्रालयले सो अनुसार सोझै लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी विभिन्न तालिम कार्यकम गर्न २१ विभिन्न परामर्श/गैर सरकारी संस्था छनौट गरी तालिम संचालन बापत रु. १ करोड २० लाख ८६ हजार भूक्तानी गरेको देखियो । खर्चको नर्म्स, तथा लागत अनुमान तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड तयार गरेको देखिएन । खर्चको नर्म्स तथा सहभागी छनौटको मापदण्ड तयार गर्नुपर्दछ ।

६. **अनुगमन** - मन्त्रालयले तालिम संचालन पश्चात एकल महिलाहरुको कम्तीमा २५ सदस्य हुनेगरी समूह गठन गरी उक्त समूहहरुलाई बाखापालन, जडीबुटी व्यवसायीक खेती, माहुरीपालन, कपडा बुनाई, बुटिक व्यवसाय, नर्सरी व्यवसाय जस्ता उद्यम गर्न प्रतिसमूह रु. १० लाखका दरले विभिन्न जिल्लाका स्थानीय तहका १२ महिला समुहलाई रु. १ करोड२० लाख भुक्तानी गरेको छ । यी महिला समूह मध्ये ७ समूह २०७६ आषाढमा दर्ता भएको देखिन्छ । यी उद्यमि महिला समूहले उद्यम गरेको र समूह गठन भएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले सिफारिस गरेको समेत देखिएन ।

७. **औषधि खरिद** - मन्त्रालयको यस वर्ष स्विकृत कार्यकम अनुसार स्वास्थ्य संस्था तथा अस्पतालहरुमा आवश्यक हुने औषधि तथा उपकरण खरिदको लागि रु.७ करोड, आकस्मिक औषधि तथा उपकरणको लागि रु. १ करोड र आपतकालीन स्वास्थ्यसेवाको लागि रु.५० लाख गरी रु. ८ करोड ५० लाखको बजेट स्वीकृत भएको छ । स्वीकृत कार्यकम अनुसार प्रथम चौमासिकमा रु. ५ करोड र दोस्रो चौमासिकमा रु.३ करोड ५० लाखको खरिद गर्ने कार्यकम रहेकोमा स्वीकृत कार्ययोजना अनुसार सामग्री खरिद नगरी आर्थिक बर्षको अन्त्यमा रु. ४ करोड ८ लाख ७५ हजारको औषधि तथा उपकरणहरु खरिद गरी प्रदेश स्वास्थ्य आपूर्ति व्यबस्थापन केन्द्रमा हस्तान्तरण गरेको देखियो । स्वीकृत कार्यकम र बजेट अनुरुप खरिद कार्यगर्नुपर्दछ ।

८. **विद्यालय अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा आधारभुत र माध्यमिक शिक्षा सम्बन्धि अधिकार स्थानीय तहमा रहेको छ । अन्तर्राष्ट्रिय साक्षरता दिवसको उपलक्ष्यमा उत्कृष्ट घोषणा भएका विद्यालयहरुलाई विद्यालयको शैक्षिक उन्नती सम्बन्धी प्रस्ताव पेश गर्न लगाई प्रेषित प्रस्ताव बमोजिम कार्य गर्ने गरी सम्बन्धित विद्यालयलाई अनुदान उपलब्ध गराउने भन्ने निर्णय अनुसार सम्बन्धित विद्यालयको प्रस्ताव बेगर सामुदायिक माध्यमिक विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रमका लागि १३ विद्यालयलाई रु. ७० लाख उपलब्ध गराएको देखियो । आधारभूत एवं माध्यमिक शिक्षा सम्बन्धि अधिकार स्थानीय तहलाई रहेको अवस्थामा प्रदेशले समेत रकम उपलब्ध गराउँदा तहगत समन्वय गरी दोहरो नपर्ने गरी उपलब्ध गरपर्दछ ।

९. **प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । आर्थिक वर्षको शुरुमा नै बजेटको सुनिश्चितता भएको अवस्थामा खरिद कार्यलाई प्याकेजिङ्ग गरी सार्वजनिक खरिद ऐन, नियमावली अनुसार सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक तवरबाट खरिद कार्य गर्नु पर्दछ । कार्यालयले यो वर्ष औषधि, फर्निचर, मर्मत लगायतका विभिन्न सामान सोझै खरिद विधिवाट खरिद गरी रु. ९३ लाख २ हजार खर्च लेखेको छ । प्रतिस्पर्धा बेगर गरिने यस्तो खरिद कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१०. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा २९ अनुसार कार्यालयको आफ्नै जनशक्तिबाट हुने कामका लागि परामर्शदाताको सेवा लिन नमिल्ने उल्लेख छ । कार्यालयले यस वर्ष विभिन्न योजनाको विस्तृत सर्भे गर्ने काम ५ परामर्शदाताबाट गराई रु. ५७ लाख ८५ हजार खर्च लेखेको छ । प्राप्त भएका रिपोर्टहरु अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गरेको छैन । यसरी तयार भएको कतिपय योजनाहरुको सर्भे रिपोर्ट अनुसारको काम शुरु हुने मिति, वजेट तथा कार्यकमको सुनिचितता नगरी डिटेल सर्भे रिपोर्ट तयार गर्नुको औचित्य देखिएन । उक्त प्रतिवेदन जिन्सी खातामा आम्दानी समेत गरेको छैन । योजना कार्यान्वयनको बखत आवश्यक पर्ने यस्ता दस्तावेजहरु जिन्सी खातामा आम्दानी जनाई सुरक्षित साथ राख्नुपर्दछ ।

११. **बैठक भत्ता** - प्रदेश सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्वन्धी निर्देशिका २०७५ अनुसार कानुन तथा कुनै निर्णय वा आदेशवाट गठित समिति वा कार्यदलको वैठकका लागि मात्र भत्ता प्रदान गरिने उल्लेख छ । कार्यालयले स्वीकृत लगत इष्टिमेटमा वैठक भत्ता नछुट्याएको र कुनै कानुन द्धारा गठित समिति तथा कार्यदल समेत नभएकोमा विभिन्न मितिमा वैठक भत्ता बापत रु. २७ लाख १९ हजार खर्च लेखेको छ । निर्देशिकामा भएको व्यवस्थाको पालना गरी मितव्ययी रुपमा खर्च गर्नुपर्दछ ।

१२. **अध्ययन प्रतिवेदन -** मन्त्रालयले कोशी अञ्चल अस्पताल अध्ययनका लागि १८ सदस्य रहेको अनुगमन कार्यदल गठन गरी बैठक भत्तामा रु. १ लाख ४४ हजार, अनुगमन भत्तामा रु. ३ लाख ७७ हजार र खाजा खर्च रु. ७८ हजार समेत रु. ५ लाख ९९ हजार खर्च भएको छ। उक्त कार्यदलले ३ महिना सम्म अध्ययन अनुसन्धान गरेर प्रतिवेदन जारी गरेतापनि हालको अवस्थामा कोशी अञ्चल अस्पताल प्रदेश अन्तर्गत नरहेकोले उक्त अध्ययन कार्यदलले अनुसन्धान गरी पेश गरेको प्रतिवेदन प्रयोग विहीन रहेको छ।

१३. **पेश्की -** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को परिच्छेद ९ को नियम ७५ मा मालसामान वा सेवा खरिद गर्न, कार्यक्रम सञ्चालन गर्न लिएको पेश्की मालसामान वा सेवा खरिद गरी वा कार्यक्रम सञ्चालन गरी कार्यालयमा फर्केको बढीमा ७ दिन भित्र फछ्र्यौट गर्न बिल भरपाई पेश गर्नुपर्ने व्यवस्था छ। नियम ७८ अनुसार तोकिएको म्याद भित्र पेश्की फछ्यौट नगरेमा बाँकी पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत असुल गर्ने र अनावश्यक पेश्की लिएको वा फछ्यौट गर्न अटेर गरेमा वा म्याद भित्र फाटँवारी नबुझाएमा तलब रोक्का गर्ने र सो गर्दा पनि अटेर गरेमा प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न सकिने उल्लेख छ। मन्त्रालयले यस वर्ष विभिन्न कार्यक्रम संचालन गर्न ४ कर्मचारीलाई दिएको पेश्की रु.७५ लाख १६ हजार फछ्र्यौट भएको देखिएन। यसरी पेश्की फछ्र्यौट नगर्ने उपर नियमानुसार आवश्यक कारवाही गर्नु पर्दछ।

१४. **बढी पेश्की -** प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम ७३ मा कुनै व्यक्तिले सरकारी काम काजको निमित्त पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नु पर्ने र आवस्यक पर्ने रकम भन्दा बढी नहुनेगरी पेश्की दिनुपर्ने व्यबस्था रहेको छ। कार्यालयले विभिन्न कार्यक्रम संचालन गर्न ५ कर्मचारीलाई रु. १ करोड ३० लाख ३३ हजार पेश्की दिएकोमा काम सम्पन्न भएपछि विल भर्पाइकासाथ रु. १६ लाख ३ हजार रकम नगदै फिर्ता गरेको देखियो। आवश्यक पर्ने रकम यकिन नगरी बढी पेश्की दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१५. **क्षेत्राधिकार -** जिल्लाका वासिन्दालाई स्वास्थ्य सम्वन्धि सचेतना, शिक्षा एवं उपचारको जानकारी र सहयोगको माध्यमवाट शुलभ स्वास्थ्यको पहुँच बढाउने मुख्य उद्देश्यले स्थापना भएको स्वास्थ्य कार्यालयलाई निर्माण कार्यसंग सम्वन्धित प्राविधिकको दरवन्दी नै नरहेको अवस्थामा पूर्व स्वीकृत कार्यक्रम विना आर्थिक वर्षको अन्तिम चौमासिकमा सामुदायिक भवन, कभर्ड हल,खेलकुद मैदान, सार्बजनिक शौचालय जस्ता निर्माण कार्य गर्न स्वास्थ्य कार्यालय मोरङलाई रु. ११ करोड १२ लाख १८ हजार, धनकुटालाई रु. १ करोड ११ लाख सुन्सरीलाई रु.५ करोड ९ लाख ३८ हजारको निर्माण सम्वन्धि अख्तियारी दिई कार्य गराएको देखियो। यसरी स्वीकृत कार्यक्रम बेगर असम्वन्धित क्षेत्रको जिम्मेवारी दिएको मनासिव देखिएन।

१६. **उपभोक्ता समिति -** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ र नियमावली को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्धेश्य नै रोजगारीको सृर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई हेभि मेसिन उपकरण आवश्यक नपर्ने किसिमका कार्य तोकिएको कार्यबिधि पुरागरी गराउन सकिने व्यबस्था रहेको छ। यो वर्ष स्वास्थ्य कार्यालय, विराटनगरले ७५ उपभोक्ता समितिवाट सामुदायिक भवन, खेल मैदान, स्वास्थ्य केन्द्र/उपकरण, कबर्ड हल निर्माण, जस्ता निर्माण कार्य गराई रु. ११ करोड १२ लाख १८ हजार खर्च गरेको छ। कार्यालयले जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र गरी प्रतिस्पर्धा मार्फत गराउनु पर्नेमा उपभोक्ता समितिहरु मार्फत गराएको नियमसम्मत देखिएन।

१७. **बैजनाथपुर क्रिकेट मैदान -** विराटनगर स्थित बैजनाथपुर क्रिकेट मैदान स्तरोन्नती कार्यको लागि रु.४४ लाख ३२ हजारको लागत अनुमान तयार गरी स्वास्थ्य कार्यालय विराटनगरले ४३ लाख र उपभोक्ताले रु. २ लाख ६१ हजार व्यहोर्ने गरी २०७६।३।१५ मा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७६।२।२० मा उपभोक्ता संग सम्झौता भएको छ। मौसमको कारण उल्लेख गरी २०७६।३।२५ सम्म म्याद थपको लागि निवेदन गरेकोमा कार्यालयको तर्फबाट सो अवधि सम्म म्याद थप भएको छ। कार्यालयवाट तयार भएको रनिङ विल अनुसार रु.४४लाख ३२ हजारको अद्यावधिक काम भएको भनि विल तयार भएको मध्ये रु.२८ लाख ६२ हजारको कामको मूल्याङकन गरी प्रथम तथा अन्तिम विल रु.२६ लाख ९४ हजार भूक्तानी गरेको छ। तोकिए बमोजिमको निर्माण कार्य सम्पन्न नहुदै अन्तिम विल वनाउने र भूक्तानी दिने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ।

१८. **ट्रमा सेन्टर -** ट्रमा सेन्टर संचालनका लागि रँगेली अस्पताल मोरङलाई रु. ७२ लाख४९ हजार र मंगलवारे अस्पताल मोरङलाई रु. २ करोड १ लाख ७७ हजार सहित रु. २ करोड ७४ लाख २६ हजारका औषधी,ल्याव

ईक्युपमेण्ट, ल्याव केमीकल्स,सर्जिकल सामान, फर्निचरहरु खरिद गरी स्वास्थ्य कार्यालय विराटनगरले विभिन्न मितिमा अस्पताललाई हस्तान्तरण गरेतापनि अस्पतालहरुमा ट्रमासेन्टर संचालनमा आएको छैन। अस्पतालमा जडान भएको उपकरण सर्जिकल सामानको उचित प्रयोगमा ल्याउनु पर्दछ

## स्वास्थ्य निर्देशनालय, धनकुटा

१९. **कालोसूची -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ (२) विपरितको काम गरेमा दफा ६३ अनुसार कालोसूचीमा राख्न सक्ने व्यवस्था छ। निर्देशनालयले क्षयरोग निदानको लागि आवश्यक मेशिन खरिदको लागि तयार पारेको स्पेशिफिकेशन कुनै एक कम्पनीलाई मिल्ने गरी बनाएको उल्लेख गरी आपुर्तकले सामाजिक विकास मन्त्रालयमा उजुरी गरेको देखिन्छ। उजुरी कर्ताको योग्यता नै नरहेको अवस्थामा निजले उजुरी गरी खरिद सम्झौतामा ढिलाई भएको देखियो। निर्देशनालयले निजलाई २०७६।३।६ मा ठेक्का स्वीकृत भएको जानकारी दिएकोमा २०७६।३।१२ मा मात्र सम्झौता गर्न आउने पत्र प्रेषित गरेको देखिन्छ। सामाजिक विकास मन्त्रालयले २०७६।३।२१ मा उजुरी कर्ताको योग्यता नरहेकोले वोलपत्र रद्ध गर्नु नपर्ने निर्णय कार्यालयमा पठाए पश्चात सामान आपूर्ति गर्ने ७ दिनको मात्र अवधि दिइ सम्झौता गरेको छ। वोलपत्रदाताले संझौता अनुसारको मेशिन तोकिएको अवधिमा उपलब्ध गराएको छैन। हाल आपूर्तक कार्यालयको सम्पर्कमा नरहेको र अयोग्य नभएको अवस्थामा समेत खरिद कार्यलाई प्रभाव पार्ने गरी उजुरी गर्ने क्रियाकलाप गरेको देखिएकोले वोलपत्रदाता र उजुरीकर्ताका सम्वन्धमा कार्यालयले यकिन गरी कालोसूचीमा राख्ने तर्फ कारवाही गर्नुपर्दछ।

## स्वास्थ्य कार्यालय, पाँचथर

२०. **निःशुल्क औषधिमा लोगो -** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५/७६ बमोजिम निः शुल्क वितरणको लागि कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा ***"नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि"*** भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ। त्यसै गरी सार्वजनिक लेखा समितिले महालेखा परीक्षकको गतविगतका बार्षिक प्रतिवेदनमा उल्लेखित निःशुल्क औषधि वितरण लोगो लगाउनु पर्ने सम्वन्धमा सुझावलाई कडाईसाथ लागू गर्ने निर्णय समेत गरेको देखिन्छ। कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरुमध्ये बढी खपत हुने १० प्रकारका औषधिहरुको परीक्षण गर्दा ४ मा नेपाल सरकारबाट निःशुल्क वितरणका लागि भन्ने लोगो लगाएको,१ मा स्वास्थ्य मन्त्रालयबाट वितरणको लागि भन्ने उल्लेख भएको र ५ मा लोगो लगाएको देखिएन। निर्देशिकाले तोकेबमोजिमको लोगो सबैमा नलगाउँदा निःशुल्क वितरण गरिने औषधि दुरुपयोग हुने भएकाले निर्देशिकाले तोकेको नीति लागु हुनुपर्दछ।

२१. **औषधिको म्याद -** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका २०७४।७५ बमोजिम औषधि खरिद गर्दा १८ महिना अवधि भएको वा सेल्फ लाइफको दुई तिहाई अवधि बाँकी भएको औषधि मात्र खरिद गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका विभिन्न प्रकारका औषधि तथा सर्जिकल सामानहरुमध्ये १० प्रकारका औषधिहरुको परीक्षण गर्दा गत विगतको खरिद मध्ये बाँकी भएको औषधि जिम्मेवारी सारेको र यस वर्ष खरिद एवं हस्तान्तरण भई आएका औषधिहरुसमेत नछुटाई एकै ठाउमा भण्डारण गरेकोले खरिद गर्दाको अवस्थामा १८ महिना वा सेल्फ लाइफको दुईतिहाइ म्याद बाँकी रहे नरहेको सम्वन्धमा यकिन हुन सक्ने अवस्था रहेन। त्यसैगरी अन्य केही औषधिको म्याद सकिएको र केहीको अवधि समाप्त हुन नजिक रहेको देखिन्छ। तसर्थ कार्यालयले गत विगत वर्षमा खरिद भएका औषधि, केन्द्रबाट हस्तान्तरण भई आएका औषधि र यस बर्ष खरिद औषधिहरु अलग अलग छुट्टिने गरी भण्डारण गर्नुपर्ने र औषधीको म्याद सकिनु अगावै उपयोग गरीसक्ने गरी वितरण व्यवस्थाको मिलाउनुपर्ने देखिन्छ।

- **बेरुजू स्थिति –** प्रदेश कार्यालय तर्फ २९ निकायमा रु. ४२ करोड ३२ लाख १६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछी रु. १ करोड ९९ लाख ३२ हजार फछ्र्यौट भई रु. ४० करोड ३२ लाख ८४ हजार बाँकी रहेको छ। सो मध्ये रु. ५ करोड ९४ लाख ७० हजार पेश्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।
- अन्य संस्था र समिति ७ तर्फ रु.४९ लाख ४७ हजार बेरुजु बाँकी रहेको छ। सो मध्ये रु २ लाख ३७ हजार पेश्की बाँकी रहेको छ। यस सम्वन्धि विवरण **अनुसूची-१०** मा समावेस छ।

# प्रदेश योजना आयोग

प्रदेशको तिव्र आर्थिक प्रगति तथा सन्तुलित र दिगो विकासका लागि दूरगामी सोच सहितको विकास योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने विशिष्टीकृत निकायको रुपमा प्रदेश योजना आयोगको गठन भएको हो ।

यो बर्ष विनियोजन रु.३ करोड ७० लाख ७६ हजार, राजश्व रु. १० हजार समेत रु.३ करोड ७० लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन :

१. **आयोगको गठन -** प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५, को दफा ३ मा प्रदेश योजना आयोगको गठन बारे व्यवस्था छ। सो अनुसार प्रदेश सरकारबाट नियुक्त १ जना उपाध्यक्ष र कम्तीमा १ जना महिला सहित ४ जना सदस्य नियुक्त हुनुपर्नेमा हाल आयोगमा १ जना उपाध्यक्ष र २ जना सदस्य मात्र नियुक्त भएको पाइयो । २ सदस्यको पद रिक्त रहेको छ ।

२. **प्रदेश नीति तथा योजनाको स्वीकृति -** प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५, को दफा ९ मा परिषद्को बैठकमा आयोगले तयार गरेको नीति तथा योजनामा छलफल भएपछि परिषद्को निर्देशन अनुसार प्रदेश सरकारको स्वीकृतिको लागि पेश गर्नुपर्ने व्यवस्था रहेको छ। आयोगले प्रथम आवधिक योजनाको आधारपत्र २०७६।७७- २०८०।८१,मध्यकालीन खर्च संरचना,आर्थिक बर्ष २०७६।७७-२०७८।७९ र प्रदेश आवधिक योजना,२०७६।७७-२०८०।८१ चालु बर्षमा स्विकृत गरी सार्बजनिक गरेको छ ।

३. **वार्षिक प्रतिवेदन -** प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५, को दफा २३ मा आयोगले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने र उक्त प्रतिवेदन प्रदेश सभामा छलफल गर्नु पर्ने उल्लेख भएकोमा सो अनुसार प्रतिवेदन तयार गरेको छैन ।

४. **अनुगमन तथा मूल्याङ्कन -** प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५, को दफा ६ (ख) मा प्रदेश विकास सम्बन्धि नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरुमा लागू गरी संस्थागत गराउने, मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीति र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति निर्माण तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गराउने, विभिन्न संघ संस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यस सम्बन्धि अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने गराउने व्यवस्था रहेको छ । कार्यालयले यस ऐन बमोजिम अनुगमन मुल्याङ्कनलाई प्रभावकारी बनाएको पाइएन ।

५. **आवास सुविधा -** प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५, को दफा १५ को अनुसूची २ मा आयोगका उपाध्यक्ष र सदस्य हरुको सुविधा सम्बन्धि व्यवस्था छ । ऐन बमोजिम आवास सुविधा कार्यालयले उपलब्ध गराउने र सो उपलब्ध नभए मासिक रु. २० हजार उपलब्ध गराउन सक्ने व्यवस्था छ । पदाधिकारीहरुले आफ्नो घरमा बस्ने घोषणा गरेको अवस्थामा घर मर्मत खर्च बापत वार्षिक एकमुष्ठ रु. ६० हजार उपलब्ध गराउनु पर्ने उल्लेख भएकोमा पदाधिकारीहरुले आफ्नो घरमा बसेको घोषणा गरेको देखिएन । योजना आयोगका माननीय उपाध्यक्षलाई फागुन महिना देखि मासिक रु. १० हजार आवास सुविधा कार्यालयले भुक्तानी गरेको र अन्य सदस्यलाई प्रतिमहिना रु.२० हजार भूक्तानी गरेको पाइयो । आयोगका उपाध्यक्ष र सदस्यहरुले विराटनगरमा आफनो घर भए नभएको स्वघोषणा गरेको देखिएन ।

- **बेरुजू स्थिति -** कार्यालयको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन । यस सम्वन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.१ करोड ९१ लाख ५१हजार, राजश्व रु..२ लाख १२ हजार र धरौटी रु.२४ लाख ९७ हजार समेत रु १ करोड ९१ लाख ५१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

- **बेरुजू स्थिति :** कार्यालयको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन । यस सम्वन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

# परिच्छेद-४

# प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिन भित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था अनुसार बेरुजूको कारवाहीको विवरण प्राप्त भएको छ ।

१. **फछ्र्यौट -** यो वर्ष प्रदेशको सरकारी कारोबार तर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको १८४ ईकाईको लेखापरीक्षण भएकोमा १२१ इकाईको बेरुजु रहेकोमा १७ इकाईको प्रमाण तथा प्रतिक्रिया पेश भई सैद्धान्तिक दफा ४ र लगती दफा ४७ बाट रु.३ करोड ५१ लाख २८ हजार फछ्र्यौट भएको र बाँकी १०४ इकाईको प्रतिक्रिया प्राप्त भए तापनि फछुर्यौट हुन नसकि शुरु बेरुजू नै कायम भएको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १६ इकाई मध्ये ७ ईकाईको वेरुजु रहेकामा १ ईकाईको प्रतिक्रियाबाट १ लगती दफाबाट रु.५ लाख ६७ हजार बेरुजू फछ्र्यौट भएको छ । कानून बमोजिम बेरुजू फछ्र्यौट गर्ने तर्फ पहल गर्नु पर्दछ ।

    गत वर्ष प्रदेशको सरकारी कारोबार तर्फको रु. २ करोड २३ लाख ४२ हजार बेरुजू रहेकोमा १ लाख ४९ हजार फछ्र्यौटको लागि अनुरोध गरेकोमा सम्परीक्षण भई २ करोड २१ लाख ९३ हजार बेरुजू बाँकी रहेको छ ।

२. **बेरुजू न्यूनीकरण -** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरु स्थापनाको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिद लगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

# परिच्छेद-५
# सुधारका क्षेत्रहरु

१. **बजेट कार्यान्वयन -** बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ । चालुखर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागु गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ । प्रदेश सञ्चित कोषबाट प्रदान गरीने सबै प्रकारका अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी रकमको सदुपयोग सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२. **आयोजना व्यवस्थापन -** संभाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कन लगायत विभिन्न चरणमा ध्यान दिदैं आयोजना सञ्चालन गर्नुपर्दछ । प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनाको छनौट गरी पुँजीगत खर्चलाई उपलब्धिमूलक क्षेत्रमा खर्च हुने व्यवस्था मिलाउनुपर्दछ ।

३. **सार्वजनिक खरिद -** सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाई प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गराउनु पर्नेमा उक्त व्यवस्था पालना गरेको देखिँदैन । खरिद योजनाको कडाइका साथ पालना गर्नुपर्दछ । परामर्शसेवा खरिद कार्यको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्ने देखिन्छ ।

४. **राजस्व संकलन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्र भित्र पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्कलगायतका क्षेत्र परिचालन गरी राजस्व संकलन गर्नुपर्दछ ।

५. **सगंठनात्मक व्यवस्था र सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । यसैगरी सबै तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई सयन्त्रको व्यवस्था र आवधिकरुपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

६. **लेखाङ्कन तथा प्रतिवेदन प्रणाली -** सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेपसास) प्रदेश तहमा समेत कार्यान्वयनमा ल्याउनु पर्दछ । प्रदेश तहको सञ्चितकोष हिसाब तयार गर्ने ढाँचा लगायत प्रदेश तहमा प्रयोग हुने लेखाको ढाँचा महालेखापरीक्षकबाट स्वीकृत गराई लागु गर्नु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण प्रणाली -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्यलाई मितव्ययी, कार्यदक्ष र प्रभाबकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

८. **प्रदेश कानुन -** संविधानको धारा ५७(६) मा प्रदेश सभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनु पर्ने र संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने उल्लेख भएकोले प्रदेशबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नु पर्दछ ।

९. **प्रदेश तहको वित्तीय व्यवस्थापन** - प्रदेश तहको वित्तीय व्यवस्थापनमा सुधार गर्न खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आवद्ध गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने, प्रदेश गौरवका आयोजना र प्राथमिकता प्राप्त आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । नेपालको संविधान बमोजिम प्रदेशस्तरबाट निर्माण हुने कानून संघीय कानूनसँग सामन्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार  गरी लागु गर्ने र सेवाग्राहीको समय र लागत घटाउन उपयुक्त सेवा प्रवाह प्रणालीको अवलम्बन

